# मूल्याङ्कन


विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९५




किन ढल्यो अर्जेन्टिनाको अर्थतन्त्र ?

## अछाममा माओवादीको भीषण आक्रमण



# अहिलेको संकटको निकास के ?

भारतमा भा.रु. १५/-




## अल्बर्ट आइन्स्टाइन

महानतम वैज्ञानिक

( चिन्तन र कर्म )

*सम्पादक* : राजेन्द्र महर्जन

*लेखकहरू* : तुल्सीदास महर्जन प्रज्ञानरत्न र राजेन्द्र महर्जन

चाँडै बजारमा आउँदैछ

# के नेपालमा वैज्ञानिकहरू जन्मनै सक्दैनन् ?

स्कूलमा मन्दबुद्धिका विद्यार्थी ठहऱ्याइएका महानतम् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन, कक्षामा सधैं मौन रहने बालकबाट महान वैज्ञानिक बनेका न्यूटन र लेख-पढमात्र गर्न जान्ने भएर पनि वैज्ञानिक बनेकी क्यारोलिन हर्स्चेलका जीवनका कथाहरुले भन्छन्- जुनसुकै देशका मानिसहरु पनि वैज्ञानिक हुन सक्छन् ।




## आइज्याक न्यूटन र अन्य वैज्ञानिकहरु

चन्द्रशेखर बेंकटरामन, जोहान ग्रेगर मेण्डल, क्यारोलिन हर्स्चेल, जोसेफ लिस्टर, र दिमित्री इवानोभिच मेण्डलिफका जीवनगाथाहरु

*लेखक : तुल्सीदास महर्जन*

बजारमा उपलब्ध छ

## संझनाको ऐनाका तस्वीरहरू

प्रख्यात साहित्यकार खगेन्द्र संग्रौलाको आत्मकथा



## विश्वविख्यातहरूको सफलताको कथा



वैज्ञानिक, दार्शनिक, राजनीतिज्ञ, शिक्षाशास्त्री तथा लेखकहरूको जीवनको झाँकी

**बजारमा उपलब्ध छ ।**

- लेखक : राजेन्द्र महर्जन -

## एउटा कथा भन्नु न हजूरआमा ।

प्रख्यात साहित्यकार रमेश विकल



## नाशवान पूँजीवादका विशिष्टताहरू

लेखक : विख्यात समाजशास्त्री डा. चैतन्य मिश्र



२०५९ सालको नयाँ आकर्षक **क्यालेण्डर** प्रतीक्षा गर्नुहोला ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष–२०, पूर्णाङ्क– ९५
फागुन, २०५८



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल

**सह–सम्पादक**
राजेन्द्र महर्जन

**सहायक–सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ

**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**प्रमुख व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क – ३/८०, टेकू, काठमाडौं–१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल* : yuwa@ntc.net.np


**मूल्य : रु. २०/-**


## अहिलेको संकटको निकास के

- नरहरि आचार्य
- झलनाथ खनाल
- लिलामणि पोखरेल
- सुशील प्याकुरेल
- कल्याणदेव भट्टराई
- *प्रा. कृष्ण खनाल*
- नरेन्द्र बज्राचार्य



## अछाममा माओवादीको भीषणतम आक्रमण



## *किन ढल्यो अर्जेन्टिनाको अर्थतन्त्र ?*

**"तीन 'स'ले मात्र अहिलेको हिंसाको अन्त्यहीन सिलसिला रोक्न संभव छ"**


**हाम्रो मूल्यांकन**
अछामको भीषण आक्रमणपछि... ४

**घटना र प्रवृत्ति**
अछाममा माओवादीको
भीषण आक्रमण ५

**आवरण कथा**
अहिलेको संकटको निकास के ?
– *श्याम श्रेष्ठ* ६
समस्याको निकास संविधानसभाको
चुनाव हो
– *लिलामणि पोखरेल* ७
निकासको पहिलो पहल
माओवादीबाट हुनुपर्छ
– *नरहरि आचार्य* ८
समस्याको समाधान
संकटकाल हुन सक्दैन
– *झलनाथ खनाल* ९
वर्तमान समस्याको निकास
जनमत संग्रह हो
– *कल्याणदेव भट्टराई* १०
संकटको निकासबारे
ने.म.कि.पा.को विचार १०
जनता सार्वभौम छन् भने जनतामा
जान कुनै रोकावट हुनु हुँदैन
– *प्रा. कृष्ण खनाल* ११
पर्यटकहरुको आवागमनमा
करिब ७०–८० प्रतिशातले
कमी आएको छ
– *नरेन्द्र बज्राचार्य* १३
संकटकालको ७० दिन
मानवअधिकारको दृष्टिमा
– *सुशील प्याकुरेल* १५

**नीति / संस्कृति**
भ्रष्टाचारविरुद्ध खै त सरकारी
सक्रियता ?
– चन्द्रदेव नेपाली १७

**अर्थतन्त्र**
आयको स्वयम् घोषणा :
कालो धानलाई सेतो पार्ने चाल ?!
– *विनोद ढुंगेल* १९
कसरी विकसित भयो
विश्व व्यापार संगठन ?
– *अनिल भट्टराई* २४
यो विश्वका कुलिनहरुको
विश्वव्यापीकरण हो
– *प्रो. अरुण कुमार* २५

**पर्दा / रंगमञ्च**
चिनियाँ चलचित्रहरुको आकर्षण
– *हरिगोविन्द लुइँटेल* २२

**वि.क.आ.**
किन इजरायली कम्युनिष्ट पार्टी
युद्धको विरोधमा उत्रेको हो ? २३

**साहित्य / कविता**
वसन्त
– *भूपी शेरचन* २६

**किताब**
दलित जातीय उत्पीडनविरुद्धको
चेतको नापो २७

**व्यंग्य**
एउटा उखान छ
– *विमल निभा* २८

**दर्शन**
नियति र संयोग
– *प्रज्ञानरत्न* २९

**आत्मकथा**
यसरी भयो छयालीस सालको
जनआन्दोलनयसरी भयो
छयालीस सालको
जनआन्दोलन
– *निर्मल लामा* ३१

**आँखिझ्याल**
किन ढल्यो
अर्जेन्टिनाको अर्थतन्त्र ?
– *स्नेह सायमि* ३४

**चिनारी :**
कोलिन पावेलको विगत खोतलेर हेर्दा
– *राजेन्द्र महर्जन* ३८
अमेरिकाको अन्त्यहीन
युद्धको रहस्य ४०

**घटना र प्रवृत्ति**
सहयोग त ठूलै आउने भयो,
चुहिएर सकिने त होइन ?
– *राजकुमार के. सी.* ४२
भाजपाको युद्धउन्माद
र धर्मउन्माद ४४
एमाले–मालेबीच एकता भयो ४५

**पाठकको कुरो** ४६



आवरणमा : सिंहदरवार सचिवालय । सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४३१६५२ । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरूः लक्ष्मण भुजेल, जि.डि. सारू, यति ग्राफिक्स, *फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४३७४४८

# अछामको भीषण आक्रमणपछि...

अछाममा माओवादीको भीषण आक्रमणपछि परिणामको विचार नगरेर संकटकाल थप्न चाहने तत्वहरूलाई माओवादी स्वयंले मसला जुटाईदिएजस्तो भएको छ। विशेषतः सरकारलाई र प्रतिपक्षलाई यो निहुँ पार्न सजिलो भएको छ कि – संकटकाल हामीले चाहेर होइन, माओवादीको कारणले थप्न जरूरी भएको हो। परन्तु के हेक्का राख्न जरूरी छ भने संकटकालले अहिलेको राष्ट्रिय संकटलाई जटिल र असाध्यमात्र पार्नेछ, समाधान गर्न सघाउने छैन। विगत तीन महिनाकै समीक्षा गरेर हेरे हुन्छ– संकटकाल लागु गर्नाले देशको राष्ट्रिय संकट सुल्झने दिशातिर अघि बढ्यो कि झन् जटिल र असाध्यमात्र बन्यो ?

सेना परिचालन र संकटकाल अलग–अलग कुरा हुन्। सेना परिचालनकै निम्ति नागरिकहरूको मौलिक अधिकार खोस्नु र सत्य–तथ्य बोल्ने मुखहरू थुन्नु जरूरी हुँदैन। जस्तो कि यतिबेला कश्मीरस्थित भारत–पाक सीमामा पनि त युद्धकै ध्येयले ३० वर्षयताको सबैभन्दा ठूलो सेना परिचालन भएको छ। तर भारत र पाकिस्तान दुबै ठाउँमा संकटकाल त घोषित भएको छैन। रूसको चेचन्यामा एकाध वर्षअघि हजारौं सेना परिचालन हुँदा समेत र गृहयुद्ध हुँदा समेत संकटकाल लागु भएन। परन्तु, नेपालमा संकटकाल सेना परिचालनको निम्ति एउटा अपरिहार्य शर्त बनेर आएको छ। यो अत्यन्त बेठीक कुरा भएको छ। सत्य–तथ्य लुकाउँदा मात्रै, घटनाको साँचो–साँचो विवरण सार्वजनिक नहुँदा मात्रै सेना बल्ल कारवाहीमा जानसक्छ भने, त्यो कारवाही आफैं कत्तिको जायज र न्यायपूर्ण हुनसक्ला ? बेठीक र अन्यायपूर्ण कार्यवाहीको लागि मात्रै सत्य–तथ्य लुकाउनु जरूरी हुन्छ, ठीक कारवाही हो भने त्यसले पारदर्शिता र सत्यदेखि डराउनुपर्ने जरूरत किन ?

गृहयुद्ध र संकटकालले गर्दा नेपालको उत्तिकै विरामी अर्थतन्त्र अहिले सिकिस्त र मूर्च्छित अवस्थामा पुगेको छ। पर्यटन र पर्यटनमा आधारित सारा उद्योग–व्यवसाय धराशायी भइसकेका छन्। निर्यातजन्य उद्योगहरू– गलैंचा, गार्मेण्ट र पश्मीना उद्योग थिलथिलो हुन पुगेका छन्। सबै क्षेत्रमा व्यापार स्वाहा भएको छ। पत्र–पत्रिकाहरूको खरिदमा २५ देखि ५० प्रतिशतसम्मको ह्रास आएको छ। यो स्थिति अरू केही महिना रहने हो भने, धेरै उद्योग व्यवसायहरू ढल्ने छन् अनि गरीबी र बेरोजगारी सम्हालीनसक्नु हुने गरी बढ्नेछ। विदेशी मुद्राको स्रोत जति सबै सुकेपछि तिनको माग स्वात्तै बढ्नाले नेपाली मुद्राको ठूलो मात्रामा अवमूल्यन गर्नुपर्ने स्थिति आउनेछ, जसले विदेशी ऋणको थैली उत्तिकै बढाउनेछ। विदेशी मुद्रा तिरेर ल्याइने सारा वस्तुहरू ज्यादै महँगा हुनेछन्। यी सबैको कुल योगबाट नेपालको अर्थतन्त्र महामन्दीको भुमरीमा फँस्न संभव छ।

त्यसदेखि बाहेक पनि संकटकाल भनेको– प्रेस र वाक् स्वतन्त्रताको निलम्बन हो। प्रेस र वाक् स्वतन्त्रताको निलम्बनले राज्यलाई निरंकुश र अपारदर्शी बनाउँछ। अपारदर्शिता र निरंकुशताले भ्रष्टाचार चौपट्टै मौलाउँछ। संकटकाल भनेको भ्रष्टाचारीहरूको लागि स्वर्णिमकाल हो। भ्रष्टाचारले पहिले नै ग्रस्त भएको र विश्वव्यापी रूपमा बदनाम भएको नेपालमा संकटकाल थप्नु भनेको भ्रष्टाचारीहरूलाई राज्यको भकारी खुला गरिदिनुजस्तै हो।

त्यसमाथि थप, संकटकालले गर्दा नागरिक प्रशासन नै छ कि छैन भन्ने स्थिति समेत नेपालमा सृजना भएको छ। संकटकालको व्यापक दुरूपयोग भइरहेछ भन्ने कुरा त सत्तारूढ पार्टी– नेपाली कांग्रेसको आन्तरिक प्रतिवेदन समेतले स्वीकारेको छ। यो दुरूपयोगको शिकार भएका छन्– निहत्था सर्वसाधारण जनताहरू, पार्टीहरूकै प्रतिवेदनअनुसार दाइँ गर्न लागेका मोही किसानहरू, विरामी श्रीमती डोकोमा बोकेर अस्पताल हिँडेका वडाध्यक्षहरू, फलफूल बेचेर फर्केका ग्रामीणहरू, देवी पूजा गर्न लागेका नागरिकहरू, घाँस काट्न गएको लाटो मान्छे : सबका सब संकटकालको दुरुपयोगको शिकार भएका छन्।

## एमालेले संकटकाललाई पुनः तीन महिना लम्ब्याउने कार्य कदापि नगरोस्

संकटकाल प्रजातन्त्र खानेकाल हुनसक्ने खतरा पनि उत्तिकै छ। तीसौं वर्ष लडेर पाएका हाम्रा सारा मौलिक, नागरिक हकहरू संकटकालले गर्दा निलम्बित भएका छन्। प्रतिगामी तत्वका लागि यो स्थिति धमिलो पानीमा माछा मार्ने अवसरजस्तै हो।

यो परिस्थितिमा संकटकाल पुनः थप्नु उत्तिकै रोगले मूर्च्छित मान्छेलाई फेरि मुक्का थप्नुसरह हुनेछ। तसर्थ, सम्पूर्ण प्रतिपक्षी पार्टीहरूले संकटकाललाई अविलम्ब अन्त्य गर्नु जरूरी छ र कुनै पनि हालतमा यसको अवधि थप्नु हुँदैन।

संकटकालको साँचो यतिबेला एमालेको हातमा छ। एमाले भने सरकारलाई 'संकटकालको औचित्य पुष्टि गर, हाम्रा संविधान संशोधनका प्रस्तावहरूबारे ठोस जवाफ देऊ, त्यसपछि यसबारे निर्णय गरौंला' भनिरहेको छ।

कुनै कुरा व्यक्तिको स्वास्थ्यको लागि अत्यन्त हानिकारक हो भन्ने स्पष्ट भइसकेपछि फेरि त्यो कुरा खानुको औचित्य पुष्टि गर भनिराख्नुको के जरूरत रहन्छ ? ठीक त्यस्तै, संकटकाल राष्ट्रको स्वास्थ्यको लागि हानिकारक भन्ने कुरा ठीक हो भने त्यसलाई फेरि थप्न अस्वीकार पो गरिदिने हो, औचित्य साबित गर भन्ने निहुँमा त्यो बाँकी राख्नुको तुक के रहन्छ ? त्यस्तै, यो देशमा संविधान संशोधनको कुरा त अहिले कांग्रेसमात्र होइन, राप्रपासमेतले स्वीकार्न तैयार भएको छ। यो स्थितिमा एउटा वामपन्थी पार्टीले कांग्रेसको सरकारसित सामान्य रूपमा संविधान संशोधनको लागि प्रजातन्त्र र सिंगो देशको अर्थतन्त्रलाई नै धराशायी पार्ने अति हानिकारक कुराको लेनदेन गर्नु अत्यन्त घातक हुन्छ।

एमाले त भरे सरकार चलाउनुपर्ने पार्टी हो। देशमा महामन्दी छायो र संकटकाल र गृहयुद्धकै कारण अर्थतन्त्र धराशायी भयो भने, भरे उसको हातमा सरकार नै आयो भने पनि रित्तो ढुकुटी सिवाय उसको हातमा केही पर्ने छैन। त्यो स्थितिमा सरकार नै हातमा आएर पनि उसले के उन्नति गर्न सक्छ ? के यो कुरा एमालेले सोच्नु पर्दैन ? अनि एमालेकै समर्थनका कारणले संकटकाल लम्बियो र संकटकाल लम्बिनुकै कारणले सारा जनताले दुःख पाए, उद्योग व्यवसाय चौपट भयो र अर्थतन्त्र ढल्यो र जनताको प्रजातान्त्रिक हक निलम्बितको निलम्बित नै भइरह्यो भने त्यसको जिम्मेवारी त सारा जनताले एमालेकै थाप्लामा हाल्नेछन्। के अहिलेसम्म कांग्रेस सरकारले बोकिरहेको विगत १२ वर्षमा भएको देशको बर्बादीको जिम्मेवारी एमालेले चुनावको मुखैमा आफ्नो थाप्लामा बोक्नु बुद्धिमत्तापूर्ण हुनसक्छ ?

त्यसैले, हामी के अपील गर्छौं भने एमालेजस्तो जिम्मेवार वाम प्रतिपक्षले संकटकालजस्तो नागरिकहरूको प्रजातान्त्रिक हक अधिकार नै निलम्बित गर्ने र सिंगो राष्ट्रलाई नै आर्थिक–राजनीतिक रूपले धराशायी बनाउन सक्ने कदमलाई पुनः तीन महिना लम्ब्याउने कार्य कदापि नगरोस्। त्यसो गरेमा यो एमालेको निधारमा मेटिन नसकिने कालो टीकासरह हुनेछ।

हामी देशका संसदभित्रका सम्पूर्ण प्रतिपक्षलाई पनि संकटकाल थप्ने कार्य कदापि नगर्न अपील गर्छौं।

यतिबेला एमालेको सामर्थ्य र बुद्धिमत्ता त आफ्नो पहल र प्रयत्नले गृहयुद्ध रोक्नसक्नुमा छ, देशमा पुनः युद्धविराम र वार्ता संभव गराएर शान्ति कायम गर्नसक्नुमा छ र सिंगो मुलुकलाई प्रगति र परिवर्तनतर्फ डोऱ्याउन सक्नुमा छ, देशलाई बर्बादीतिर डोऱ्याउनुमा होइन।

हामी सरकारलाई पनि के अपील गर्न चाहन्छौं भने संकटकाल लम्बिनाले अर्थतन्त्र धराशायी भयो भने गरीबी र बेरोजगारी लाखौंको संख्यामा बढ्नेछ र त्यसको परिणाममा लाखौं भोका, गरीब र बेरोजगार विद्रोहीहरू पुनः मैदानमा थपिनेछन्। अनि हजारौं विद्रोही मार्दैमा समस्या हल हुन्छ कि त्यो त अझ झन् विकरालमात्र हुन्छ ? तसर्थ, वार्ताद्वारा शान्ति ल्याउनुमा सरकार र देश दुबैको हित छ, संकटकाल लम्ब्याउनुमा होइन।

हामी माओवादीहरूलाई पनि के आह्वान गर्न चाहन्छौं भने तपाईंहरू त्यस्ता सारा कारवाहीहरू बन्द गर्नुहोस्, जसले राज्यलाई संकटकाल थप्न र देश र जनतालाई अरू बर्बादीतिर डोऱ्याउन मद्दत गर्छ।

आमजनताले कुनै पनि हालतमा यो सोच्न नपरोस् कि माओवादीको कारणले उनीहरूले भयावह दुर्दशा र दुःख, गरीबी र बेरोजगारी व्यहोर्नु परिरहेछ। यतिबेला संकटकाल थप्नमा होइन, युद्धविरामको पहिलो पहल गरेर देशमा पुनः वार्ता र शान्तिको वातावरण कायम गर्नमा माओवादी कारक बन्न सके भने देश माओवादीप्रति कृतज्ञ हुनेछ। ◉

# अछाममा माओवादीको भीषणतम् आक्रमण

फागुन ५ गते राती १ बजेतिर सुदूर पश्चिम नेपालको दुर्गम पहाडी जिल्ला अछामको सदरमुकाम र साँफेबगर विमानस्थलमा माओवादीले अहिलेसम्मको सबैभन्दा भीषण आक्रमण गरेर ४८ सैनिक, ७६ प्रहरी, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय अनुसन्धान विभागका अधिकृत, उनकी श्रीमती, हुलाक कार्यालयका ना.सु. र एक जना सर्वसाधारणसहित कम्तीमा जम्मा १२९ जनाको हत्या गरेका छन् । आक्रमणपछि झण्डै ८-९ घण्टासम्म सेना र प्रहरीको थप बल नआइपुगुञ्जेल अछामको सदरमुकाम मंगलसेनबजार सरकारको नियन्त्रणभन्दा बाहिर गएको बताइन्छ । एकैदिन, एकै जिल्लामा, माओवादीको आक्रामणबाट यति धेरै सुरक्षाकर्मीहरूको ज्यान गएको २०५२ सालमा जनयुद्ध शुरू गरेयता पहिलोपटक हो ।

गत वर्ष डोल्पाको सदरमुकाम दुनैको आक्रमणपछि माओवादीले पश्चिम नेपालको जिल्ला सदरमुकाम कब्जा गरेको र छोडिदिएको यो दोस्रो पटक हो ।

यो आक्रमणमा माओवादीतर्फ पनि ठूलो क्षति भएको रक्षामन्त्रालयको दावी छ । परन्तु, मंगलसेनमा ३ जना माओवादी छापामारहरूको शव बाहेक अरू केही नभेटिएकोले निश्चयका साथ उनीहरूतर्फको क्षतिबारे सरकारले भन्न सकिरहेको छैन । परन्तु साँफेबगर विमानस्थलमा माओवादीहरूको टाउको काटिएका केही दर्जन शवहरू देखेको कुरा भने सुरक्षाकर्मीहरूले बताएका छन् ।

माओवादीहरूले यो पटकको आक्रमणमा सबभन्दा पहिले सदरमुकाम मंगलसेनभन्दा पूर्व एक किलोमिटर टाढा उठेको गाउँ फर्के भन्ने भिरालो ठाउँमा रहेको दुई प्लाटुन सैनिकसहितको शाहीसेनाको सानो बेस क्याम्पमा जंगलतर्फबाट एक्कासी आक्रमण गरी त्यहाँको ब्यारेक ध्वस्त पारेपछि र ५८ जनाको दरबन्दी रहेको त्यो क्याम्पमा त्यतिखेर तैनाथ रहेको ४९ मध्ये ४८ जना सैनिकलाई बम र अत्याधुनिक हातहतियार प्रयोग गरेर हत्या गरेपछि त्यहीकै हतियार प्रयोग गरेर २० मिनेट तल पर्ने जिल्ला सदरमुकाममा आक्रमण गरेको बताइन्छ । यसपटक अछाममा सेनासँगको भीडन्तमा माओवादी छापामारहरूले दाङ, घोराहीबाट लुटिएको अत्याधुनिक हतियारहरूसमेत प्रयोग गरेको सैनिकसूत्रहरूको अनुमान छ । स्थानीय बासिन्दाहरूका अनुसार राती १ बजेतिर सदरमुकाम मंगलसेन र साँफे बगर विमानस्थल दुबै ठाउँमा एकैचोटि एकै समयमा आक्रमण भएको थियो । माओवादीहरूले सैनिक क्याम्प कब्जा गरेपछि जिल्ला प्रशासन, जिल्ला प्रहरी, जिल्ला विकास समिति र भूमिसुधार, मालपोत, बाणिज्य बैंकसहित सम्पूर्ण सरकारी कार्यालयमा बम र अत्याधुनिक हतियार प्रयोग गरी आक्रमण गरेका थिए । त्यो आक्रमणबाट घरेलु तथा साना उद्योगको कार्यालय र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाहेक अरू सबै कार्यालयहरू ध्वस्त भएको वा आगलागीमा परेको बताइन्छ ।

आक्रमणबाट सदरमुकाम मंगलसेनमा ४८ प्रहरीको मृत्यु भएको छ र साँफे बगरमा २७ प्रहरीको ।

सदरमुकामको आक्रमणमा सबभन्दा ज्यादा प्रहरीको मृत्यु जिल्ला कारागारमा भएको कुरा केन्द्रीय प्रहरी सूत्रले बताएको छ । प्रहरीको हत्यापछि कारागारमा रहेका १६ जना कैदीहरूमध्ये सबैलाई मुक्त गरेर भगाइएको बताइएको छ । साथै, सदरमुकामस्थित बाणिज्य बैंकबाट रू. २ करोड बराबरको नगद र जिन्सी लुटेर लगेको, सैनिक क्याम्पबाट झण्डै ७० थान अत्याधुनिक हतियार, १० हजार राउण्ड गोली र केही महत्वपूर्ण सैनिक सामग्रीसमेत लगेको र प्रहरी कार्यालयबाट समेत केही अत्याधुनिक हतियारहरू लगेको बताइएको छ ।

गृह प्रवक्ताका अनुसार भीडन्तका क्रममा घाइते भएका २७ प्रहरीमध्ये चिन्ताजनक अवस्थामा १० जनालाई राजधानी ल्याइएको छ । अछामका डि.एस.पी यमबहादुर थापा पनि घाइते हुनेमा परेका छन् ।

स्थानीय बासिन्दाहरूले बताएअनुसार फागुन ६ गतेको विहान ९ बजेसम्म पनि सुरक्षाकर्मी र माओवादी छापामारहरूबीच भीडन्त चल्दै थियो । झण्डै चार हजारको संख्यामा माओवादी छापामारहरूले सदरमुकाममा आक्रमण गरेका थिए । र, सुरक्षाकर्मीहरू पनि अन्तिम गोली आफूसित बाँकी रहेसम्म लडेका थिए । विहान सेना र प्रहरीको थप बल नेपालगंज र धनगढीबाट हेलीकोप्टरमा मंगलसेन आउँदासम्म पनि माओवादीहरूले अवतरण गर्न नदिन गोली फायर गरिरहेका थिए । परन्तु उनीहरूले अलि तल हेलिकप्टर बिसाएर हमला थालेपछि माओवादीहरू नजिकैको राम रोशन जंगलतर्फ लागेका थिए । त्यसपछि त्यो जंगललाई सेनाले चारैतिरबाट घेरेको सैनिकसूत्रले बताएको छ । र, त्यहाँ जंगल सर्च अप्रेशन थालिएको छ । बताइन्छ, मंगलसेन र त्यसको वरपर सेना र अरू सुरक्षा निकायले संयुक्त रूपमा मिलेर 'काउण्टर अट्याक्ट अपरेशन' थालेको छ र दीपायल सिलगढीस्थित सेनाको ५ नं. बाहिनीले यो एक्शनको संयोजन गरिरहेको छ । अछाम त्यस बाहिनीअन्तर्गत पर्ने जिल्ला हो ।

## *माओवादीको रणनीति*

अछामको अलावा फागुन ५ गते राती नै मध्य तराईको सर्लाही लालबन्दीस्थित प्रहरी चौकीमा माओवादी छापामारहरूले आक्रमण गरेर ४ जना प्रहरीको ज्यान लिएका छन् ।

माओवादीहरूको यो भीषणतम आक्रमण त्यतिबेला भएको छ, जतिबेला संसदको २१ औं अधिवेशनमा संकटकाल अनुमोदन गर्ने कि नगर्ने भन्ने विषयमा निर्णायक छलफल शुरू हुन लागेको छ र लगत्तै फागनु ९ गते त्यसबारे मतदान हुँदैछ । माओवादीको यो आक्रमणले सरकारलाई संकटकाल लम्ब्याउने निहुँ दिएको छ, र प्रमुख प्रतिपक्षले त्यसलाई समर्थन गर्न अनेकौ बहाना खोजिरहेको वर्तमान स्थितिमा उसलाई पनि यो आक्रमणले बहाना प्रदान गरेको छ ।

ती सबै वामपन्थी र प्रजातान्त्रिक तत्वहरूलाई यो आक्रमणले ज्यादै कमजोर बनाइदिएको छ, जो प्रजातान्त्रिक संवादको माध्यमबाट यसको समाधान निकालिनु पर्छ भन्ने धारणा राख्छन् । ती सारा प्रजातन्त्रप्रेमी नेपालीलाई पनि यसले असजिलो स्थिति सृर्जना गर्ने कार्य गरेको छ, जो संकटकाल प्रजातन्त्र खाने काल हुनसक्छ, तसर्थ यसलाई कुनै पनि हालतमा लम्ब्याउनु हुन्न भन्छन् ।

यस्तो प्रतीत हुन्छ, या त माओवादी नेतृत्व संकटकाल जति थपियो उति देश र जनताको दुर्दशा एवं दुःख बढ्छ, जति देश र जनताको दुर्दशा र दुःख बढ्यो, उति चाँडो क्रान्तिको दिन नजिकै आउँछ भन्ने ज्यादै केटाकेटी र सतही सोच राख्दछ; अथवा, माओवादी नेतृत्व जनताको मत र संभावित परिणामको ख्यालै नराखेर सेनाले गरेको कारवाहीको प्रतिशोधमा कारवाही गर्ने अन्ध-प्रवृत्तिको शिकार भएको छ ।

दाङ र अछाम दुवै ठाउँको भीषण फौजी कारवाहीलाई खोतलेर हेर्दा माओवादीको भित्री नियत दुईटा देखिन्छ । एक, वार्तामा आउन र वार्तामा पनि आफूले राखेको मुख्य राजनीतिक मागमा लचिलो भएर आउन सरकारलाई सशक्त दवाब सिर्जना गर्नु ।

हुनसक्छ, गत फागुन १ गते एक वक्तव्यमार्फत् आफू लचिलो बन्न तयार भएको कुरा ब्यक्त गरेकोमा सरकारले त्यसको गम्भीर रेस्पोन्स नगरेकोले सरकारलाई रेस्पोन्स गर्न बाध्य पार्ने ध्येयले पनि माओवादीले यो ठूलो कारवाही गरेको हुन संभव छ ।

दुई, सरकार, जनता र आफ्नो पार्टीपंक्ति सबैलाई यो सन्देश दिनु कि वार्ता वा ३ महिनाको संकटकाल र सैनिक अपरेशनले माओवादी पटक्कै कमजोर भएको छैन, बरू झन् बलवान् पो भएको छ ।

परन्तु माओवादीको भित्री नियत बुझ्ने कसले र कतिले ? र, यो थाहा पाउने कसरी ? कतिले थाहा पाएका हुन्छन् र भूमिगत माओवादीको भित्री गूदी, उसको सिलसिलावार वैचारिक विकासक्रम र ऊभित्रको आन्तरिक विचारद्वन्द ? यथार्थमा दाङको आक्रमण पनि लचिलो वार्ताकै लागि सशक्त दवाब सिर्जना गर्ने उद्देश्यले र मनोवल तल गिरेको माओवादी कार्यकर्ताको मनोवल उकास्ने उद्देश्यले गरेको प्रतीत हुन्छ । यही उद्देश्य अछामको कारवाहीमा पनि देखिन्छ ।

परन्तु सैनिक ब्यारेकमा आक्रमण गरेपछि माओवादीको नियत र उद्देश्य ऊसँगै लुकेर बस्यो, बाहिर यो घटनाले उसले सोचेको भन्दा ठीक उल्टो नतिजा निकाल्यो । ब्यारेक र सेनातर्फ सोझ्याएको गोली फर्केर माओवादीतिरै सोझियो । अछाम घटनापछि पनि यही हुनेवाला छ- माओवादीले गरेको हत्याभन्दा ठूलो राज्यको तर्फबाट हत्या । माओवादीको नृशंसताभन्दा ठूलो राज्यको तर्फबाट नृशंसता । संकटकाल राज्यको तर्फबाट अरू ज्यादा थप्ने प्रयत्न । र त्यसको प्रतिक्रियामा माओवादीबाट झन् ठूलो ब्यक्ति हत्या र नृशंसता, फेरि त्यस्तै राज्यबाट पनि । यो क्रम रोकिने कहिले र कहाँ गएर ?

तसर्थ, हिंसा-प्रतिहिंसाको यो रक्ताम्य अन्तहीन सिलसिला सबैभन्दा जिम्मेवार निकाय-राज्यले सर्वप्रथम रोक्नुपर्छ । अछाम काण्डको प्रतिक्रिया अब झन् ठूलो राज्यहिंसा होइन, पहिलेका गल्ती कमजोरीबाट मुक्त फलदायी तर लचिलो वार्ता हुनुपर्छ । माओवादीले मूर्खता गरे भन्दैमा राज्यले त्योभन्दा ठूलो मूर्खता गर्ने हो भने संकटको समाधान गर्ने अन्तिम प्रयत्न गर्ने कसले ?

संवाद, सामाजिक-आर्थिक क्षेत्रमा आमूल सुधार र संविधान सभा यी तीनवटा 'स'ले मात्र अहिलेको हिंसाको अन्त्यहीन सिलसिला रोक्न संभव छ । राज्यले अधिक जिम्मेवार भएर हिंसाको प्रक्रिया नरोक्ने हो भने र पुनः प्रतिक्रियात्मक राज्यहिंसा थाल्ने हो भने देश आर्थिक-राजनीतिक रूपले धराशायी हुनेछ । ❑ -दीपेश उपाध्याय



# अहिलेको संकटको निकास के ?

- श्याम श्रेष्ठ -

देश अहिले अत्यन्त गम्भीर संकटमा जेलिएको छ, राजनीतिक रूपले पनि र आर्थिक रूपले पनि । कुनै पनि संकटको सही समाधान तबमात्रै हुनसक्छ, जब यसको मूल कारण यकीन हुन्छ र जरोमै समस्याको समाधान खोजिन्छ ।

## *संकटको जरो*

पुरानो राज्य-व्यवस्थाको अन्त्य भएर नयाँ राज्य-व्यवस्था आएपछि त्यहाँका जनताले देशको आर्थिक-सामाजिक स्थितिमा पनि आमूल परिवर्तन खोज्छन् नै । बहुदलीय संसदीय राज्य-व्यवस्था स्थापित भएपछि नेपालका जनताले पनि त्यही खोजे । परन्तु **गएको १२ वर्षमा संसदीय राज्य-व्यवस्थाले आर्थिक-सामाजिक जीवनको कुनै पनि क्षेत्रमा प्रगति र परिवर्तनको अनुभूति र आभास जनतालाई दिन सकेन ।** संसदीय प्रजातन्त्र सिंहदरबार, शहरबजार र सदरमुकाम वरपर बस्ने मुट्ठीभर नेता, नोकरशाह, नाफाखोरहरूको स्वार्थपूर्तिमा मात्र सीमित भयो । संसदीय प्रजातन्त्रको यही सीमितीकरण नै अहिलेको गम्भीर राष्ट्रिय संकटको जरो हो ।

गएको १२ वर्षमा १० वर्ष त नेपाली कांग्रेस नै नेपालको सत्तामा छ । परन्तु नेपाली कांग्रेसको आदर्श 'प्रजातान्त्रिक समाजवाद' उसले सम्हालेको राज्यमार्फत् काम, कानून र कदम भएर व्यवहारमा अनुवाद हुँदा त्यो यथास्थितिवाद, चरमप्रतिक्रियावाद र विदेशी महाशक्तिका स्वार्थहरूको पक्षपोषण सिवाय केही हुन सकेन । उसका नीति र निर्णयहरूमा न कतै प्रजातान्त्रिक चरित्र देखापर्‍यो, न समाजवादी स्वभाव । आफू यथास्थितिवादमा र साम्राज्यवादको भक्तिमा रूमल्लिरहने, अनि प्रगति र परिवर्तन खोजेका जनताको न्यायपूर्ण संघर्षलाई फासिवादले झैं दमनमात्र गर्ने, ठीक यही कारण हो, जसले गर्दा गत १२ वर्षमा बहुदलीय संसदीय राज्य-व्यवस्थाप्रति र त्यसको नेतत्वप्रति आम-जनताको भरोसा र विश्वास टुट्यो । अहिलेको गम्भीर संकट सारमा विद्यमान राज्य-व्यवस्था र त्यसको नेतृत्वप्रति आम-जनताको विश्वासको संकट हो । यो भरोसायोग्य नेतृत्वको संकट हो । चारैतिर विद्रोह र विस्फोटप्रति अपार जनआकर्षण त्यसको परिणाममात्र हो ।



अहिले माओवादी पार्टीको माध्यम भएर त्यो विद्रोह र विष्फोटको जन-आकांक्षा अभिव्यक्त भइरहेछ र त्यसले राज्य-व्यवस्थामा चरम संकट सृजना गरिरहेछ । भूइँ तहका आमजनतामा विद्यमान राज्य-व्यवस्था र नेतृत्वप्रति चरम नैराश्य र अविश्वास भएपछि कुनै पनि कारणले माओवादी पार्टी सिद्धिए पनि विद्रोह र विस्फोटचाहिं यथावत् बाँकी रहनेछ । किनकि जहाँ यथास्थितिप्रति नैराश्य, असन्तुष्टि र अविश्वास चरमचुलीमा पुग्छ, त्यहाँ विद्रोह नियति हो, अपरिहार्य आवश्यकता हो । कुन माध्यम भएर त्यो अभिव्यक्त हुन्छ, त्यो केवल संयोगमात्र हो ।

## *कांग्रेस र एमालेको सीमा*

अहिलेको संकट किन गम्भीर र जटिल बनिरहेको छ भने, बहुसंख्यक आम-जनता यथास्थितिबाट वाक्क भइसकेका छन् । उनीहरू अब उता पर्खने नसक्ने गरी यसप्रति निराश भइसकेका छन् । परन्तु नेपाली कांग्रेसको सरकार अझै पनि यथास्थिति थाम्नमात्र प्रयत्नशील देखिन्छ । देशमा अविलम्ब प्रगति र आमूल परिवर्तनको जन-आकांक्षा र आवश्यकतालाई उसले अझै पनि आत्मसात गर्न सकेको देखिँदैन । उदाहरणको निम्ति, गएको श्रावण महिनामा देउवा सरकारले भूमिसम्बन्धमा आमूल परिवर्तन गर्न भनेर 'क्रान्तिकारी भूमिसुधार'को घोषणा गर्‍यो । त्यसलाई कांग्रेस पार्टी स्वयंले निकै छिटो तुहाउने र अर्थहीन बनाउने कार्य गर्‍यो । त्यस्तै, महिलाको सम्पत्तिको हकसम्बन्धी विधेयकलाई पनि । देउवा सरकार सत्तामा आउनासाथ घोषणा गरेको 'आठ बूँदे कार्यक्रम'ले प्रगति र परिवर्तन खोजिरहेका जनतामा ठूलो आशा जगाएको थियो । ६ महिना पनि बितेको छैन, ती सबै आशाहरू अब नैराश्यतामा रूपान्तरित भइसकेका छन् । यस्तो प्रतीत हुन्छ, नेपाली कांग्रेस पार्टीमा यस्ता यथास्थितिवादी तत्वहरूको बहुलता छ, जसले कुनै पनि क्षेत्रमा प्रगति र आमूल परिवर्तनको प्रयत्नलाई सफल र साकार नै हुन दिंदैनन् । कांग्रेसमा त्यस्ता तत्वहरू पनि छन्, जो अहिले पनि प्रगति र परिवर्तनको पक्षमा आवाज उठाइरहेछन् । परन्तु **कांग्रेसभित्रको कटु यथार्थ र अन्तरविरोध के हो भने, ती जो प्रगति र परिवर्तनको पक्षमा सकारात्मक छन्, ती प्रभावकारी बहुलतासहित नेतृत्वमा छैनन्, जो प्रभावकारी बहुलतासहित नेतृत्वमा छन्, ती ठ्याम्मै प्रगति र परिवर्तनको पक्षमा छैनन् ।**

यसबाट निक्लने स्वभाविक निष्कर्ष के हो भने, कांग्रेस पार्टीबाट राष्ट्रका सामु अहिले पैदाभएको गम्भीर संकट समाधान गर्नु संभव छैन । संकटको समाधान गर्नको लागि उसले या त निकै छिटो आफ्नो यथास्थितिवादी, चरम प्रतिक्रियावादी र विदेशी महाशक्तिको भक्तिमुखी व्यवहार र सोचलाई विदाइ गर्नुपर्छ, या प्रगति र आमूल परिवर्तन खोजिरहेको वर्तमान देश र जनताले उसलाई सत्ताबाट विदाइ गर्नेछ ।

यो स्थितिमा संसदीय राज्यप्रणालीको प्रमुख प्रतिपक्षले प्रगति र आमूल परिवर्तनका जनताको प्रवृत्तिलाई ठीकसित ठम्याएर त्यसको अगुवाइ गरेको भए देशको यतिबेलाको विश्वासयोग्य र भरोसायोग्य अगुवा ऊ नै हुन जान्थ्यो । ऊ कमभन्दा कम जुझारू सुधारवादीमात्र हुन सकेको भए पनि ऊमार्फत् नै जनताको प्रगति र आमूल परिवर्तनको चाहना साकार हुन खोज्थ्यो । विद्रोह वा विस्फोटतिर देश अग्रसर नै हुँदैनथ्यो ।

परन्तु नेपालको संसदीय राजनीतिको दुःखान्त

## वार्ता र संकटको निकासबारे माओवादी अध्यक्षको ताजा भनाइ

*"हामी आफ्ना तर्फबाट वार्ता, संवाद, मोर्चा वा आवश्यक पर्ने कुनै पनि लचकता प्रदर्शन गर्न पछिपर्ने छैनौं । कुनै पनि अग्रगामी राजनीतिक निकासका निमित्त वार्ताको ढोका हामीले कहिल्यै बन्द गरेका छैनौं र गर्ने पनि छैनौं । ....*

*वार्ताको माध्यमबाट शान्तिपूर्ण ढंगले अग्रगामी राजनीतिक निकास खोज्ने मानवअधिकारवादी संघ-संस्था, बौद्धिक व्यक्तित्वहरु र आम जनसमुदायको चाहना र पहलप्रति हामी हमेशा इमान्दार रहनेछौं । उपयुक्त वातावरण बनेमा जहाँकहीं र जोसुकैसँग पनि वार्ता गर्न हामी तयार छौं ।"* ❑

**अध्यक्ष प्रचण्ड**

*फागुन १, २०५८ को प्रेस वक्तव्य*

के हो भने, सत्तारूढ दल- नेपाली कांग्रेस त प्रगति र आमूल परिवर्तनको पक्षमा रहेन-रहेन, देशको प्रमुख प्रतिपक्ष- एमालेसमेत त्यसको पक्षमा दरोसित प्रस्तुत हुन सकेन । २०५२ सालदेखि २०५६ सालसम्म एमालेबाट देश र जनताको कुनै पनि आधारभूत समस्यामा एउटा पनि सडक संघर्ष उठाउने कार्य भएन । मदन भण्डारीले प्रतिपादन गरेको आमूल परिवर्तनकारी बहुदलीय जनवाद त्यसपछिको नेतृत्वबाट व्यवहारमा कार्यान्वयन हुँदा क्रान्तिकारी जनवाद त टाढैको कुरा रह्यो, जुझारू सुधारवादसमेत हुन सकेन । विचार र आचरणका हिसावले एमाले कांग्रेसभन्दा तात्विक रूपले भिन्न र उन्नत देखिन सकेन ।

वास्तवमा सत्तारूढ दल र प्रमुख प्रतिपक्ष दुवैप्रति आम-जनताको नैराश्य र अविश्वासको परिणाम हो- माओवादीप्रति बढेको व्यापक जनआकर्षण । माओवादीले प्रगति र आमूल परिवर्तनको जनताको मूडलाई ठीकसित पक्रन समर्थ भयो । त्यसैले उसको बाटो बेठीक, उग्र र अराजक भए पनि उसको क्रान्तिकारी नारा र कार्यक्रमप्रति ऊ स्वयंद्वारा नसोचिएको अनुपातमा जन-आकर्षण पैदाभएको हो ।

### *माओवादीको दोष र कमजोरीहरू*

माओवादीले यो अपार जन-आकर्षणलाई ठीकसित धान्न सकेको भए र यसलाई संघर्षको सन्तुलित रूप र कार्यक्रमद्वारा एकीकृत क्रान्तिकारी शक्तिमा बदलेर देशलाई प्रगति र आमूल परिवर्तनको दिशातिर डोऱ्याउन सकेको भए वर्तमान संकटको समाधान उसबाट पनि हुन संभव हुन्थ्यो । परन्तु माओवादीका तीन चारवटा मूलभूत दोष र कमजोरीका कारणले जन-आकर्षणलाई धान्ने काम उसबाट हुन सकिरहेको देखिँदैन ।

ती दोष र कमजोरी हुन् : एक, वस्तुगत यथार्थ, जनताको चेतना र जनमतलाई बेवास्ता गर्ने र संघर्षमा निर्णायक कुरा जनताको समर्थन र उन्नत जनमतलाई ठान्नुको सट्टा सेना, हतियार र फौजी कार्यवाहीलाई ठान्ने प्रवृत्ति । यसैलाई मैले सैन्यवादी प्रवृत्ति भनेको हुँ । यही प्रवृत्तिका कारणले आफ्नो पक्षमा व्यापक जनलहर आइरहेको स्थितिमा पनि ऊ बारम्बार जनमत भड्किने र विपक्षमा जाने खालका फौजी कार्यवाही गर्ने गरिरहेछ । उसबाट चन्दा आतंक, दाङ्ग-सोलुकाण्ड, नृशंस र अमानवीय ढंगले व्यक्ति हत्या गर्ने कार्य, जनताले 'विकास' ठानेका चीजहरूको ध्वंश गर्ने कार्य यसैका उदाहरण हुन् ।

दोस्रो, प्रमुख शत्रु, गौण शत्रु र मित्रबीच भेद नगर्ने, सबैलाई एकसाथ एकाम्ये ढंगले आक्रमण गर्ने अधिभूतवादी प्रवृत्ति । तेस्रो, जथाभावी ढंगले विनामिहीन छानवीन पार्टी, सेना र जन-सरकारमा मान्छे हुल्ने र तिनीहरूको वैचारिक-सांस्कृतिक रूपान्तरणमा यथेष्ट ध्यान नदिने प्रवृत्ति । चौथो, अत्यधिक हिंसाप्रियता र हिंसामा गौरव गर्ने प्रवृत्ति । सकेसम्म कम हिंसा र सामाजिक नोक्सानीमा अत्यधिक क्रान्तिकारी उपलब्धी हासिल गर्नु नै मार्क्सवादी युद्धशील्प हो भन्ने कुरामा बिल्कुलै बेवास्ता ।

यिनै दोष र कमजोरीले गर्दा माओवादीप्रति उर्लेको अपार जनआकर्षण अहिले बिकर्षणमा परिणत हुँदैछ । माओवादी चारैतिरबाट एक्लिँदैछ । ऊप्रतिको जनविश्वास र समर्थन पनि तीव्र गतिमा ओरालो लाग्दैछ । तथापि अहिलेको बिन्दुसम्म पनि देशको समग्र राजनीति माओवादीका नारा र कार्यक्रम वरिपरि फन्को लाउँदैछ ।


के माओवादीले आफ्ना यी दोष र कमजोरी हटाउन सक्छ ? सक्छ भने, संकटको निकास फेरि पनि माओवादीको माध्यमबाट प्रकट हुन संभव छ । अन्यथा, संकटले अर्कै निकास खोज्नु पनि संभव छ, जुन उग्र दक्षिणपन्थी पनि हुनसक्छ, वामपन्थी पनि । देश अहिले त्यसको चार दोबाटोमा खडा छ ।

### *निकास के ?*

अहिलेको गम्भीर संकट संसदीय राज्य-व्यवस्थाले देश र जनताको प्रगति र आमूल परिवर्तनको कार्यभार पूरा गर्न नसक्नाले पैदाभएको हो । त्यसैले, अहिलेको संकटको समाधान आर्थिक क्रान्ति र सामाजिक क्रान्तिद्वारा मात्र हुन संभव छ । यतिबेलाको गम्भीरतम चुनौति के हो भने, के संसदीय राज्यप्रणालीले आफूभित्रैबाट आर्थिक-सामाजिक

> *अन्यथा, संकटले अर्कै निकास खोज्नु पनि संभव छ, जुन उग्र दक्षिणपन्थी पनि हुनसक्छ, वामपन्थी पनि । देश अहिले त्यसको चार दोबाटोमा खडा छ ।*

## समस्याको निकास संविधान सभाको चुनाव हो



– लिलामणि पोखरेल, *सांसद, संयुक्त जनमोर्चा नेपाल*

देशमा उत्पन्न भएको माओवादी समस्यालाई समाधान गर्न भनेर जुन संकटकालको घोषणा भएको छ, त्यसको औचित्य नै छैन । किनभने यो समस्या संकटकालले समाधान हुने विषय होइन । मुलुकमा विद्यमान आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक विसंगतिका कारण माओवादी समस्या उत्पन्न भएको हो । यसरी विभिन्न क्षेत्रमा भएको विसंगतिका कारण उत्पन्न भएको समस्यालाई समाधान गर्न राज्यले संकटकालको घोषणा गरेर सैन्यबल प्रयोग गर्नु आफैंमा हास्यास्पद हो । त्यसैले यो संकटकालको औचित्य स्थापित हुन पनि सकेन । र, संकटकालबाट समस्या समाधान हुन्छ भन्ने सरकारको मान्यतालाई संकटकालको ३ महिनाले गलत सावित गरिदिएको छ ।

अहिले मुलुकमा रहेका विद्यमान समस्याहरू वर्तमान राजनैतिक प्रणाली, आर्थिक योजनाहरूको सतही सिद्धान्तले समाधान गर्न सक्दैन । तर केही आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन र सुधारका कार्यक्रमहरू ल्याउन सकेको खण्डमा यो समस्याको न्यूनीकरणसम्म हुनसक्छ । यो समस्याको समाधानको मूल पक्ष भनेको राजनैतिक पक्ष नै हो । अहिलेको शक्ति-सन्तुलनको स्थितिमा ०४६ सालका जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिका निम्ति जनतालाई शक्तिशाली र अधिकारसम्पन्न बनाउने हो । यदि अहिलेको समस्यालाई शान्तिपूर्ण रूपमा समाधान गर्ने हो भने सार्वभौम जनतालाई सार्वभौम निर्णय गर्न दिने बाटो नै एकमात्र उच्च र राम्रो बाटो हो । यसै बाटोलाई पहिल्याएर संविधान सभाको निर्वाचन गराई त्यसको माध्यमबाट अहिलेको समस्याको राजनैतिक निकास खोज्नुपर्छ । यदि अहिले गरिरहेको बल प्रयोगको बाटोबाट मात्र समस्याको समाधान खोजियो भने, देश अझ दुरावस्थामा फस्ने निश्चित छ । ❑

**नेपाल** यतिखेर संकटकालीन अवस्थाबाट गुज्रिरहेको छ । विद्यमान संकटकालीन अवस्था लम्बिदै जाँदा मुलुक अन्ततः नजाँनिदो ढंगबाट संकटकालीन व्यवस्थाभित्र प्रवेश गर्छ कि ? भन्ने दुश्चिन्ता पनि धेरैले बोकेका छन् । संकटकाल आफैंमा कुनै रमाइलो काल होइन र मुलुकले ब्यहोर्नुपरेको विद्यमान समस्याको स्थायी समाधान पनि होइन, यो केवल अल्पकालीन उपचारका निम्ति तयार पारिएको वातावरणमात्रै हो । त्यसैले यतिखेर कतिपय व्यक्तिहरु संकटकालबाट मुक्ति खोज्दै मुलुकलाई सामान्य अवस्थामा फर्काउने चाहना बोकिरहेका छन् । यस प्रकारको चाहनालाई नराम्रो भन्न मिल्दैन । तर संकटकाल कुन पृष्ठभूमिमा र कस्तो परिस्थितिमा लागु गरिएको हो भन्ने पक्षलाई नकेलाई संकटकालको व्यावहारिक निकास सम्भव बन्न सक्ने अवस्था छैन ।

समस्याहरुको तैयारी समाधान कसैसँग पनि हुँदैन । लोकतन्त्रले पनि समस्याहरुको समाधानतर्फ जाने बाटो देखाउने मात्रै हो । त्यस बाटोमा हिंडेर समस्यालाई परिपाटिबद्ध किसिमले छिमल्दै जाने प्रयत्न समकालीन पुस्ताले आफैं गर्नु पर्ने हुन्छ । सैद्धान्तिक आधारमा माओवादीहरुका क्रियाकलापलाई सशस्त्र विद्रोहको आएर मात्र बहुदलीय प्रतिस्पर्धा र संसदीय लोकतन्त्रका पक्षमा आफूलाई स्पष्ट रूपमा उभ्याएको नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले निर्वाचनका आधारबाट संसदीय सरकार बनाउन पुगे पनि सैद्धान्तिक रूपमा अझै (२०५४को छैटौं अधिवेशनमा आइपुग्दा सम्म) पनि सर्वहारा अन्तर्राष्ट्रियतावादमा अडिग रहँदै जनवादी क्रान्तिले मात्रै मुलुकको यो स्थितिमा परिवर्तन ल्याउन सक्छ भन्ने विश्वासका साथ आफ्नो पार्टीको अधिकतम लक्ष साम्यवादलाई नै मानेको छ । तर २०४६ पछिका दिनहरुमा एमालेले प्रस्तुत गरेको व्यावहारिक कार्यशैली र क्रियाकलापले बहुदलीय लोकतन्त्रको मूल सीमालाई उल्लङ्घन गरेको देखिदैन र उसले आफ्नो तात्कालिक न्यूनतम कार्यक्रम नै भनेर भए पनि बहुदलीय जनवादलाई स्वीकार गरेको छ ।

यस पृष्ठभूमिमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले पनि आगामी दिनमा बहुदलीय लोकतन्त्रको प्रक्रियामा आफूलाई कुनै हालतमा पनि सामेल गराउने छैन भनेर ठोकुवा गर्नु आवश्यक छैन । त्यसमाथि उसले बेलाबखत बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्ने वचनवद्धता पनि प्रकट गरेकै हो । त्यसैले अहिलेको मुख्य कुरो भनेको नेकपा (माओवादी)ले आफू कुन सैद्धान्तिक प्रक्रियामा माओवादीले हतियार बिसाउँछन्, हिंसा र आतङ्क छोड्छन् भन्ने विश्वास नेपाली जनताले, जनताको प्रतिनिधिका रूपमा सरकारले लिन सक्ने आधार तत्कालका लागि केही देखिँदैन ।

वर्तमान सरकार जति नै कमजोर भए पनि वा वर्तमान राजनीतिक प्रणालीको संचालनमा जतिसुकै कठिनाई र समस्याहरु देखिए पनि माओवादीले हतियारको भरमा देशको शासनमा पुग्न सक्ने वा उनीहरुले राज्यसंचालन गर्न सक्ने कुनै सम्भावना छैन । नेपाल राज्यको इतिहास बलियो छ, संस्कृति पनि बलियै होला । तर सबै पक्ष बलियो छैन । त्यसैले मुलकको आर्थिक सामर्थ्य, भूराजनीतिक परिस्थिति तथा अनेकौं अन्तर्राष्ट्रिय कारणले गर्दा पनि माओवादी पक्षले मुलुकको हित र आफ्नो राजनीतिक भविष्यलाई सुरक्षित गर्न लोकतान्त्रिक प्रक्रियामा सामेल हुनै पर्छ । कुनै नाममा चलाए पनि अधिनायकवादी शासन नेपालको समस्याको स्थायी समाधान हुनै सक्तैन, यो बारम्बार परीक्षण भइसकेकै विषय हो । त्यसैले राम्रोसँग चलाउन आवश्यक सबै प्रयत्न गर्नुपर्छ तर चलाउनुपर्ने लोकतन्त्र नै हो । यसमा कसैले पनि कुनै किसिमको द्विविधा नराख्ना हुन्छ ।

यस परिस्थितिमा वर्तमान समस्याको राजनीतिक



# निकासको पहिलो पहल माओवादीबाट हुनुपर्छ

- नरहरि आचार्य

परिप्रेक्ष्यमा हेर्न खोज्नेहरुका लागि पनि वारम्वार उनीहरुले गर्दै आएको क्रूरतापूर्ण हिंसा र आतङ्कपूर्ण व्यवहारले गर्दा धेरै कमजोर र औचित्यहीन स्थितिमा पुऱ्याएको छ । यस अवस्थामा माओवादी पक्षले आफूलाई मुलुक र जनताका अगाडि राजनीतिक विकल्पका रूपमा प्रस्तुत गर्ने परिस्थिति तत्काललाई आफैंले समाप्त पारेका छन् । तर राज्यका अगाडि हतियार र हिंसाको नियन्त्रण गर्नु पहिलो कर्तव्य भए पनि उसको दायित्व यहीं टुङ्गिदैन । माओवादीहरुले अहिले उठाएका हतियार र हिंसामाथि नियन्त्रण गरिसकेपछि पनि राज्यको मुलुकलाई संचालन र अग्रगति तर्फ लैजाने जिम्मेवारी बाँकी रहन्छ । यसनिम्ति विद्यमान राजनीतिक प्रणाली तथा व्यवहारलाई सुधार र सुदृढ पार्दै व्यापक आर्थिक-सामाजिक रूपान्तरणको प्रक्रियामा प्रवेश गर्नु अत्यावश्यक देखिन्छ ।

नेपालको राजनीतिमा विशेषतः २०१७ सालको लोकतन्त्र विरोधी शाही कदमका कारण कम्युनिष्ट पार्टीको उपस्थिति नयाँ ढंगले विकसित भएको छ । जनवादी केन्द्रीयताको सैद्धान्तिक आधारमा संगठित हुने कार्यशैलीका कारण विभिन्न सैद्धान्तिक धार, प्रवृत्ति र झुकाउले गर्दा अनेकौं समूह उपसमूहहरुमा बाँडिए पनि समग्रमा नेपालको राजनीतिमा कम्युनिष्टहरुको वर्चस्व टड्कारो भएको छ । यसै क्रममा माओवादी कम्युनिष्ट पार्टीको जन्म र विकासलाई सैद्धान्तिक र दार्शनिक दृष्टिले नेपालको समग्र कम्युनिष्ट आन्दोलनको मूलभूत चरित्र भन्दा पूरै अलग बनाएर विश्लेषण गर्न सजिलो छैन । २०४६ सालको जनआन्दोलनका क्रममा सामेल भएपछि आफ्नो हिंसात्मक क्रियाकलापको अन्त्य गर्छ र विश्वसनीय ढंगबाट हतियारलाई बिसाउँछ भन्ने पक्ष नै हो ।

लोकतन्त्रमा सैद्धान्तिक मतान्तरको सम्भावना रहन्छ । तर त्यसलाई शान्तिपूर्ण र लोकतान्त्रिक प्रक्रियाद्वारा निकालिएका आफ्नो पक्ष वा विपक्षमा आउने निर्णयलाई स्वीकार गर्छु भन्ने प्रतिबद्धता नै महत्वपूर्ण हुन्छ । यही मान्यतालाई वार्तामा बसेको पहिलो पटकको विज्ञप्तिमा स्वीकार गरेर पनि वार्ता चलिरहँदाको अवस्थामा नै एकतर्फी र अकस्मात् हिंसा एवं आतङ्कमा उत्रेका कारण माओवादीको राजनीतिक विश्वसनीयता गम्भीर ढंगले धरापमा परेको हो । यसलाई उनीहरुले कसरी सुधार गर्छन्, सच्याउँछन् ? यो केवल उनीहरुको पहलको विषय बनेको छ । यतिखेर निकास भनेको सर्वप्रथम माओवादीहरुले द्विविधा रहित ढंगबाट आफ्नो राजनीतिक एजेण्डालाई स्पष्ट पार्नै पर्छ । विगत ६ वर्षदेखि उनीहरुको राजनीतिक एजेण्डा द्विविधा र अन्यौलमा फसेको छ । एजेण्डा स्पष्ट नभइकन निकासका बारेमा छलफल गर्नुको कुनै औचित्य छैन । त्यसबाहेक उनीहरुले हिंसा रोक्ने र हतियार बिसाउने कामको जानकारी विधिवत् र सार्वजनिक रूपमा प्रकट गर्नै पर्छ । यसपछि मात्रै समस्याको निकासका लागि राजनीतिक प्रयत्न अघि बढ्न सक्छ ।

> *नेपालको वर्तमान संविधानले कुनै पनि राष्ट्रिय मुद्दामा निर्णय गर्ने नेपाली जनताको सर्वोच्च शक्तिलाई कतै रोकेको छैन ।*

नेपालको वर्तमान संविधानले कुनै पनि राष्ट्रिय मुद्दामा निर्णय गर्ने नेपाली जनताको सर्वोच्च शक्तिलाई कतै रोकेको छैन । संविधानको प्रस्तावनाको पहिलो वाक्यले नै जनताको यो शक्तिलाई लिपीबद्ध गरेको छ । संविधानको धारा ११६ले स्थापित गरेको वृहत् परिधिभित्र रहेरै जतिसुकै कठिन प्रश्नमा पनि नेपाली जनतालाई सोध्न सकिन्छ, जनताको मत बुझ्न सकिन्छ । तर फेरि पनि जोड दिएर भन्नु पर्ने के हुन्छ भने यतिखेर सबै प्रकारका शान्तिपूर्ण प्रयत्नहरुलाई अघिबढाउन वातावरण निर्माण गर्ने प्रारम्भिक जिम्मेवारी माओवादी पक्षमा मात्रै छ । त्यसैले निकास कस्तो खोज्ने भन्ने विषयमा पहिलो पहल माओवादीले गर्नुपर्छ । यसका लागि माओवादीहरु साँच्चि नै तयार भएका हुन् भने त्यसको विश्वसनीय आधार उनीहरुले नेपाली जनता समक्ष स्पष्ट रूपमा राख्नुपर्छ र आफ्नो निर्णय प्रक्रियाको कार्यविधि बारे सरकारलाई आश्वस्त पार्नै पर्छ । के यसका लागि माओवादीहरु तयार भएका हुन् ? अहिलेको मूल प्रश्न यही हो । □

क्रान्ति संभव बनाउन सक्छ ? के संसदीय प्रजातन्त्र सिंहदरवार, शहरबजार र सदरमुकामको नेता-नोकरशाह नाफाखोरहरूको स्वार्थको चौघेराबाट मुक्त विस्तारित भएर गाउँ-गाउँसम्म आर्थिक-सामाजिक विकास र क्रान्ति भएर प्रकट हुनसक्छ ?

यो काममा कांग्रेस त विगत एक दशकमा पूर्णतया असफल र असमर्थ नै सावित भइसक्यो, के एमालेले विगतको दोष कमजोरी हटाएर यसको नेतृत्व गर्न संभव छ ? यो संभव छ भने, अहिलेको संकटको निकास यो हुन सक्छ । संविधानमा व्यापक हेरफेर गर्ने, आर्थिक-सामाजिक क्षेत्रमा आमूल परिवर्तनकारी सुधारहरू गर्ने बाटोबाट पनि अहिलेका संकटको केही हदसम्म समाधान गर्न सकिन्छ ।

संविधानमा ब्यापक हेरफेरका एजेण्डाहरू निम्न हुन सक्छन् :

- *संविधानका सम्पूर्ण अपरिवर्तनीय धाराहरू परिवर्तनीय बनाउने*
- *एक धर्म विशेषाधिकार अन्त्य गर्ने*
- *एक जाति, एक भाषा विशेषाधिकार अन्त्य गर्ने*
- *क्षेत्रीय र स्थानीय स्वायत्त शासन लागु गर्ने*
- *महिलाहरूलाई राजनीतिक-आर्थिक-सामाजिक हरेक क्षेत्रमा समान हक दिने*
- *निर्वाचित जिल्ला सभापतिलाई नै जिल्ला प्रशासक बनाउने प्रणाली ल्याउने*
- *चुनिएका सबैलाई कुनै पनि बेला चुन्नेहरूले फिर्ता बोलाउन पाउने हक स्थापित गर्ने*
- *सेना सुस्पष्ट रूपमा सरकारको मातहतमा राख्ने, सेनाको परमाधिपति प्रधानमन्त्री हुने व्यवस्था गर्ने*
- *अख्तियार दु.अ.आ.लाई शक्तिसम्पन्न पार्ने*

यी कदमहरूद्वारा अहिलेको संविधानमा आमूल हेरफेर गर्न के एमाले, कांग्रेस र अन्य पार्टीहरू तैयार छन् ? तैयार छन् भने, राजनैतिक हेरफेरको एउटा निकास यो पनि हुन संभव छ ।

त्यस्तै ब्यापक आर्थिक सामाजिक सुधारका कदमहरू यी हुन सक्छन् :

- *क्रान्तिकारी भूमिसुधार*
- *२० वर्षभित्र सबै खेतियोग्य जमीनमा सिंचाइकरण आधुनिक कृषि प्रविधि र सहकारीकरणमा आधारित कृषि क्रान्ति*
- *२० वर्षभित्र सम्पूर्ण नेपालमा विद्युतीकरण र यातायात संजालको विस्तार*
- *ग्रामीण औद्योगीकरण*
- *विदेशी ऋण र तिनका शर्तहरूबाट १५ वर्षभित्र मुक्ति*
- *१९५० को सन्धिको खारेजी-समानताको आधारमा नयाँ सन्धि र नेपाल भारत सीमाना खुला राख्ने स्थितिको अन्त्य*
- *महिलाहरूलाई, दलितहरूलाई, पछौटे जनतातिहरूलाई नीति-निर्णय गर्ने हरेक ठाउँमा प्रतिनिधित्व गराउने व्यवस्था र विशेष आरक्षण ।*
- *देशको विकासको आवश्यकतासित जोडेर शिक्षा प्रणालीमा व्यापक हेरफेर ।*

यी आमूल आर्थिक-सामाजिक सुधारका कदमहरू हुन सक्छन् ।

**संसदीय राज्य-ब्यवस्था विगत १२ वर्षमा यीमध्ये कुनै पनि आमूल परिवर्तनकारी सुधार गर्न असमर्थ देखियो । अझ संविधानमा सार्वभौम जनताले चाहे पनि खास-खास ब्यवस्था बदल्न नै असंभव बनाइयो । यही कारणले अहिलेको राज्य-ब्यवस्था नै बदल्ने माग र त्यसका निमित्त संविधान सभाको निर्वाचन हुनुपर्ने माग सर्वत्र मुखरित भएको हो ।**

अब संसदीय राज्य-प्रणालीले यी आमूल सुधार र परिवर्तनहरू यही प्रणालीमार्फत् हुन संभव छ भनेर व्यवहारतः सावित गर्न सक्नुपर्‍यो । साथै, संविधानको संशोधन र जनमत संग्रहमार्फत् जनताले चाहेमा कुनै पनि संविधानका व्यवस्थाहरू बदल्न सकिने प्रणाली हुनुपर्‍यो, जस्तो-स्वीट्जरल्याण्डको संविधानमा छ । यसो गर्न संभव भएमा संविधान सभाको निर्वाचनको आवश्यकता स्वतः असान्दर्भिक हुन जाने हुन्छ । माथिका दुवै कुरा वर्तमान संसदीय राज्यप्रणालीबाट संभव नहुनाले नै अहिलेको संकटको निकास संविधान सभाको निर्वाचन भएको हो ।

परन्तु एमाले अहिले न त आफूले व्यापक आर्थिक-सामाजिक क्रान्तिको लागि संघर्षको अगुवाइ गर्दैछ, न संविधानमा अपरिवर्तनीय धाराका अन्त्यसहितको आमूल हेरफेरको नै नेतृत्व गर्दैछ, न संविधान सभाको मागलाई नै स्वीकार गर्दैछ । स्थितिले अहिले एमाले देशको निर्णायक राजनीतिक शक्ति हो । ऊ जुन पक्षमा भयो, त्यही पक्ष प्रभावी सफल हुन्छ । परन्तु यस्तो निर्णायक शक्ति भएर पनि र आफ्नो घोषित सिद्धान्त क्रान्तिकारी भएर पनि, ऊ व्यवहारमा आमूल परिवर्तनको पक्षमा उभिरहेको छैन । देशमा विद्यमान संकट समाधान हुनुको सट्टा गुजुल्टिनुको एउटा मुख्य कारण यो भइरहेछ ।

कांग्रेसले प्रगति र परिवर्तनको निम्ति नेतृत्व दिन नसकिरहेको वर्तमान स्थितिमा आफ्नो सीमा र दोष सच्याएर एमाले, माओवादी, अन्य सम्पूर्ण वामपन्थी शक्तिहरू र प्रजातान्त्रिक तत्वहरूको एकताले नै कांग्रेसको विकल्पमा ब्यापक आर्थिक-सामाजिक क्रान्तिको दिशामा देशलाई नेतृत्व दिन संभव बनाउन सक्छ ।

दाङ र सोलुमा माओवादीले महाभूल गर्‍यो । परन्तु अध्यक्ष प्रचण्डको फागुन ९ गतेको पछिल्लो वक्तव्यअनुसार अहिले कुनै पनि वेला युद्धविराम गर्न र वार्ता थाल्न माओवादी नेतृत्व तैयार भएको छ । "उपयुक्त वातावरण बनेमा जहाँकहीं र जोसुकैसँग पनि वार्ता गर्न हामी तयार छौं",

## समस्याको समाधान संकटकाल हुन सक्दैन



-झलनाथ खनाल, *पोलिट्ब्यूरो सदस्य, नेकपा एमाले*

संकटकाल जुन उद्देश्यले लागु गरिएको हो, यो तीन महिनाको अनुभवबाट संकटकालले आफ्नो उद्देश्य प्राप्त गर्न सकेको देखिँदैन । मुलुकमा भएका गम्भीरतम् समस्याहरुको समाधान गर्ने निर्णायिक साधन पनि संकटकाल हुन सक्दैन । मुलुकमा भएका समस्याहरुको प्रकृतिअनुरुपकै समाधानको बाटोमा राष्ट्रलाई अघि बढाउनुपर्छ । त्यसैले चाँडोभन्दा चाँडो संकटकालको अन्त्य गर्दै मुलुकलाई राजनैतिक निकासतर्फ उन्मुख गराउनु नै अहिलेको सबभन्दा महत्वपूर्ण कार्य हो ।

अहिले उत्पन्न भइरहेको समस्या समाधान गर्ने हो भने पहिलो कुरा त देशका सबै जिम्मेवार राजनैतिक पार्टीहरुले एक ठाउँमा बसेर गहनताका साथ छलफल गर्नुपर्छ र एउटा राष्ट्रिय सहमति बनाउन दृढतापूर्वक प्रयत्न गर्नुपर्छ । दोस्रो कुरा, त्यो प्रयत्न अहिले जनता र राष्ट्रले भोगिरहेका असंख्य समस्याहरुमाथि केन्द्रित हुनुपर्छ । र, सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक सांस्कृतिक, सैनिक तथा अन्य विभिन्न क्षेत्रहरुमा देखापरिरहेका गम्भीर समस्याहरुको समाधानको लागि एउटा बृहत सामाजिक, आर्थिक सुधारको कार्यक्रम अघि बढाइनु पर्दछ । तेस्रो कुरा, त्यो कार्यक्रम लागु गर्नको लागि संविधानमा समेत संशोधन गरिनु पर्दछ । ता कि हालको संविधान अझै वृहत, व्यापक, प्रगतिशील र प्रजातान्त्रिक बन्न सकोस् । र, देशको समस्या समाधानको लागि निर्देशन दिन सकोस् ।

यी तीनवटा कुरालाई ध्यानमा राखेर सबै राजनैतिक पार्टीहरु एकताबद्ध भएर अगाडि बढ्ने हो भने समस्याको समाधान गर्ने दिशातिर हामीले कदम चाल्न सक्छौं । मुलुकले वास्तवमा नै समस्या समाधानको एउटा दिशा लिन्छ । र, अहिले देशमा उठिरहेको तत्कालीन समाधान भनेको सरकार र माओवादी दुवै हत्याहिंसाको बाटो त्यागेर वार्ताको टेबुलमा आउनु हो । अहिले दुईटा सेनाहरुको बीचमा जुन भिडन्त चलिरहेको छ, त्यस स्थितिमा त वार्ताको कुनै गुन्जाइस नै छैन । यदि राजनैतिक प्रक्रियालाई अगाडि बढाउने, राजनैतिक समझदारी विकास हुने, राजनैतिक पहलकदमी बढ्ने र त्यसको लागि नयाँ धरातलमा उभिएर वार्ताको आह्वान गर्ने सिलसिलामा युद्धविराम हुने स्थिति बन्यो र हत्या हिंसा छाडेर वार्ताको बाटोबाट समस्या समाधान गर्ने दिशातिर स्वयं माओवादीहरु पनि उन्मुख भए भने वार्ता हुन सक्छ । र, यसको लागि सरकार पनि तयार हुनुपर्छ । यसका लागि सर्वप्रथम सरकार र माओवादी दुवैमा वार्ताद्वारा समस्या समाधान हुनसक्छ भन्ने कुराको विश्वास हुनुपर्‍यो । र, वार्ताको लागि दुवैले आ-आफ्ना पूर्वाधारका कुराहरु अगाडि ल्याउनुपर्‍यो र प्रष्ट पार्नुपर्‍यो । त्यसपछि पनि झनै महत्वपूर्ण कुरा भनेको त युद्धविराम नै हो । त्यसपछि नै सम्भवतः वार्ताको कुरा अघि बढ्छ । ❑

प्रचण्डको पछिल्लो फागनु १ को वक्तव्यमा भनिएको छ । युद्धविरामको निम्ति पहिलो पहल गर्नसमेत ऊ तैयार हुनसक्ने देखिएको छ । यो स्थितिमा अहिलेको संकटकाल र गृहयुद्ध जारी राख्नुमा न देशको कल्याण छ, न यसो गर्नुमा जनताकै हितनिहित छ । देशको अहिलेको स्थितिमा सैनिक दमनबाट माओवादी विद्रोहको अन्त्य हुनु कदापि संभव छैन । यो गृहयुद्ध, आतंककारी अध्यादेश र संकटकालबाट धराशायी केवल नेपालको संकटग्रस्त अर्थतन्त्र मात्र हुनेछ, ध्वंश केवल नेपाल र नेपालीको मात्र हुनेछ । त्यसैले संकटको अन्त्य गर्ने हो भने सर्वप्रथम संकटकालको र आतंककारी अध्यादेशको अन्त्य गरिनुपर्छ ।

परन्तु, संकटकालको साँचो एमालेको हातमा छ । एमालेले कांग्रेसको विकल्प भएर देशको भरोसायोग्य वैकल्पिक नेतृत्व भएर उदय हुने हो भने, देशको आर्थिक-राजनीतिक बर्वादीका कारक ऊ हुनु हुंदैन । संकटकाललाई कुनै पनि हालतमा उसले अनुमोदन गर्नु हुंदैन । देशले प्रगति र आमूल परिवर्तन खोजिरहेको समयमा संकटकालको अनुमोदनसित फिस्टो संविधान संशोधनलाई साटफेर गर्ने कार्य एमालेले गर्‍यो भने, त्योभन्दा ठूलो महाभूल अर्को केही हुनेछैन । देशलाई शान्ति, वार्ता र प्रगतितर्फ डोर्‍याउनमा एमालेको नेतृत्व क्षमता हुनसक्छ, न कि चौतर्फी बर्वादितिर डोर्‍याउनुमा ।

वर्तमान संकटको तत्कालीक निकास खोज्ने हो भने सर्वप्रथम माओवादीले युद्धविरामको पहल गर्नु पर्दछ । र सरकारले त्यो पहलको स्वागत गर्नुपर्दछ । सरकारले संकटकाल र आतंककारी अध्यादेशलाई फिर्ता लिनुपर्दछ । सरकारले त्यसो गर्दैन भने, एमालेले सरकारलाई त्यसो गर्न बाध्य पार्न सक्दछ र सक्नुपर्दछ । यसो गरिएमा देश बल्ल मंसिर ७ गतेको विन्दुमा आउन सक्छ, जहाँबाट वार्ताको पुनः थालनी हुनसक्छ । माओवादी वार्ताको लागि तैयार भएको हालको स्थितिमा वार्ताको पहल गर्ने जिम्मेवादी सरकारको हो ।

संकटको दीर्घकालीन निकासका लागि माथि भनिएको ब्यापक आर्थिक-सामाजिक-संवैधानिक परिवर्तनका निम्ति सर्वपक्षीय सहमति बनाउनु र त्यसका निम्ति सरकार-माओवादी दुवै सामेल भएको सर्वपक्षीय सम्मेलन गर्नु यतिबेला सबैभन्दा उपयुक्त हुनसक्छ । □

## वर्तमान समस्याको निकास जनमत संग्रह हो

- कल्याणदेव भट्टराई



वर्तमान जटिल परिस्थितिको निकास सैनिक लगाएर माओवादीलाई सखाप पार्ने प्रधानमन्त्री शेरबहादुर देउवाको नीतिले हुन सक्दैन । अर्कोतर्फ, शक्ति बन्दूकको नालबाट निस्कन्छ भन्ने माओवादीको गलत सोचले पनि सम्भव छैन । वर्तमान समस्याको समाधान भनेको सार्वभौम सम्पन्न जनतामा गएर संविधान सभाको चुनाव गर्ने कि वर्तमान संविधानमा सुधार गर्ने भन्ने सम्बन्धमा जनमत लिनु हो भन्ने मेरो सोच छ । किनभने वर्तमान समस्याको कारकतत्व वर्तमान नेताहरूको गलत क्रियाकलाप नै भएकोले तिनै नेताहरूको सहभागिताबाट मात्र वर्तमान समस्याको निकास सम्भव छैन । त्यसको लागि जनतासामु जानैपर्छ र उनीहरूको अमूल्य मतको माध्यमबाट जनतालाई नै वर्तमान समस्याको समाधान निकाल्ने मौका दिनुपर्छ । यो उपाय नै दिगो, भरपर्दो र प्रजातान्त्रिक निकास हुन्छ भन्ने मलाई लाग्छ । ◉

## संकटको निकासबारे ने.म.कि.पा.को विचार

**माओवादी** गतिविधिलाई ने.म.कि.पा.ले शुरूदेखि नै अराजकतावादी गतिविधिको रूपमा लिँदै आएको हो । यसको सैद्धान्तिक रूपमा विरोध र संघर्ष पनि गर्दै आएको छ । माओवादी गतिविधि सैद्धान्तिक विचलनबाट शुरू भएको हुंदा यसको समाधान पनि सैद्धान्तिक रूपमै गर्नुपर्छ भन्ने हाम्रो ठम्याई रहिआएको छ । नेपाली कांग्रेसको सरकारले राजनैतिक समस्यालाई भौतिक बलले दवाउन खोज्दा आजको परिस्थिति उत्पन्न भएको हो ।

२०५८ मंसिर ११ गतेदेखि संकटकाल लागु गरेर जनताका मौलिक र राजनैतिक अधिकार निलम्बित गरिएको छ । जनताका मौलिक र राजनैतिक अधिकारको हनन् कुनै पनि प्रजातन्त्रका पक्षधर जनताको लागि स्वीकार्य हुने छैन । हाम्रो पार्टीले संकटकालको चाँडै अन्त्यको माग गर्दै आएको छ । ने.म.कि.पा.ले संकटकाल उत्पन्न हुनुमा नेपाली कांग्रेसको राजनैतिक असफलतालाई मुख्य कारणका रूपमा लिएको छ । यस्तो स्थिति उत्पन्न हुनुलाई नेपाली कांग्रेसको सरकारलाई नै प्रमुख रूपमा जिम्मेवार ठहर्‍याएको छ ।

प्रजातन्त्र पुनर्स्थापना भएको १२ वर्षमा सरकारमा गएका राजनैतिक पार्टीहरू जनताको गाँस, बास र कपासको व्यवस्था गर्न असफलमात्र भएका होइनन्, देशलाई आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा भताभुङ्ग पारेका छन् । निजीकरणको नाममा देशको कल-कारखाना विदेशी एकाधिकार पूँजीपतिवर्गको हातमा सुम्पने काम गर्नु, टनकपुर, महाकालीजस्ता राष्ट्रघाती असमान सन्धिहरू गरी जलस्रोत विदेशीको हातमा सुम्पदै जानु, भ्रष्टाचार व्याप्त हुनु, महंगी बढ्नु, शोषण, पक्षपात कायम रहनु आदि कारणहरूले माओवादी अराजकतावादीहरूको लागि मलजल दिने काम गरे । राजनैतिक समस्यालाई शुरूमै गम्भीरतापूर्वक लिई समाधानको दिशातिर अगाडि बढेको भए आज यो स्थिति आउने थिएन ।


संकटकाल वर्तमान समस्याको समाधान होइन र हुन सक्दैन । संकटकाल घोषणा भएपछि धेरै निर्दोष जनताको हत्या भएको छ । प्रतिपक्षी राजनीतिक पार्टीका धेरै कार्यकर्ताहरू हत्या, यातना र पीडा भोग्न बाध्य भएका छन् । कुनै कार्यकर्ताहरू त जेल र हिरासतमा परेका छन् । प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादीबाहेक प्रतिपक्षीलाई नदबाउने कुरा बारम्बार भन्नु भएतापनि व्यवहारमा प्रतिपक्षीलाई दबाउनकै लागि संकटकाल लागु भएको प्रष्ट हुंदै आएको छ ।

संकटकालको निहुंमा जनताको गाँस, बास, कपासको लागि चाहिने खर्चबाट हतियार खरिद गर्ने कोशिस भइरहेको छ । यो स्थिति लम्बिदै गएमा देश आर्थिक रूपमा तहस-नहस हुने निश्चित छ । सबै प्रतिपक्षीहरू मिलेर संकटकाल छिटो अन्त्य गर्न जोड दिनु अति आवश्यक भएको छ । एकपटक वार्तामा आइसकेको माओवादीलाई वार्ताबाट भाग्ने बाटो दिनु हुँदैनथ्यो । संविधान सभा र संविधान संशोधनको कुरामा सरकारको तर्फबाट तुरून्त निर्णय दिनु हुने थिएन । माओवादीले माग गरेको संविधान सभा किन र केको लागि भनेर व्यापक छलफल, बहस र अन्तरक्रिया सरकारले किन चलाउन सकेन ? माओवादीको मागप्रति सरकार गम्भीर नहुनु र उनीहरूको हचुवा मूल्यांकन गर्नुले माओवादीहरू पुनः जंगल गएको हुनुपर्छ ।

वर्तमान स्थितिको यथाशिघ्र अन्त्यको लागि आज प्रजातान्त्रिक अधिकार जागाऔं आन्दोलन, नेपालले उठाएको युद्धविरामको घोषणा, सर्वपक्षीय वैठक तथा माओवादीद्वारा उठाइएको संविधान सभाबारे देशव्यापी छलफल, बहस र अन्तर्क्रिया कार्यक्रमहरू गर्नु र यस विवादलाई टुंग्याउन जनमत संग्रहको प्रक्रिया अवलम्बन गर्ने अवधारणाको विषयमा हाम्रो पार्टीको तर्फबाट फरक मत राख्नु पर्ने आवश्यक देखिन्न । □

*(प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन, नेपालले ०५८ साल माघ १७ गते होटेल मल्लमा आयोजना गरेको 'संकटकाल र त्यसको निकास' सम्बन्धमा सर्वदलीय छलफलमा नेमकिपाको तर्फबाट नेमकिपाको केन्द्रीय सचिव सुनिल प्रजापतिले प्रस्तुत गरेको विचार ।)*

# जनता सार्वभौम छन् भने जनतामा जान कुनै रोकावट हुनु हुँदैन



## प्रा. कृष्ण खनाल

माओवादी जनयुद्ध शुरू भएको अहिले ६ वर्ष बितेको छ । प्रारम्भमा उनीहरूको सशस्त्र गतिविधि त्यति ठूलो स्तरमा थिएन । यस्तो लाग्दथ्यो कि उनीहरूको काम कार्वाही एउटा उग्र सैद्धान्तिक भावनाबाट मात्र प्रेरित थियो । तर हेर्दाहेर्दै क्रमिक रूपमा त्यसले देशव्यापी विद्रोहको रूप लियो । र, त्यही किसिमबाट राज्य व्यवस्थाको चालु पद्धतीलाई प्रभाव पाऱ्यो ।

तर यस समस्या समाधानका निम्ति राज्यले कुनै ठोस नीति अवलम्बन गर्न सकेन । पहिलो त माओवादीहरूको गतिविधिलाई हेर्ने दृष्टिकोणमै राजनीतिक तहमा एकरूपता आउन सकेन । कसैले यसलाई आतंकवादसँग दाँजेर हेरे, कसैले यसलाई हिँसा र हत्यासँग मात्र जोडेर हेरे र कसैले यो राजनीतिक समस्या हो भने । तर समय बित्दै जाँदा नेपाली कांग्रेस लगायत सबै राजनीतिक पार्टीहरू यसलाई राजनीतिक समस्या नै हो भन्ने कुरामा सहमत भएका देखिन्छन् । यसपछि खासगरी गिरिजाप्रसाद कोइरालाको राजीनामा र शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुभएपछि उहाँले सारा कुराहरूलाई तोडेर वार्ताको प्रस्ताव गर्नुभयो । माओवादीहरूले पनि त्यसप्रति सकारात्मक प्रतिक्रिया दिएको हामी पाउँछौं ।

सरकार-माओवादीबीच तीन पटक वार्ता भयो । यहाँ तीन चरणसम्म वार्ता भयो भन्ने गरिएको छ । तर यसले गंभीर रूपमा कुनै चरण वा श्रृंखलाको रूप लिएन । केवल तीन पटक दुवै पक्षले भेटे र वार्ता गरे । जे होस्, वार्ता केही सकारात्मक रूपले अगाडि बढेको पनि थियो ।

तेस्रो पटकको वार्तामा दुबैतर्फबाट एजेण्डा प्रस्तुत भयो । माओवादीहरूले गणतन्त्र छाडेर नयाँ संविधान निर्माणको कुरा ल्याए । विभिन्न जटिलताका बावजूद दुबै पक्षले वार्ताको प्रगतिप्रति सापेक्ष रूपमा सन्तोष व्यक्त गरे ।

तर वार्ताको टेबुलबाट निक्लेको केही समयपछि नै माओवादीहरूले केन्द्रीय क्रान्तिकारी जनपरिषदको घोषणा गरे । त्यसलाई राजनीतिक भाषामा हामी समानान्तर सरकार भन्न सक्छौं । त्यसपछि माओवादी अध्यक्ष प्रचण्डको 'वार्ताबाट राजनीतिक निकास हुन सक्ने सम्भावना देखिंदैन' भन्ने आशयको वक्तव्य बाहिर आयो । बाहिरबाट हेर्दा के लाग्दथ्यो भने वार्तामा भएको ढिलासुस्ती र अपेक्षित रूपमा परिणाममा पुग्न नसकेको स्थितिलाई हेरेर सरकारलाई दबाव दिनका लागि उनीहरूको त्यस्तो कुरो बाहिर आएको हो ।

तर लगत्तै दाङ्ग, स्याङ्जा र सोलुखुम्बुलगायतका केही जिल्लाहरूमा जुन किसिमका घटनाहरू घटाइए, त्यसले के देखायो भने माओवादीहरूले वास्तवमा दवाव रणनीति अन्तर्गत ती घटनाहरू घटाएको नभई उनीहरूले नीति नै बदलेका हुन् । त्यसबाट उनीहरू 'वार्ता होइन हतियारबाटै आफ्नो अभिष्ट अर्थात् लक्ष्य प्राप्त हुन्छ' भन्ने कुरामा विश्वास गरिरहेको संकेत मिल्यो ।

दाङ्गको घटनाबाट के पनि देखिन्छ भने माओवादीहरूले आफ्नो सैन्यशक्तिबारे अति मूल्यांकन (over estimation) गरेका रहेछन् । र, अर्को कुरो त्यस घटनाबाट उनीहरूमा गैर-राजनीतिक तत्वहरूले बढी प्रभाव जमाउन थालेको देखिन्छ ।

दाङ्गको घटनापछि राज्य तथा सरकारले माओवादीहरूलाई हेर्ने दृष्टिकोण बदल्नु स्वभाविक थियो । उसले दृष्टिकोण बदल्यो पनि र राज्य अब सैन्य बलकै भरमा बल प्रयोगबाटै माओवादीहरूलाई नियन्त्रण गर्नुपर्छ भन्ने टुङ्गोमा पुग्यो । त्यसको परिणामको रूपमा संकटकालको घोषणा र सेना परिचालन हुन पुग्यो ।

सैद्धान्तिक रूपमा भन्नु पर्दा समाजमा व्यक्तिले बल प्रयोग गर्ने कामलाई अवैध मानिन्छ । र, राज्यमात्र त्यस्तो एउटा संस्था हो, जसलाई बल प्रयोग गर्ने वैधानिक अधिकार प्राप्त छ । हामी प्रजातन्त्रमा किन जोड दिन्छौं भने प्रजातन्त्रबिनाको बल प्रयोग निरंकुश हुन्छ । त्यस्तो बल प्रयोग हामीकहाँ राणा शासन वा पंचायतको पालामा नेपाल राज्यले नेपाली जनताविरूद्ध गऱ्यो ।

तर आजको परिस्थिति भिन्न छ । आज विभिन्न कमजोरीका बावजूद पनि राज्यपद्धति जनमतमा आधारित छ । र, सैद्धान्तिक रूपमा भन्नु पर्दा विश्वका पूर्ण प्रजातान्त्रिक मुलुकहरूको सूचीमा हाम्रो देश पनि पर्छ । व्यवहारमा हाम्रा कमी कमजोरीहरू छैन् म भन्दिनँ ।

संकटकालको घोषणा र सेना परिचालनको स्थितिलाई प्रारम्भमा स्वभाविक रूपले नै लिन सकिन्छ । हिँसा र सशस्त्र विद्रोहको स्थितिमा कुनै पनि राज्यले सेनाको परिचालन गर्छ । र, त्यो बेलामा संकटकालै जरूरी छ भन्ने होइन । बिना संकटकालको घोषणाबाट पनि सशस्त्र विद्रोहलाई नियन्त्रण गर्नका लागि सेना परिचालन भएका उदाहरणहरू अन्य देशहरूमा पनि छन् । हामीकहाँ पनि त्यस्तै हुन सक्दथ्यो ।

तर सेना परिचालनको बारेमा हामीकहाँ लामो विवाद छ । यहाँ सेना परिचालन हुनको निम्ति सेनाले नै शर्तहरू राखेका उदाहरणहरू भेटिन्छन् । तसर्थ संकटकाल सेनाको शर्त हो कि भन्ने कुराहरू आएका छन् । सेनाको कारवाहीमा हुनसक्ने गल्ती र ज्यादतिलाई संकटकालले छोप्ने आवरण दिनसक्छ । संभावित गल्ती र ज्यादती छोप्नकै लागि हो भने संकटकाल संवैधानिक प्रावधानको दुरूपयोग पनि हो । प्रजातन्त्र भनेको स्वतन्त्रताका साथै कानूनको शासन हो । सरकारले यो संकटकाल माओवादीको निम्ति मात्र हो, अरूका लागि होइन भनेतापनि व्यवहारमा त्यस्तो देखिएको छैन । जनताको स्वतन्त्रता अहिले संकुचित भएको छ, सीमित भएको छ । कानूनी शासनको मर्यादा अवरूद्ध भएको छ ।

अहिले संकटकाल लागु भएको तीन महिना हुन लाग्दैछ । संसदले यसलाई अनुमोदन गरेन भने तीन महिनाको अवधि सकिनासाथ यो स्वतः निष्क्रिय हुन्छ ।

यस अवधिभित्र संकटकालको स्थिति र सेना परिचालनलाई मूल्याङ्कन गर्दा हामी के पाउँछौं भने माओवादीहरूको मुख्य थलो मध्य पश्चिममा सेना प्रवेश गरेकै छैन । माओवादीहरूको सशस्त्र दस्तासम्म सेना पुगेकै देखिंदैन । सदरमुकाम र केही राजमार्गहरूको छेउछाउसम्म मात्र सेना सीमित देखिन्छ । जब कि माओवादी संगठनको आधार त सदरमुकामभन्दा परको दुर्गम ग्रामीण क्षेत्र हो । ती ग्रामीण क्षेत्रमा प्रवेश गर्न नसकुञ्जेल सेनाले माओवादीहरूलाई निशस्त्र पार्न सक्ने स्थिति छैन ।

त्यसकारण संकटकालीन स्थिति र सेना परिचालनले अपेक्षित मात्रामा माओवादीलाई नियन्त्रण गर्न सकेको देखिंदैन । त्यसैले के देखिन्छ भने संकटकालको घोषणा र सेना परिचालनमात्र माओवादी समस्या समाधान गर्ने अचूक औषधि होइन । यसको अलावा राजनीतिक रूपमा पनि पहल गर्नु जरूरी छ ।

अन्यत्रको उदाहरण लिने हो भने श्रीलंकामा जे.भि.पी.ले हामीकहाँ माओवादीहरूले गरेजस्तै पहिले सशस्त्र विद्रोह गरेको थियो । सेनाको दमनले त्यो विद्रोह खतम भयो । त्यसको अर्थ माओवादी विचार खतम भयो भन्ने होइन । हिजो सशस्त्र विद्रोहमा उत्रेको पार्टी अहिले त्यहाँ चुनावी राजनीतिक प्रक्रियामा उत्रेको छ ।

त्यसैले माओवादीहरूले पनि के सोच्नु जरूरी छ भने हिंसात्मक कार्वाहीबाट उनीहरूको अभिष्ट पूरा हुँदैन र उनीहरू राजनीतिक प्रकृयामा ओर्लनु पर्छ । त्यस्तैगरी सरकारले पनि सैन्य बलले नै माओवादीहरूलाई सखाप पार्न सकिन्छ भन्ने कुरा सोच्नु हुँदैन ।

अहिले राजनीतिक प्रक्रिया अवरूद्ध हुनुमा स्वयं

माओवादीहरू नै मुख्य रूपमा जिम्मेवार छन् । जनताप्रति अलिकति पनि जिम्मेवार छन् भने यो अवरोध तोडेर राजनीतिक पहलको प्रक्रियामा उनीहरूले नै पहिले अग्रसरता देखाउनु जरूरी छ । अहिले देशमा मुख्यरूपमा तीनवटा कारणहरूले गर्दा राजनीतिक प्रकृया अबरूद्ध हुन पुगेको छ । एउटा कारण त माओवादीहरूले हतियार छोड्ने प्रतिवद्धता कहीं कतै व्यक्त गरेको हामी पाउँदैनौं । र, त्यो प्रतिवद्धता नआउञ्जेलसम्म कहीं कतैबाट पनि राजनीतिक पहल हुन सक्दैन ।

दोस्रो कुरो, माओवादीहरूको प्रस्तुति एउटा राजनीतिक नेतृत्वको आधारमा हुनुपर्‍यो, हतियारबन्द नेतृत्वको आधारमा होइन । अहिले के देखिन्छ भने त्यहाँ हतियारबन्द दस्ता बढी हावी भएको छ ।

माओ त्से तुङ्गलाई उनीहरू आदर्शको रूपमा मान्छन् । तर माओ त्से तुङ्ग आन्दोलनको क्रममा राजनीतिक नेताका रूपमा देखिएका थिए । चाओ ऐन लाइ पनि सशस्त्र नेता थिएनन् । हो, चू तेह सशस्त्र दस्ताबाट आएका थिए । तर उनी पनि राजनीतिक प्रतिनिधिको रूपमा नै प्रस्तुत भएका थिए । जहिले पनि निर्णय राजनीतिक तहमा नै लिने गरिन्थ्यो । सशस्त्र दस्ताको तहबाट होइन ।

**अहिले देशमा मुख्यरुपमा तीनवटा कारणहरुले गर्दा राजनीतिक प्रकृया अबरुद्ध हुन पुगेको छ ।**

तर माओलाई आदर्श मानी राजनीति गर्न खोजेका माओवादीहरूले यो के गर्न खोजेको हो बुझ्न नसक्ने कुरो भएको छ । आन्दोलन र गुरिल्ला युद्धको बारेमा माओले प्रस्तुत र अवलम्बन गरेका सूत्रहरूको सामान्य जानकारी राख्नेलाई पनि थाहा छ कि, 'शत्रु'को जीवन नै समाप्त (Execte) गर्ने अनुमति दिइएको छैन । तर यहाँ माओवादीहरू सबभन्दा पहिले हत्या नै गर्न खोज्छन् । उन्मूलन गर्नु भनेको हत्या गर्नु होइन । शत्रु पक्षलाई समाप्त गर्नु भनेको सफाया गर्नु होइन । मान्छे मारेर विचार सकिदैन । जसरी माओवादी मारेर माओवादी विचार सकिदैन भनेर हामी भन्छौं भने त्यसरी नै माओवादीहरूले पनि के बुझ्नु जरूरी छ भने व्यक्ति हत्या गरेर त्यस पछाडिको सभ्यता, समाज र विचार समाप्त हुँदैन ।

तेस्रो कुरा के हो भने माओवादी आन्दोलन, संकटकालको स्थिति र सेना परिचालमा राष्ट्रले मानव मूल्य बढी चुकाउनु परेको छ । मानवीय नोक्सान अति भयो । भौतिक नोक्सान त छँदैछ, त्यसको त कुरै नगरौं । भौतिक नोक्सानको भोलि क्षतिपूर्ति हुनसक्छ, तर मानवीय नोक्सानको क्षतिपूर्ति हुन सक्दैन । आज मरेको मान्छेलाई भोलि कहाँबाट ल्याउने ? त्यसैले मानवीय नोक्सानप्रति माओवादीहरूले जिम्मेवारीपूर्वक क्षमा माग्न सक्नुपर्छ । त्यसो गर्न नसक्ने हो भने समस्याको शान्तिपूर्ण राजनीतिक समाधान छैन ।

त्यसैले यी तीनवटा कुराहरू, पहिलो, हतियार छोड्ने सार्वजनिक प्रतिवद्धता, दोस्रो, राजनीतिक नेतृत्वको विवेकपूर्ण र हिम्मतपूर्ण निर्णय र तेस्रो, मानवीय नोक्सानप्रति क्षमा याचना माओवादीहरूले गर्छन् भने माओवादी समस्यालाई राजनीतिक प्रक्रियाको बाटोमा लान सकिनेछ । र, यसको दीर्घकालीन राजनीतिक समाधान संभव छ ।

अर्को कुरो, यदि नेपाली जनता सार्वभौम भएका हुन् र राज्यले सिद्धान्त र व्यवहार दुवैमा जनतालाई सार्वभौम मानेको छ भने जनमत संग्रहको सवालमा कुनै किसिमको रोकावट हुनु हुँदैन । जनतामा जाने कुरालाई कुनै रोकावट हुनु हुँदैन । अहिले एउटा चर्चा आएको छ कि संविधान सभाको चुनाव सोझै हुन सक्दैन भने संविधान सभाको चुनाव गर्ने कि नगर्ने भनेर जनतालाई किन नसोध्ने ? यो पहिले माओवादीहरूबाट प्रस्तुत भएको कुरा हो । अहिले त्यही कुरा राजाबाट पनि आइसक्यो । केही समयअगाडि एउटा साप्ताहिकको सम्पादकलाई राजा स्वयंले 'जनधनको सुरक्षा, देशमा शान्ति र सुव्यवस्था कामय गर्न' संविधान सभाका लागि जनमत संग्रह गर्न आपत्ति नभएको मात्र होइन, त्यसका लागि 'मेरो सल्लाह छ' भनी एक साप्ताहिकले छापेको छ ।

यसरी संविधान सभा गर्ने कि नगर्ने भन्ने सवालमा जनमत संग्रह गर्न राजाको मान्यता र सल्लाह दुवै आइसकेको छ । संवैधानिक राजतन्त्रका प्रमुख राजा स्वयंले त्यस्तो भनिसकेपछि अब राजनीतिक समाधानको लागि जनतामा जान कुनै बाधा अवरोध बाँकी हुनु नपर्ने हो ।

त्यसैले समाधान खोज्ने क्रममा कतैबाट पनि संकुचितता देखाउनु हुँदैन । यदि जनमतमा आधारित समाधान खोज्ने हो भने न सत्ता पक्ष न माओवादी पक्ष, न राजा न जनता कोही पनि राजनीतिक स्वार्थको सीमित घेरामा बस्नु हुँदैन ।

मान्छेहरू के पनि कुरा गर्छन् भने एउटा संविधान चलिराखेको छ, कसरी अर्को प्रक्रियामा जाने ? यो प्रश्न सामान्य अवस्थामा ठीकै हो । तर हामीले एक दुई ठाउँको उदाहरण दिन सक्छौं । जस्तो कि फ्रान्सको कुरा गर्ने हो भने दोस्रो विश्वयुद्धताका र त्यसपछि त्यहाँ हाम्रो जस्तै संसदीय व्यवस्था थियो । उनीहरू त्यसलाई चौथो गणतन्त्र भन्थे । तर त्यहाँ ६/६ महिनामा नै सरकार फेरिरहने भयो । स्थिर सरकार कहिल्यै बनेन । र, एउटा चरम अस्थिरतामा फ्रान्स पुग्यो । त्यसबाट पार पाउने कस्तो तरिका अपनाइयो भने फ्रेन्च संसदले त्यतिखेर चार्ल्स देंगल, जो सैनिक पृष्ठभूमिबाट आएका थिए, उनलाई सम्पूर्ण अधिकार दिइयो । जब कि त्यसरी संसदले एक व्यक्तिलाई अधिकार दिने व्यवस्था संविधानमा थिएन । तर, 'अस्थिरताबाट देशलाई -जोगाऊ' भनेर संसदले संविधानमै व्यवस्था नभएको प्रक्रियाबाट चार्ल्स देंगललाई सम्पूर्ण अधिकार दियो । त्यसपछि नयाँ संविधानको निर्माण भयो । र, पाँचौ गणतन्त्रको नाममा १९५८ देखि त्यही संविधानअन्तर्गत फ्रान्सले स्थिरता पाउन सकेको छ ।

त्यसैले राजनीतिक नेतृत्वले हिम्मत गरेको खण्डमा संकटमोचन गर्न संविधानमा व्यवस्था नगरिएको तरिकाबाट पनि देशलाई निकास दिन सक्छ, खालि शर्त के हुन्छ भने जनताप्रति अटूट विश्वास । जनताबाहेक अरूलाई विश्वास गरेर कुनै निकास खोजियो भने त्यो अत्यन्त अराजनीतिक हुन्छ, त्यसले हामीलाई निरंकुशतन्त्रमा फर्काउन पनि सक्छ । यदि नेतृत्वको प्रतिबद्धता जनताप्रति छ र, जनभावनालाई बुझ्ने हो भने संविधानका प्राविधिक दफाहरूलाई हामीले बिर्सनु पर्ने पनि हुनसक्छ । ❑


प्रजातन्त्र दिवसको उपलक्ष्यमा जिल्लावासी तथा सम्पूर्ण देशवासीहरुमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौ ।

कैलाश ढुंगेल
सभापति तथा

रामेछाप जि.वि.स.
परिवार

मकालु यातायात
फोन नं. २८१७०४

| जाने स्थान | छुट्ने समय |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा | विहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | विहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | विहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज | विहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | विहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | विहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | विहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर | बिहान ७:४० बजे |
| काठमाण्डौ - विरगंज | विहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | विहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ८:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - विरगंज रात्री | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस !

# पर्यटकहरूको आवागमनमा करिब ७०-८० प्रतिशतले कमी आएको छ



**नरेन्द्र बज्राचार्य अध्यक्ष, होटेल एशोसिएसन नेपाल**

● **संकटकाल लागू गरिसकेपछिको अवधिमा पर्यटन उद्योग र होटेल व्यवसायमा के कस्तो असर परेको छ ?**

-विगत २ वर्षयता राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा भएका विभिन्न घटनाहरूले पर्यटन उद्योगलाई निश्चय पनि नकारात्मक असर पारेका छन् । त्यसमा पनि विशेष गरेर सेप्टेम्बर ११ को अमेरिकाको घटनापछि व्यापक रूपमा एशियातर्फ आउने पर्यटकहरूको संख्यामा कमी आएको छ ।

त्यस्तै गरी विगत साढे २ महिनादेखि देशमा संकटकाल लागु भएपछि विशेष गरेर, जापान तथा अन्य मुलुकका पर्यटकहरूको आवागमनमा पनि निकै कमी आएको देखिन्छ । तोकेर नै भन्नु पर्दा, सेप्टेम्बर ११ को घटनापछि र देशमा संकटकाल लागु भएदेखियता पर्यटकहरूको आवागमनमा करिब करिब ७०-८० प्रतिशतले कमी आएको छ ।

यसो हेर्दा संकटकाल लागु भएपछि देशमा शान्ति सुरक्षाको स्थिति राम्रो भई पर्यटकहरूको आगमनमा बृद्धि हुनुपर्ने थियो, तर विभिन्न कारणवश, खासगरी, सेप्टेम्बर ११ पछि एशियातर्फ आउने युरोपियन, अमेरिकन, अष्ट्रेलियन पर्यटकहरू र एशियाकै जापानीहरू, सिंगापुरेहरू अहिले नेपाल भ्रमणमा आउन चाहिरहेका छैनन् ।

र, विशेषगरी जापानी राजदूतसँग केही हप्ताअगाडि भएको वार्ताको क्रममा हामीले के थाहा पायौं भने, जापानीहरू विशेषतः संकटकाल भन्ने शब्दसँग अत्यन्त तर्सिन्छन् । त्यसैले जबसम्म संकटकाल भन्ने रहन्छ, तबसम्म जापानी पर्यटकहरू आउने कुनै सम्भावना देखिँदैन भन्ने संकेत उहाँको कुराबाट स्पष्ट हुन्थ्यो । त्यसकारण अहिलेको स्थिति भनेको पर्यटन उद्योगीहरूको लागि अत्यन्त मिश्रित अवस्थाको छ । एकातिर शान्ति सुरक्षा नभइकन पर्यटकहरू आउने स्थिति छैन, त्यसैले त्यसको लागि संकटकालको आवश्यकता पनि छ जस्तो लाग्छ, अर्कोतिर संकटकाल नै पनि पर्यटकहरूको नेपाल आगमन नहुनुको कारण बनेको छ ।

त्यसकारण श्री ५ को सरकारसँग हाम्रो विशेष अनुरोध के छ भने, आवश्यक स्थानहरूमा मात्रै संकटकालको घोषणा गरेर पर्यटकीय शहरहरू वा पर्यटकहरू बढी जाने स्थलहरू, जहाँ संकटकाल लागु गर्नु जरूरी छैन, ती ठाउँहरूमा संकटकाललाई फिर्ता लिइयोस् । हाम्रो यो भनाइ हामीले श्री ५ को सरकारलाई अवगत गराइसकेका छौं ।

अहिले सरकार र माओवादीहरू विनावार्ता दुई दिशातर्फ जुन हिसावमा गइरहेछन्, यो स्थिति देश, व्यवस्था र कुनै पनि किसिमको उद्योग व्यवसायको लागि हितकर छैन । त्यसकारण हामी उद्योग व्यवसायहरू श्री ५ को सरकार र माओवादी दुवैलाई एकपटक पुनः वार्ताको टेबुलमा आउन आह्वान गर्छौं । र, आफ्ना आफ्ना राजनीतिक धार, विचारधारा एवं उद्देश्यहरू फरक फरक हुने भएकोले वार्ताकै टेबुलमा आएर एउटा दूरगामी दृष्टिमा देशलाई कसरी डोऱ्याउने भन्नेतर्फ संयुक्त रूपमा छलफल गर्दा नै परिणाममुखी निष्कर्ष निक्लनसक्छ भन्ने कुरामा हामी विश्वास राख्छौं ।

त्यसकारण यदि श्री ५को सरकारले संकटकाल लम्ब्याउँदै जाने र वार्ताको वातावरणको लागि कुनै संकेत नै नदेखाउने हो भने भोलिको दिनमा उठ्नै नसक्ने किसिमले देश संकटमा फँस्नसक्छ । र, आर्थिक रूपमा राष्ट्र तहसनहस हुनसक्छ । यो स्थिति हुन गयो भने भोलि देश संसारको सबभन्दा गरीव र आर्थिक रूपमा दरिद्र कहलिन सक्छ ।

त्यसैले सबै समस्याको समाधानको मूल कडी भनेको आजको अवस्थामा जनताले काम र माम पाउने स्थितिको सिर्जना गर्नु हो र विकासको प्रतिफल देशको कुना काप्चासम्म पुऱ्याउन सक्नु हो । यसको लागि श्री ५ को सरकारले विकासका योजनाहरू बिकेन्द्रित रूपले देशभरि फैलाउनुपर्छ, गरिबीको रेखामुनि परेका जनतासम्म विकासका लहरहरू पुऱ्याउनुपर्छ र देशमा भित्रिएका सानाभन्दा साना विकास कोषलाई पनि सकेसम्म विकेन्द्रित रूपमा छरेर देशका कुनाकाप्चासम्म पुऱ्याउने योजनाहरू अगाडि ल्याउनुपर्छ ।

देशमा प्रजातन्त्रको प्रादुर्भावपछि विगत ११/१२ वर्षको अवधिलाई मूल्यांकन गरेर हेर्दाखेरि देश सही दिशातर्फ लम्किरहेको कसैले पनि पाएको छैन । यदि यो कुरालाई राम्रोसँग पुनर्मूल्यांकन गरेर नहेर्ने हो भने भोलि यो देश अझ बढी विसंगति र विखण्डनतर्फ अगाडि बढेको हामीले पाउनेछौं । के उद्योग, के पेशा र के व्यवसाय सबै अहिले खस्किँदो अवस्थामा छन् । उद्योग धन्दाहरू चौपट छन् । बेरोजगारी द्रूत गतिमा बढिरहेछ । विकासका प्रतिफलहरू कसैले भोग्न पाएका छैनन् ।

प्रजातन्त्र आइसकेपछि मानिसहरूले जुन परिकल्पना गरेका थिए, त्यसमाथि ठूलो तुषारापात भएको छ । यी सबै कारणले गर्दा मान्छेहरू बाध्य भएर कुनै उग्र किसिमको वादतिर ढल्कँदै गइरहेको हामी पाउँछौं ।

त्यसकारण सबैभन्दा ठूलो कुरो त आफ्ना विभिन्न किसिमका राजनीतिक आकांक्षाहरू, राजनीतिक वादहरूलाई आफ्नो ठाउँमा रहन दिई विकासको प्रक्रियामा देशलाई कसरी अगाडि बढाउने भन्नेतर्फ सबै राजनीतिक पार्टीहरूको एउटै किसिमको आवाज हुनुपर्‍यो । र, देश विकासको प्रक्रियाको कुनै पनि योजना सबै राजनीतिक पार्टीहरूको योजना हुनुपर्‍यो । त्यस्तै, देशले प्राप्त गर्ने कुनै पनि विकासको प्रतिफल देशको कुनाकाप्चामा रहेका सबै नेपालीहरूले अनुभूत गर्नु सक्नुपर्‍यो । यो नै अहिलेको समस्याको समाधानको सबभन्दा ठूलो कुराको रूपमा देखापरेको छ ।

अहिले देशमा के भइरहेछ भने, धनीहरू झन् झन् धनी बन्दै गएको र त्यस्तै गरी हिजोको दिनमा केही नभएका राजनीतिक नेताहरू अहिले उच्च तहका सम्पन्न व्यक्तिहरू बनेको स्थिति छ । यी कुराहरूबाट गाउँलेहरू, जसले प्रजातन्त्र र विकासको कुनै पनि प्रतिफल पाएका छैनन, उनीहरूमा असन्तोष झन् झन् बढ्दै गइरहेको स्थिति छ । त्यसकारण हामी सबैले एकचोटि ठण्डा तथा खुला दिलले चिन्तन गर्नु जरूरी भएको छ । अहिलेसम्म हामी उद्योग व्यवसायहरूले जे जति दुःख कष्ट व्यहोर्नु परेको भएता पनि एक पल्ट पुनः श्री ५ को सरकार र माओवादीलगायत अन्य विभिन्न पार्टीहरू एउटै वार्ताको टेबुलमा आएर देश विकासको मुख्य धार (main stream) मा आउन् भनेर हामी आह्वान गर्छौं । यस्तो नहुने हो भने अहिलेको स्थितिले गर्दा भोलि देश कुन विकराल स्थितिमा जाने हो ? यसबारे बाध्य भएर सवा दुई करोड नेपाली जनता आफैले सोच्नु पर्ने स्थिति पैदा हुन्छ ।

● **संकटकाल लागु भएपछि पर्यटकहरू कति संख्यामा**

> **पर्यटकहरू बढी जाने स्थलहरू, जहाँ संकटकाल लागु गर्नु जरूरी छैन, ती ठाउँहरूमा संकटकाललाई फिर्ता लिइयोस् ।**

घटेको पाइन्छ ?

-प्रत्येक महिना महिनामा पोहोरको दाँजोमा मूल्यांकन गरेर हेर्दाखेरि २५-६० प्रतिशतसम्म पर्यटकहरू सेप्टेम्बरदेखि जनवरी महिनासम्म घटेको हामीले पायौं । विशेष गरी, नेपालमा आउने कूल पर्यटक संख्यामा एक तिहाई भाग ओगट्ने भारतीय पर्यटकहरू त ७०-८० प्रतिशतसम्म नै घटेको हामीले पायौं । यो किन भयो भनेर हामीले आफूले आफूलाई नै मूल्यांकन गरेर हेर्नु अति जरूरी छ । विगत केही महिनादेखि हामी यसै प्रयासमा छौं ।

नेपालमा पर्यटकहरू नआउनुका विभिन्न कारणहरूमध्ये एउटा त देशमा शान्ति सुरक्षाको अवस्था खस्कँदो स्थितिमा रहनुले नेपालमा संचालित विभिन्न अन्तर्राष्ट्रिय हवाई यातायातहरू बन्द हुँदै जानु रहेको छ । अर्को कुरो, अन्य देशहरूमा हेर्ने हो भने पर्यटकहरूका लागि धेरै किसिमका राम्रा राम्रा प्याकेजहरू ल्याइएका हुन्छन् , जुन हामीकहाँ छैनन् र त्यही कारणले तिनीहरूसँग हामीले प्रतिस्पर्धा गर्न सकिराखेका छैनौं ।

श्रीलंका, थाइल्याण्ड, कम्बोडिया, भियतनाम, लाओस, सिंगापुरजस्ता देशहरूमा त्यहाँको राष्ट्रिय ध्वजाबाहक बिमानहरूसँग मिलेर विभिन्न होटेल र ट्राभल एजेन्सीहरूले एकदमै राम्रा र सस्ता प्याकेजहरू उपलब्ध गराएका छन् । तर हाम्रो आफ्नो शाही ध्वजाबाहक बिमानको दुर्दशाको कारणले गर्दाखेरि हामी त्यस किसिमका प्याकेजहरू दिन असमर्थ भएका छौं । हामी दक्षिण एशिया र दक्षिण पूर्वी एशियाको पर्यटन उद्योगको दौडमा अत्यन्त पछाडि परेका छौं ।

**● संकटकाल लागु भएपछि होटेलहरूको सिट ओगटाइ कति प्रतिशतसम्म घटेको छ ?**

-पर्यटकहरू आउन कमी भएको कारणले धेरैजसो एयर लाइन्सहरू बन्द हुनथालेका छन् । आर.एन.एसी. कै पनि दिल्ली-काठमाण्डौं लगायतका अन्य रूटहरू बन्द हुँदै गइरहेका छन् । त्यस्तै गरेर, लुफ्थान्सा बन्द भयो, हङकङबाट चल्ने ड्रागन एयरलाइन्स बन्द भयो । साथै अष्ट्रियन एयरलाइन्स, एरोफ्लोट लगायत अन्य हवाइसेवाहरूले पनि आफ्ना सेवाहरू बन्द गर्ने सोचाइ बनाएका छन् । त्यस्तै किसिमले, इण्डियन एयरलाइन्सले हप्ताको ७ वटा हवाइ उडानहरू राखेकोमा त्यसलाई घटाउन लागिरहेको छ ।

## अष्ट्रियन एयरलाइन्स, एरोफ्लोट लगायत अन्य हवाइसेवाहरुले पनि आफ्ना सेवाहरु बन्द गर्ने सोचाइ बनाएका छन्

यसरी नेपालमा चलिरहेका हवाइसेवाहरू बन्द हुन थालेबाट नेपालको पर्यटन व्यवसाय भयावह स्थितिमा पुगेको प्रष्ट हुन्छ । पहिलेपहिले यस मौसममा ८० देखि ९० प्रतिशतसम्म होटेलका सिटहरू भरिन्थे । अहिले १० देखि २० प्रतिशतभन्दा बढी छैन । यस्तो स्थिति अझ धेरै दिन रहिरहेको खण्डमा नेपालमा होटलहरू बन्द हुने कुरा अवश्यम्भावी छ ।

**● होटल व्यवसायीहरूले लिएका ऋणहरू तिर्नसक्ने स्थितिमा उनीहरू छैनन् भन्ने कुरा सुनिन्छ । के साँच्चै त्यस्तो स्थिति पैदा भएको हो ?**

-साँच्चै भन्ने हो भने अहिले सम्पूर्ण होटेलहरू बन्द हुने स्थितिमा छन् । कतिपय होटेलहरूले आफ्ना कर्मचारीहरूलाई केही महिनादेखि तलब दिन सकिरहेका छैनन् । यहाँ भएका होटेलहरूमध्ये ९५ प्रतिशत जति होटेलहरू बैंकको ऋणबाट नै संचालित भइरहेका छन् । पर्यटकहरू जति बढी आए, त्यति नै होटलहरूको आम्दानी बढ्ने हो र बैंकको ऋण तिर्न सक्ने हो । अहिले पर्यटकहरू आउनमा कमी भएकोले होटेलहरू घाटामा गइरहेका छन् । यस्तो अवस्थामा उनीहरूले बैंकको ऋण तिर्न नसक्नु स्वभाविक नै हो ।

त्यसैले हामीले श्री ५ को सरकारसँग विभिन्न होटेलहरूले लिएको ऋणमा करीव १ वर्षको पुनर्तालिकीकरण गर्ने, पुराना व्याजहरूलाई केही समयको लागि पछाडि सार्ने, व्याजमाथि लागेको स्याजलाई मिनाहा गर्ने र होटेल चल्न नसक्ने अवस्थासम्म होटल धान्नको लागि आवश्यक कमसेकम चालु पूँजी सफ्टलोनको रूपमा विनाधितो श्री ५ को सरकारले उद्योगपतिहरूलाई उपलब्ध गराइदिने भन्ने बारेमा कुराकानी गरेका थियौं । होटललगायत पर्यटनसँग सम्बन्धित अरू उद्योग व्यवसायहरूको स्थिति पनि त्यही छ ।

तैपनि नेपालमा सबैभन्दा बढी लगानी भएको क्षेत्र होटेल नै हो । यदि होटेलहरू बन्द भए भने यसले दीर्घकालीन प्रभाव पार्छ । त्यसैले होटेलहरू बन्द हुन नदिनका लागि हामीले करीव ८ महिनासम्म माथि भनिएका सुविधाहरू दिन श्री ५ को सरकारसँग कुरा गरेका थियौं । त्यसमा श्री ५ को सरकार सकारात्मक देखिन्छ । तर बैंकहरूको कार्टेलिङ्को कारणले र उनीहरूले धेरै वार्गेनिङ्ग गरिरहेको कारणले अहिलेसम्म यसको व्यवस्था हुनसकेको छैन । निकट भविष्यमा हामी श्री ५ को सरकारसँग कुराकानी गर्न गइरहेका छौं । यदि यो एक महिनाभित्र श्री ५ को सरकारले बैंकहरूलाई निर्देशन दिएर यसको व्यवस्था हुन सकेन भने छिट्टै नै धेरैजसो होटेलहरू बन्द भएको कुरा तपाईंहरूले सुन्नु पर्ने स्थिति आउनेछ । ❑

प्रजातन्त्र दिवसको
उपलक्ष्यमा
सम्पूर्ण नगरवासीहरुमा
हार्दिक
मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
धवलशमसेर राणा
नगरप्रमुख तथा
नेपालगंज नगरपालिका
परिवार

फागुन ७ गते
प्रजातन्त्र दिवसको उपलक्ष्यमा
सम्पूर्ण ग्राहकवर्ग तथा
देशवासीहरुमा
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)



# संकटकालको ७० दिन मानवअधिकारको दृष्टिमा

सुशील प्याकुरेल


नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको २०५८ मंसिर ४ गते सार्वजनिक गरिएको "वार्ताबाट राजनीतिक निकासको संभावना क्षीण हुँदै गएको" भन्ने विचार पत्रपत्रिकामा प्रकाशित हुनासाथ नेपालको राजनीतिक तहमा विभिन्न शंका तथा चर्चाहरू शुरू हुन थालिसकेका थिए । त्यसपछि ८ दिनसम्म देशको राजनीतिक माहौल एकदमै तनावपूर्ण र अन्यौलग्रस्त रह्यो । मंसिर ६ गते प्रचण्डको औपचारिक वक्तव्य प्रकाशित भयो, जसमा "सरकारले वार्ताको माध्यमबाट सकारात्मक राजनीतिक निकास निकाल्ने सबै ढोका बन्द गरेकाले युद्धविराम सम्बन्धी आफ्नो निर्णयको औचित्य समाप्त भएको" उल्लेख छ । त्यसको २ दिनपछि नै अर्थात् मंसिर ८ गते राती दाङ्गको घोराहीमा सशस्त्र माओवादीहरूद्वारा सैनिक ब्यारेक, प्रहरी र जिल्ला प्रशासन कार्यालयहरूमा आक्रमण भयो । त्यसै दिन बिहान डा. बाबुराम भट्टराईको नेतृत्वमा ३७ सदस्यीय "संयुक्त क्रान्तिकारी जनपरिषद्" गठन भएको समाचार सार्वजनिक भएको थियो । त्यसको ३ दिनपछि अर्थात् मंसिर ११ गते सरकारले "आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजायँ गर्ने व्यवस्था गर्न बनेको अध्यादेश" जारी गर्‍यो । त्यसै दिन बेलुका नेपाल अधिराज्यभर संकटकालीन स्थितिको घोषण भयो र अधिराज्यभर सैनिक परिचालन गरियो ।

यसरी एक हप्ताको अवधिभित्र राजनीतिक परिदृश्यमा निकै उथलपुथल भएपछि अन्ततोगत्वा पहिले नै राजनीतिक विश्लेषकहरूले शंका गरेको "संकटकालको घोषणा र सैनिक परिचालन" भएरै छाड्यो । एक हप्ता अघिसम्म राजनीतिक समूहका रूपमा मान्यता प्रदान गरी शान्ति वार्तामा आमन्त्रण गरिएको नेकपा (माओवादी) आतंककारी घोषित भयो। हिजोसम्मको राजनीतिक समूह र राजनीतिक कार्यकर्ताहरू अब "आतंककारी"का नामले पुकारिन थाले ।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग १८ को धारा ११५ अनुसार संकटकालको घोषणा भएपछि नेपाली जनताको मौलिक हकअन्तर्गत संविधानमा व्यवस्था गरिएको स्वतन्त्रताको हक तथा छापाखाना र पत्रपत्रिकासम्बन्धी हकहरू निलम्बन गरिएका छन् । अर्थात् नेपाली जनता स्वतन्त्रता जस्तो मौलिक, प्रजातान्त्रिक हकबाट बञ्चित भएका छन् ।

सरकारले जे जस्तो तर्क दिए तापनि माओवादी सशस्त्र क्रियाकलाप नियन्त्रण गर्न पहिलो प्रहार जनताको मौलिक प्रजातान्त्रिक हकमाथि नै गर्नु पर्ने थियो त ? के एउटा सशस्त्र समूहसित जुध्न सार्वभौम जनताको हक खोस्नैपर्ने थियो त ? यसको उत्तर शायद "हुन्छ" मै जान्छ अर्थात् "देशमा व्याप्त आतंकलाई निस्तेज पार्न जनअधिकारको कटौती" गर्नैपर्छ भन्ने मानसिकताबाट संकटकालको घोषणा गरिएकाले पनि होला अध्यादेशको धारा १२ मा "सभा सम्मेलन गर्न र विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न पाउने" उल्लेख भए पनि र बारम्बार प्रधानमन्त्रीले संकटकाल "माओवादीलाई मात्र लक्षित गरिएको हो सर्वसाधारणलाई यसले कुनै असर नगर्ने" भने तापनि व्यवहारमा त्यस्तो भएको छैन भन्ने कुरा संकटकाल यता भए गरेका क्रियाकलापबाट प्रष्ट भएको छ ।

**सरकारले जे जस्तो तर्क दिए तापनि माओवादी सशस्त्र क्रियाकलाप नियन्त्रण गर्न पहिलो प्रहार जनताको मौलिक प्रजातान्त्रिक हकमाथि नै गर्नु पर्ने थियो त ?**



लेखक

संकटकाल लाग्नु अघिको करिब १०० दिनको अवधि सतहमा शान्तिपूर्ण रहे तापनि जनताको लागि आतंकमा खासै कमी आएको थिएन । गाउँ-गाउँका जनता विशेषगरी माओवादीहरूको चन्दा आतंकबाट ग्रसित नै थिए भने जनयुद्ध शुरू भएयताको करिब ५ वर्षको अवधिमा त प्रहरीको दमन अनि माओवादीको प्रहारले गर्दा २००० भन्दा बढी नेपाली नागरिकले मृत्यु नै वरण गरिसकेको थिए । हत्या र आतंक समाप्त पार्ने लक्ष्यबाट लागू गरिएको भनिएको संकटकालको पहलो ४ हप्ता विशेष गरी माओवादी भनिएकाहरूको हत्या र धरपकडमा जोडदार रह्यो । पहिलो हप्ता भित्रै २०० भन्दा बढी माओवादी मारिएको र हजारौंको संख्यामा पक्राउ गरिएको खबर संचार माध्यमले दिएको हो । मंसिर १३ गते धान बाँडफाडमा त्रिखण्डीको माग गर्ने क्रममा ११ जना निर्दोष कृषि मजदूरहरू र किसानलाई घोराही नगरपालिका क्षेत्रभित्रै माओवादीको नाममा एकै चिहान पारियो भने रोल्पाको खुमेलमा मंसिर १५ गते सार्वजनिक धार्मिक अनुष्ठान (पूजा) मा संलग्न व्यक्तिहरूमाथि सुरक्षाकर्मीले हेलिकप्टरबाट अन्धाधुन्ध चलाएको गोलीले ६५ वर्षीय मनबहादुर गरूङ्ग र ६० वर्षीय गायत्री गरूङ्ग अनि १२ वर्षीय फुर्सी रोका र बलिराम थापा र सीता पहाडी घर्तीको हत्या भयो । छोरा माओवादी भएको सजायँ बाबुले मृत्युवरण गरी भोग्नु पर्‍यो । धनुषाको धनुषाधाम गाविसका ५६ वर्षीय चन्द्रदीप यादव, ३५ वर्षीय उत्तिमलाल यादव र २६ वर्षीय देवकुमार यादवलाई पक्राउ गरी ल्याउँदा भाग्न खोजेको भन्ने आरोपमा हत्या गरियो । चन्द्रदीप र उत्तिमलाल माओवादी नेता अजवलाल यादवको बाबु र भाइ हुन् । यी हत्याका प्रतिनिधिमूलक घटना मात्र हुन् ।

यसैबीच माओवादीहरूले पनि सरकारको पक्ष लिएको वा सुराकी गरेको नाममा विद्यालयमा केटाकेटीलाई पढाउँदै गरेका कतिपय शिक्षकको दिनदहाडै कक्षा कोठाबाट घिसार्दै बाहिर ल्याएर हत्या गरेका छन् । हत्याको शिकार मानवअधिकारकर्मी समेत भएको एमनेष्टी इन्टरनेशनलले जनाएको छ । माओवादीबाट यसरी हत्या हुनेहरूमा मुक्तिनाथ अधिकारी र हर्कबहादुर राई उदाहरण मात्र हुन् ।

माओवादीलाई मात्र लक्षित गरी लागू गरेको भनिएको संकटकालको यो ७० दिनको अवधिमा सुरक्षाकर्मीद्वारा हत्या गरिएका करिब ७ सय ५०[1] पर्दछन् । त्यस्तै माओवादीहरूले करिब २ सय जनाको हत्या गरेका छन् । सरकारद्वारा हत्या गरिएका सबैलाई आतंककारी भनिएको छ । मकवानपुरमा उपचारको लागि लगिँदै गरेकी महिलासमेत मारिएकी छिन् र सरकारले केही रकम क्षतिपूर्ति समेत दिएको छ । यसबीच मर्ने करिब एक हजार मध्ये करिब १ सय २० सुरक्षाकर्मी मारिएको अर्थात् ३ सयजना भन्दा बढी अन्य व्यक्ति मारिएका छन्, जसमा बालक, वृद्ध, महिला वा सर्वसाधारण पनि पर्दछन् । यस हिसाबले प्रतिदिन १४ जनाको दरले नेपाली मारिँदै गरेका छन् । यिनमा कति किटान गरिएका सशस्त्र माओवादी थिए भन्ने अधिकारिक श्रोतले जानकारी दिएको छैन ।

सरकारी सूचनाको आश्चर्यजनक कुरो के देखिएको छ भने दुई दर्जन

सशस्त्र "आतंककारी" मारिँदा केही नाल बन्दुकमात्र जफत भएका छन् । हालसम्म पक्राउ परेका मानिसहरूको संख्या हजारौंमा भए पनि को, कहाँ, कति राखिएका छन्, स्पष्ट जानकारी प्राप्त भएको छैन । पक्राउ परेकाहरू केहीसँगको कुराकानीबाट जानकारी मिलेअनुसार धेरैले पक्राउ पर्नुको कारणमा कि त माओवादीहरूले आयोजना गरेको आमसभा विशेष गरी "जनसरकार घोषणा" को अवसरमा भाग लिएको, कि त माओवादीहरूलाई खाना खान वा चन्दा दिएकाले पक्राउ परेको बताएका छन् । कतिपयले त आफ्नो परिवारको कुनै व्यक्ति माओवादी समूहमा लागेकै नातामा पनि पक्राउ परेको बताउँछन् । त्यतिमात्र हैन, पक्राउ गरिएका व्यक्तिहरूलाई दिएको यातनाले नै बताउँछ कि हाम्रो सरकार मानवअधिकारप्रति कति संवेदनशील छ ? पक्राउ गर्नासाथ आँखामा पट्टी बाँध्ने, निर्जन स्थानमा लैजाने, बाटोमा कुटपिट गर्ने, खाल्डो खनेर छातीसम्म पुरीराख्ने, जीउमा पानी खन्याउँदै कुट्ने, नांगो पारी घोप्टाएर सुताउने, बूट लगाएकालाई ढाडमा उफ्रन लगाउने, महिलालाई जथाभावी अपशब्द र गालीगलौज गर्ने, कतिपय सन्दर्भमा यौनजन्य छेडखान गर्नेजस्ता कार्य गरी अमानवीय यातना दिएको पनि जेलमा राखिएकाहरूले बताएका छन् ।

यतिमात्र हैन संखुवासभामा जिल्ला कार्यालयमै आत्मसर्मपण गर्न आएका मानिसलाई निर्घात कुटेको पनि पाइएको छ । पक्राउ गरिएपछि २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था भए पनि कैयौं दिन हैन, हप्तौंसम्म पनि सुरक्षाकर्मीको हिरासतमा राख्ने समेत गरिन्छ । नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरका शिक्षक डा. जीतेन्द्र महासेठलाई हप्तौंसम्म सैनिक ब्यारेकमा राखेको कुरा अब सार्वजनिक भैसकेको छ । त्यस्तै भेरी अञ्चल अस्पतालका सर्जन श्यामसुन्दर यादवलाई महिनौं पहिले उनले अप्रेशन गरेको एकजना कैदी प्रहरी हिरासतबाट भागेकोमा संकटकाल लागेपछि उनलाई पक्राउ गरी रातभर यातना दिएको कुरा उनले भेरी अञ्चल अस्पतालमा अन्य चिकित्सकहरूको उपस्थितिमा नेपालगञ्ज पुगेको राष्ट्रिय मानव अधिकार आयोगको टोलीसमक्ष बताए । संकटकालको पूर्वार्धमा संसदमा प्रतिनिधित्व गर्ने वा संसदीय व्यवस्था स्थापना गर्ने राजनीतिक दलका कतिपय कार्यकर्ताको समेत हत्या भएको ती राजनीतिक दलले बताएका छन् । यहाँसम्म कि सत्ताधारी नेपाली कांग्रेस र प्रमुख प्रतिपक्ष नेकपा (एमाले) समेत संकटकालीन दमनबाट अछूतो रहेनन् ।

सामान्यतया नेपालजस्तो प्रजातान्त्रिक मुलुकमा "संविधानसम्मत ढंगबाट लगाइएको" भनिएको "संकटकाल" को चरित्र पनि प्रजातान्त्रिक हुनुपर्छ । यो कुनै सैनिक शासन होइन । नागरिक प्रशासनलाई कायम राखेर कानून लागू गर्नका लागि मात्र सेना परिचालन गरिएको हो वा हुनुपर्छ । त्यसैले सेनाको काम नागरिक प्रशासनको मातहतमा रही कानूनबमोजिम मात्र परिचालित हुनुपर्नेमा सेनाले नै मानिसहरू पक्रने, केराकार गर्ने नाममा यातना दिने तथा मुठभेडमा मारिएका भनिएकाहरूबारे जनतालाई स्पष्ट जानकारी नदिने कामहरू भइरहेका छन् । सुरक्षाकर्मीको परिचालन र माओवादीहरूको क्रियाकलापबाट विस्थापित भएकाहरूको अवस्था भनै चिन्ताजनक छ । स्थानीय प्रशासनले उनीहरूको सुरक्षाको प्रत्याभूति नगरेकाले गाँउमा फर्कन बाध्य भएकाहरू माओवादीहरूको कोपभाजनको शिकार भएका छन् ।

त्यस्तै स्थिति आत्मसमर्पण गर्नेहरूको छ । कतिपय आत्मसमर्पण गर्न आएकाहरू स्थानीय प्रशासनको निर्णयले गर्दा जेलभित्र राखिएका छन् भने कैयौंले स्थानीय प्रशासनले चासो नदिँदा निरीह भएर घर फर्कने क्रममा माओवादीको शिकार बन्नुपरेको छ । संकटकाल व्यहोर्नेमा पत्रकारहरू अग्रपंक्तिमा परेका छन्। समाचार संकलन गर्ने र जनतासमक्ष सूचना पुऱ्याउने पेशागत दायित्व बोकेका पत्रकारहरूलाई "संकटकाल अघि उनीहरूले माओवादीहरूबारे प्रसारित गरेको समाचार"को आधारमा "सम्पर्क स्रोत बताउनुपर्ने" भनी यातना दिइएको छ र कतिपयलाई जेलमा राखिएको छ । हालसम्म ८६ जना पत्रकार पक्राउ परेका छन् भने २३ जना जेल वा हिरासतमा राखिएका छन् । सरकारले जारी गरेको अध्यादेशको धारा १५ मा अध्यादेश अन्तर्गत पक्राउ परेकाहरूको मुद्दा "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गरेको वा तोकेको अदालत" ले गर्ने व्यवस्था भए तापनि संकटकाल लागेको ७० दिन बितिसक्दासम्म अदालत गठन समेत नहुनुले कानूनबमोजिम मुद्दा हेर्ने अदालतले दोषी नठहराएसम्म आफूलाई निर्दोष भएको अनुमान गरी पाउने अधिकार [२] को उल्घन भएको छ । त्यतिमात्र हैन जेनेभा कन्भेन्सन १९४९ को साभा धारा ३ "संघर्षमा सक्रिय भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते भई लडाईबाट अलग भएका व्यक्तिहरूलाई जुनसुकै परिस्थितिमा पनि विनाभेदभाव मानवीय व्यवहार गर्नुपर्दछ"लाई संकटकालमा कुनै पनि महत्व दिइएको छैन । त्यतिमात्र हैन, संकटकाल लागेको करिब २ महिनासम्म अन्तर्राष्ट्रिय रेडक्रसलाई समेत बन्दीहरूलाई भेट्न दिइएन । हाल राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाब परेपछि बल्ल अन्तर्राष्ट्रिय रेडक्रसका प्रतिनिधिलाई जेलमा प्रवेश गर्न दिने बताइएको छ । त्यतिमात्र हैन, देशमा सक्रियतापूर्वक मानवअधिकारको क्षेत्रमा कार्यरत मानवअधिकार संस्थाहरूलाई समेत विभिन्न जिल्लामा आफ्नो क्रियाकलाप गर्न पूर्वअनुमतिको व्यवस्थाले गर्दा मानवअधिकार गतिविधिमाथि समेत रोक लागेको स्पष्ट हुन्छ ।

सारांशमा, संकटकाल यताको अढाई महिनामा देशको मानवअधिकारको स्थिति सरकारले संकटकाल "मात्र माओवादीविरूद्ध लक्षित" भने तापनि पीडा भने आम नागरिकले भोग्दै छन् । मुख्य रूपमा देखेपछि गोली हान्ने जस्तो तयारी आदेश अनि सैनिक ऐन १९५९[३] को समेत प्रभावकारी कार्यान्वयन नगरिनुले कतिपय व्यक्तिले कैयौं दिनसम्म ब्यारेकमा बिताउनु परेको छ । विगत ७० दिनको अवधिमा पक्राउ गरिएका, मारिएका, घाइते भएका र विस्थापित भएकाहरूबारे स्पष्ट जानकारी जनसमक्ष नआउनुले पनि मानव-अधिकारको हनन भएको स्पष्ट हुन्छ ।

निर्वाचित सरकारले नागरिक प्रशासनअन्तर्गत लागू गरेको संकटकालमा सुरक्षाकर्मीले गरेका कार्वाहीबारे रक्षा मन्त्रालयको विज्ञप्ति आउने प्रचलनबाट देशको आन्तरिक शान्ति सुरक्षा पनि रक्षा मन्त्रालयको जिम्मा दिइएको भन्ने भान परेको अवस्था छ, जुन सामान्यतया अन्यत्र प्रचलनमा रहेको पाइन्न ।

अन्त्यमा, संकटकाल लागू भइसकेपछि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को दफा ७ को उपधारा १ बमोजिमको आदेश जारी गर्न सरकारले देखाएको ढिलाइ वा उदासीनताले पनि संकटकालमा व्यापक रूपमा भएको कानूनको अवज्ञा र मानवअधिकारको उल्लंघनप्रति बेवास्ता गरेकाले संकटकालको ७० दिनलाई मानवअधिकार उल्लघंनका दिनको रूपमा लिनु अत्युक्ति नहोला । ❑

*[१] श्रोत : इन्सेक*

*[२] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र धारा १४, दफा २ मा प्रतिज्ञापत्रको नेपाल पक्ष राष्ट्र हो ।*

*[३] सन् १९५९ को सैनिक ऐनअनुसार सेनालाई मानिस गिरफ्तार गर्ने र ४८ घण्टासम्म राख्ने अधिकार छ (एमनेष्टी इन्टरनेशनलका निर्देशक गेरी फक्सद्वारा प्रधानमन्त्री शेरबहादुर देउवालाई ३० नोभेम्बर २००१ मा लेखिएको पत्रबाट)*

*(लेखक राष्ट्रिय मानव अधिकार आयोगका सदस्य हुनुहुन्छ । यस लेखमा व्यक्त विचार लेखकका निजी हुन् ।)*

## डल्ले नेपालीको मृत्यु

०५८ पुस २२ गते म्याग्दी जिल्लामा १४ वर्षीय बालक डल्ले नेपालीको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो । सुस्त मनस्थितिका डल्ले नेपालीलाई सुरक्षा सूत्रले माओवादी छापामार भएको बताए तापनि परिवारले सो कुराको इन्कार गरेका छन् । डल्ले नेपालीलाई बेनीबजारमा संचालित स्वास्थ्य शिविरमा उपचारार्थ लगी फर्कंदै गर्दा कटुवाचौतारी भन्ने ठाउँमा उनका बाबु छविलाल नेपालीले आफन्तको घरमा राखेका थिए । यद्यपि उनी पुग्नुअघि नै शिविर सम्पन्न भइसकेका कारण उपचार गर्न पाएका थिएनन् । ❑

**पक्राउ परेकाहरू केहीसँगको कुराकानीबाट जानकारी मिलेअनुसार धेरैले पक्राउ पर्नुको कारणमा कि त माओवादीहरूले आयोजना गरेको आमसभा विशेष गरी "जनसरकार घोषणा" को अवसरमा भाग लिएको, कि त माओवादीहरूलाई खाना खान वा चन्दा दिएकाले पक्राउ परेको बताएका छन्**



# भ्रष्टाचारविरुद्ध खै त सरकारी सक्रियता ?

- चन्द्रदेव नेपाली

सरकारले अहिले 'आतंकवाद' लाई निर्मूल गर्ने भनेर जुन सशस्त्र कारवाही चलाउँदैछ, त्यसले के देखाएको छ भने सरकारले चाह्यो भने त ठूल्ठूला कारवाहीहरू पनि गर्न सक्दोरहेछ त ! सरकारले चाह्यो भने सबै कुरालाई तपसीलमा राखेर आफूले चाहेको कदम चाल्न ऊ सक्दोरहेछ त ।

यसै सन्दर्भमा यतिखेर सचेत नेपाली जनताले प्रश्न गरिरहेको एउटा पक्ष हो- देशमा हिजैदेखि व्याप्त भ्रष्टाचारलाई चाहिं सरकारले किन छुट दिइरहेको हो ? सरकार भ्रष्टाचार नियन्त्रण गर्न विशेष कदम चाल्न किन सक्दैन ? मुलुकमा यत्रो ठूलो 'कडा कारवाही' चलाउन सक्ने सरकारले देशलाई बर्वाद गरेर छियाछिया बनाइरहेका भ्रष्टाचारीहरूलाई चाहिं किन बर्वाद पार्न सक्दैन ?

सरकारी पक्षकै विभिन्न चिन्तकहरू र हालै नेपाल आएका अमेरिकी विदेशमन्त्री कोलिन पावेलसमेत मुलुकमा सुशासन कायम नगरेमा माओवादी प्रभाव घट्न संभव छैन भनिरहेछन् ।' तर किन सरकारचाहिं सुशासनको पक्षमा विशेष कदम चाल्न तयार नभएको हो ?

सुशासनको एउटा प्रमुख पक्ष अभ्रष्ट सरकार र प्रशासन हो । यस्तो अभ्रष्टताको स्थापनाका लागि सरकारको निश्क्रियता निश्चय नै आपत्तिजनक छ र यसले सरकारको नियतमै ठूलो प्रश्नचिन्ह खडा गरेको छ ।

> मुलुकमा यत्रो ठूलो 'कडा कारवाही चलाउन सक्ने सरकारले देशलाई बर्वाद गरेर छियाछिया बनाइरहेका भ्रष्टाचारीहरूलाई चाहिं किन बर्वाद पार्न सक्दैन ?

- *मालपोत कार्यालयमा अहिले पनि जग्गा नामसारी र बेच-बिखनको मामलामा ठाउँठाउँ घूसको लेनदेन भैरहेछ ।*
- *भन्सारहरूमा घूस र नजराना अनि दस्तुरीको प्रचलन अहिले पनि जस्ताकोतस्तै छ ।*
- *कर र अन्तःशूल्क एवं राजश्व उठ्तीका प्रायः सबै निकायमा कमिशन र घूस चलिनै रहेको छ ।*
- *ठेक्कापट्टामा बेइमानी र कमिशनको खेल जस्ताकोतस्तै चलिरहेछ ।*
- *खरिद-बिक्री र ढुवानीहरूमा यो खेल झन् झन् जीवितै रहेको छ ।*
- *निर्माणमा गुणस्तर र नापमा ठगी भई नै रहेका छन् ।*
- *नातावाद हावी छ ।*
- *पार्टीवाद हावी छ ।*
- *कामचोर र ठग प्रवित्ति हावी नै छ ।*
- *ढीलासुस्ती र 'भोलिवाद' हावी नै छ ।*
- *लाइसेन्स र पर्मिट लेन-देनमा घूस, सडकमा सवारी साधनहरूबाट घूस, दुर्घटनामा घूस, लापरवाहीमा घूस, जताततै घूसैघूस हावी छ ।*
- *कालाबजारी प्रवृत्ति जीवितै छ । गत दशैं-तिहारको समयमा काठमाण्डौमा नेशनल ट्रेनिङ्ग लिमिटेडले रू. २८/- प्रतिकिलोमा बेचेको चिनी दुई तीन किलोमिटर परको पसलमा रू. ३५/- देखि रू. ४०/- सम्ममा बिक्री भयो । सरकारले टुलुटुलु हेरिरह्यो । यस्तो टुलुटुलु हेराइ अर्झै ज्यूँकात्यूँ छ ।*
- *बन मासेर काठ तस्करी गरी नेपाली प्राकृतिक धनको बर्वादी गर्ने प्रक्रिया अहिले चर्किरहेका समाचारहरू आएका छन् । सरकारले ती तस्करहरूलाई पक्रेको खबर छैन ।*
- *गाउँ-गाउँमा जुवा र खुला जाँडरक्सीको क्रम पुनः बढ्दो छ । सरकार यस क्रमका विरूद्ध क्रियाशील भएको छैन ।*
- *निजामति, सैनिक वा न्याय क्षेत्रका हाकिमहरूले सरकारी गाडीहरूलाई तरकारी किन्ने र तीर्थाटन गर्ने बाहन बनाउने क्रम रोकेका छैनन् ।*

यी भ्रष्टाचारहरू सर्वसाधारण जनतालाई

> भारतमा विगतमा इन्दिरा गान्धीले लागू गरेको 'इमर्जेन्सी काल' सुरक्षा निकायको जथाभावी प्रहारका कारण इतिहासमै बदनाम भएको पाइन्छ । तर......

जतातत्तै, जहिलेसुकै दुःख दिइरहेका सतही भ्रष्टाचारहरू हुन् । राज्य यन्त्रभित्रका भित्री तहका, ठूला रकम-कलमका र ठूला घात-प्रतिघातका भ्रष्टाचारहरूको त यहाँ कुरै गरिएको छैन । यी त सजिलै देखिने बाहिरी तहका भ्रष्टाचार हुन् । यिनलाई नियन्त्रण गरौं भने सरकारले नसक्ने कुरै छैन । सरकारले चाहने हो भने वर्तमान सरकारी संरचनाबाटै यो नियन्त्रण संभव छ । अख्तियार दुरूपयोग निवारण आयोग वा विशेष प्रहरी विभाग वा स्थानीय प्रशासनलाई नै सक्रिय गराएर पनि यी धेरै खाले भ्रष्टाचारहरू नियन्त्रण हुन संभव छ । घूस खानेहरूलाई रंगेहात पक्रेर थुन्न र मुद्दा चलाउन कुनै गाह्रो काम होइन । हरेक घूस्या अफिसर र कर्मचारीलाई क्रस जाँच गर्नेले हस्ताक्षरसहितको नोट दिएर घूस मुद्दामा सजिलै पक्राऊ गर्न संभव छ । तर त्यसरी पक्राऊ गर्ने काम सरकारले गरिरहेको छैन ।

सरकारी कामकाजलाई पारदर्शी, मूर्त र छिटोछरितो बनाउन, नातावाद, कृपावाद लागू हुन नदिन, वस्तुवादी नियुक्ति, सरूवा र बढुवाको प्रकृया अपनाउन एवं नाप र गुणस्तरको छड्के जाँचको कडा व्यवस्था आदि गर्न बिल्कूलै संभव छ । तर सरकार यसो गरिरहेको छैन ।

अरू देशमा संकटकालमा जनताको स्वतन्त्रता हरण हुने खराबीलाई त्यतिखेर कायम हुने कडाइपूर्ण र भ्रष्टाचारमुक्त प्रशासनको प्राप्तिले कम गर्ने गर्छ । तर हाम्रो देशमा यस्तो भएन । यो गुनासो गर्ने जानीफकारहरू अहिले देशमा निकै संख्यामा रहेका छन् । कारण, संकटकाल लागू भएपछि लुच्चा र ठग नोकरशाहहरू डराउनु पर्नेमा हाम्रो देशमा त उनीहरू झन् ढुक्क पो हुन पुगेका छन् त ।

भारतमा विगतमा इन्दिरा गान्धीले लागू गरेको 'इमर्जेन्सी काल' सुरक्षा निकायको जथाभावी प्रहारका कारण इतिहासमै बदनाम भएको पाइन्छ । तर त्यतिखेर भारतमा सरकारी नोकरशाहीमा भने तुलनात्मक रूपले अनुशासन र चुस्तता बढेको अनुभव जनताले गरेका थिए । महँगी नियन्त्रणको पक्ष पनि बलियो रहेको थियो । सार्वजनिक सेवा-सुविधाहरू कडाइपूर्वक नियमवद्ध भएका थिए । चोरी, डकैती, जथाभावी रक्सी सेवन, लागू पदार्थको दुर्व्यसन र जुवातासको प्रचलनमा कमी आएको थियो ।

खै त हाम्रो देशमा यस्तो भएको ? यसनिम्ति सरकारले ध्यान नै नदिनु, सरकार आफैं भ्रष्टाचार गर्दै हिंड्नु नै यसको मूल कारण हो ।

सरकारको रवैया यस्तै रहने हो भने नेपालमा उग्रवादी चिन्तन र व्यवहार घट्नेवाला छैन, चाहे सरकारले माओवादी भनिने जत्ति सबैलाई सखापै किन नपारोस ?! भ्रष्टाचारले सताइएका सामान्य नागरिकहरू पनि सरकारसँग रूष्ट हुन पुग्छन् । जब यो रूष्ट हुने वातावरण बढी मात्रै रहन्छ भने तिनै रूष्टहरू सरकारमाथि जथाभावी जाइलाग्न पुग्ने हुन्छन् ।

सरकारले माओवादीलाई दबाउने नाउँमा शुरूमा संचालन गरेको 'किलो सेरा टु' अपरेसन कार्यक्रमअन्तर्गत प्रहरी बलले गाउँ-गाउँमा गएर रोल्पा, रूकूम लगायतका भेकहरूमा गरेको भ्रष्ट आचरणयुक्त व्यवहारले गर्दा त्यहाँ कतिपय सर्वसाधारण जनतासमेत माओवादी बन्न पुगेको कुरा सो स्थलबाट निरीक्षण गरी फर्केका मानव अधिकारवादीहरूले त्यतिखेर नै जनाएका थिए । गाउँमा जाने, जनताका गोठगोठबाट खसी-बोका खोसेर खाइदिने, कुखुरा र अन्नपात खाइदिने, महिलाहरूमाथि अभद्र व्यवहार गर्ने, जाँड-रक्सी खाएर जथाभावी गर्दै हिड्ने आदि खालका भ्रष्ट व्यवहार गर्ने प्रहरी-प्रशासनका व्यक्तिहरूलाई त्यतिखेर अंकुश लगाउने कोही भएन । ती ती स्थानहरूमा सरकारको छवि ती भ्रष्टहरूका कारण गिर्दैगयो । सरकारप्रतिको जनआस्था घट्दै गयो । अनि अन्ततः उनीहरू आफ्ना आफन्तहरू अनाहकमा मारिएको वा तिनले दुःख पाएको वा आफैंले पनि अनाहमा दुःख पाएको बदलामा माओवादीतिर लाग्न पुगे ।

विगतको यो यथार्थबाट सरकारले सिक्ने कि नसिक्ने ?

यदि नसिक्ने हो भने किटानी साथ भन्न सकिन्छ- नेपालमा उग्रवाद यो वा त्यो रूपमा बलपूर्वक टिकीरहने छ, भ्रष्ट सरकारकै पोल्टामा लुटपुटिएर । ❑




**'उ भ्रष्ट छ म छैन'**

◄ रोचक प्रसंग

# एउटा व्यंग्य विज्ञापन !

काठमाण्डौ मोडेल अस्पताल, बागबजारको सूचनापाटीमा टाँसिएको एउटा विज्ञापनमा धेरैको आँखा पर्ने गरेको छ । विज्ञापन पढिसकेपछि धुम्रपानकर्ता पाठकले आफैंप्रति व्यंग्यपूर्ण हाँसो हाँस्ने गरेको पाइएको छ । हाम्रा पाठकहरूलाई पनि रोचकै होला भन्ने ठानी सो विज्ञापन तल दिइएको छ ।

## धुम्रपान गर्नुहोस् पुरस्कार जित्नुहोस् !

| | | |
|---|---|---|
| प्रथम पुरस्कार | - | मृत्यु |
| दोस्रो पुरस्कार | - | क्यान्सर |
| तेस्रो पुरस्कार | - | क्षयरोग (टि.वि.) |
| चौथो पुरस्कार | - | अल्सर |
| पाँचौ पुरस्कार | - | दम |
| सान्त्वना पुरस्कार | - | खोकी |

*टिकट पाइने स्थान* : पान पसल र अन्य खुद्रा पसल

*न्यूनतम मूल्य* : रू. १/-

*मुख्य अतिथि* : यमराज

*(विस्तृत जानकारीको लागि नजीकैको अस्पतालमा संपर्क राख्नुहोस्)*

# आयको स्वयम् घोषणा

# कालो धनलाई सेतो पार्ने चाल ?!

– विनोद ढुंगेल

नागरिक प्रशासनको असफलतापछि सैनिक उपायबाट राज्यका हरेक अंग परिचालनको प्रयासमा लागेको 'प्रजातान्त्रिक' सरकार यतिखेर हरेक उपायबाट राज्यकोषमा आय बढाउने ध्याउन्नमा दत्तचित्त छ । र, त्यो आयले भ्याउनै नसक्ने गरी विकास खर्चहरूमा व्यापक कटौती गरेर सामाजिक र नागरिक पक्षहरूलाई बिर्सेर सामरिक खर्चको खोलो बगाउने अभियानमा क्रियाशील छ । भनै राज्यनिर्मित ऐन कानूनहरूले पनि यसलाई अनुमति भने दिदैनन् ।

सरकारी आर्थिक गतिविधिको यही प्रसंगमा आयको स्वयम् घोषणा कार्यक्रमलाई पनि तीव्र महत्वका साथ प्रचार-प्रसार गरिएको छ । यो तामभामयुक्त प्रचार-प्रसार केवल एक नाटकीय नगराभन्दा बढी लाग्दैन । यसलाई सरकारी गम्भीर गृहकार्यको अभावविना नै ल्याएको प्रमाणित गर्ने तथ्यहरूले स्वयम्मा पुष्टि गरिहेका छन् ।

अर्थमन्त्री **डा. रामशरण महतले** गत असार २५ गते संसदको बीसौं अधिवेशनमा आर्थिक वर्ष २०५८/५९ को बजेट वक्तव्य दिने क्रममा प्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दा यो कार्यक्रम सार्वजनिक गर्नुभएको थियो ।

सो प्रस्ताव आर्थिक विधेयक २०५८ को अनुसूची ६ को दफा ४२ मा समेटियो । त्यसअनुसार, करदाताले घोषणाका साथ पेश गरेको कुनै पनि कागजातलाई गोप्य कागजातको रूपमा लिइने र कुनै पनि निकायलाई त्यस्तो कागजात सबै वा आंशिक रूपमा हेर्न वा प्रमाण पेश गर्न लगाउन नसक्ने गरियो । साथै त्यस्तो कागजातको आधारबाट घोषकलाई कुनै पनि ऐनबमोजिम सजायँ गर्न नसकिने र सो कागजात करसम्बन्धी बाहेक अन्य मुद्दामा प्रमाण नलाग्ने व्यवस्था पनि गरियो ।

'जुनसुकै स्रोतबाट आय वा सम्पत्ति आर्जन गरेको भए पनि' गत श्रावण १ गतेको मूल्यमा त्यसको १० प्रतिशत बराबरको रकम कर तिरेपछि सो नै अन्तिम कर हुने र त्यस्तो सम्पत्तिको स्रोतको छानवीन नगरिने कुराले केही विश्वासहरूसँगै प्रशस्त आशंका र प्रश्नहरू जन्माएको छ । यो वर्ष देशमा आएको आर्थिक शिथिलताले गर्दा राजश्व संकलनमा आउने ह्रासलाई यसबाट संकलन हुने राजश्वले केही हदसम्म क्षतिपूर्ति गर्ने विश्वास अर्थ मन्त्रालयका अधिकारीहरूले राखेको पाइन्छ । परन्तु १० प्रतिशत रकम कर तिरेपछि संपत्तिको स्रोतको छानवीन नै नगरिने प्रस्थापनाले संपत्तिको स्रोत खोजिनै पर्ने थुप्रो कालो धन सेतो पार्ने योजना त लागु भइरहेको छैन ? भन्ने आशंका सर्वत्र पैदा भएको छ । यो वर्ष राजश्व संकलनमा ३ अर्ब ५० करोड रूपैयाँले कमी आउने अनुमानसमेत अर्थ मन्त्रालयले गरेको छ ।

## विवादित लक्ष्य

केही समय अघिदेखि भन्सारमा सेना परिचालन गरेर चर्चा पाएको सरकारले दुई वर्षअघि जस्तै पुनः अहिले आयको स्वयं घोषणा गर्न आह्वान गरेको छ । त्यतिबेला १६ करोड रूपैयाँ उठेको र अहिलेको कार्यक्रम पनि त्यसभन्दा आधारभूत रूपमा पृथक नरहेको भएपनि अहिले बढी प्रभावकारी हुने सरकारी अपेक्षा रहेको छ । तर सरकारले पहिलोपटक अन्तिम मिति भनेर घोषणा गरेको पुष मसान्तसम्ममा लक्षित १ अर्ब रूपैयाँको सट्टा ४४ करोड २१ लाख रूपैयाँ मात्र कर उठ्नुले यसको असफलता प्रस्तुत गरिसकेको छ । २ हजार १ सय ७८ जना करदाताले माघ १ गतेसम्म ४ अर्ब ४२ करोड १४ लाख बराबरको करयोग्य सम्पत्ति घोषणा गरी त्यति उठेको बताइएको छ । जसमध्ये सरकारले २१ करोड १९ लाख प्राप्त गरिसकेको र बाँकी २३ करोड २ लाख रूपैयाँ चैत मसान्तसम्ममा मात्र प्राप्त गर्न सक्नेछ ।



सरकारी गृहकार्यको अभाव यसैमा पनि देखापर्‍यो । अपेक्षित राजश्व उठ्न नसकेपछि अर्थमन्त्री डा. महतले भन्नुभयो- 'यो कार्यक्रमबाट यति नै रकम उठाउने भन्ने हाम्रो आधिकारिक लक्ष्य थिएन, तोकिएको अवधिमा यसबाट जति उठ्यो, त्यो नै उत्साहप्रद छ ।' तर पुस ९ गते अर्थमन्त्रालयमा आयोजित आयको स्वयं घोषणा कार्यक्रमका लक्षित समूहका प्रतिनिधिमूलक व्यवसायी संस्थाहरूसँगको अन्तर्क्रिया कार्यक्रममा आन्तरिक राजश्व विभागका महानिर्देशक विद्याधर मल्लिकले स्पष्ट शब्दमा 'हाम्रो अपेक्षा एक अर्ब हो, त्योभन्दा बढी पनि संकलन हुनसक्छ' भनेर सरकारी लक्ष्य फुस्काईसक्नु भएको थियो ।

*सरकारले पहिलोपटक अन्तिम मिति भनेर घोषणा गरेको पुष मसान्तसम्ममा लक्षित १ अर्ब रूपैयाँको सट्टा ४४ करोड २१ लाख रूपैयाँ मात्र कर उठ्नुले यसको असफलता प्रस्तुत गरिसकेको छ ।*

## कमजोरी लुकाउन सारिएको म्याद

त्यसपछि करदाताहरूलाई एकपछि अर्को धम्की दिने काम सरकारी अधिकारीहरूबाट भइरह्यो । 'सरकारले सदाशयतापूर्वक दिएको अवसरमा पनि आयकरको दायराभित्र नआउनेहरूका हकमा माघ १ गतेदेखि सरकार कठोरतापूर्वक कारवाहीको प्रकृयामा जानेछ' – अर्थ सचिव **डा. विमल कोइरालाले** भन्नुभयो- "विभिन्न स्रोतबाट आयआर्जन गरेर पनि आयकर नतिरी बसिरहेकाहरूका लागि यो एकपटक मौका हो ।"

यसरी करीब एक महिनासम्मका सम्पूर्ण सरकारी धम्कीहरू सरकारी असफलतासँगै क्रमशः कमजोर हुनथाले । पहिला पुस-मसान्तभित्र आयको स्वयं घोषणा गर्ने करदाताले चाहेमा तिर्नुपर्ने रकमको २५ प्रतिशत पुस मसान्तभित्र तिरेमा बाँकी रकममा कुनै जरिवाना वा शुल्क नलाग्ने र सो बराबरको रकम आगामी चैत मसान्तसम्म चुक्ता गर्न म्याद थप गरियो । तर, त्यतिले मात्र पनि नपुगेपछि माघ ३ गते करका दरहरूमा व्यापक परिवर्तन गर्दै जारी गरिएको आर्थिक अध्यादेश ०५८ मार्फत् आयको स्वयं घोषणाको म्याद पनि माघ मसान्तसम्म बढाइयो । यसको पछाडि सरकारी कारण ठोस रूपमा केही सार्वजनिक भएन ।

आयको स्वयं घोषणा गरी कर

...रमा सम्पत्ति विवरण लिई सोको ...तको समेत छानवीन गरी ...ानूनबमोजिम कर नतिरी आर्जन ...रेको सम्पत्तिसमेत जफत गरिने तथा जरिवाना र शुल्कसमेत लिनेजस्ता कारवाहीका धम्की भने एक चरणको असफलतापछि पनि केही मन्द स्वरमा यथावत् रहे । कर प्रशासनमा सुधार गर्दै लैजाने घोषित नीतिअनुसार यो कार्यक्रमको घोषणा गरिएको भएपनि राजश्व उठाउने कार्यलाई दीर्घकालीन रूपमा निरन्तरता दिन थिति बसाउने नभएर चन्दा संकलन अभियानको रूपमा अघि बढाइयो भने कर प्रशासनमा गुणात्मक सुधारका लक्षणहरू देखिँदैनन् ।

## *विरोधाभास*

नियमित करदाताले स्वयं घोषणामा आउनुपर्ने सरकारी अधिकारीहरूले बताए पनि आन्तरिक राजश्व विभागको सूचनामा विरोधाभास विद्यमान छ । जस्तो कि आर्थिक विधेयक २०५८ मा आय विवरण पेश नगरेकाहरूका लागि पेश नगरेको विवरणको हकमा र आय विवरण पेश गरे पनि सो विवरणमा आयकर लाग्ने सबै आय समावेश नगरेको आयको हकमा मात्र स्वयं घोषणा लागू हुने स्पष्ट उल्लेख भए पनि आन्तरिक राजश्व विभागले जारी गरेको पर्चामा अर्कै व्यवस्था छ । पर्चाको क्र.सं. ९ (ग) मा आयकरमा दर्ता भई नियमित रूपमा आय विवरण पेश गरे पनि प्रचलित आयकर ऐनबमोजिम पेश गर्नुपर्ने, आय विवरण तथा सोसाथ दाखिला गर्नुपर्ने आयकर रकमको दायित्वबाट बच्न नपाउने उल्लेख गरिएकोले आपसी विरोधाभास देखापरेको हो ।

विभागले स्वयं घोषणा गर्नेहरूको सम्पत्तिलाई गत साउन १ गतेका दिन मालपोत कार्यालयमा दर्ता भएको घर-जग्गालाई आधार बनाउन सकिने बताएको छ । तर सो दिन मुलुकका कतिवटा मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन पास गरे भन्ने तथ्यांकको व्यवहारिकता पटक्कै छैन । त्यसमाथि पनि रजिष्ट्रेशन पास नभएको ठाउँमा मूल्यलाई आधार बनाउने भन्ने स्पष्टता खोज्नु भनेको करदाता भन् अलमलमा पर्नु हो । शेयरको रूपमा भएको सम्पत्ति त साउन १ गतेको तुलनामा अहिले व्यापक घटेकोले सो शेयर तत्कालीन मूल्यमा खरीद गर्न कोही तयार हुने स्थिति नै छैन ।

पूँजीगत लाभ र संगठित कृषि व्यवसायमा आयकर लिने व्यवस्था नेपालमा यसै आर्थिक वर्षदेखि मात्र गरिएको हो । स्वयं घोषणाको पर्चामा पैतृक सम्पत्ति र कृषि आयमा कर नलाग्ने भनी उल्लेख छ तर यी शीर्षकलाई कसरी प्रमाणित गर्ने भन्ने स्पष्टता छैन, परिभाषाकै अभाव छ । स्वयं घोषणा कार्यक्रम लागू गर्नुअघि सम्पूर्ण कम्पनी, फर्म, व्यक्तिले कानूनी तवरले आजसम्म आफ्नो पैतृक स्थिर र चल सम्पत्तिको विवरण दिने र त्यसपछि अन्य कतिपय देशहरूमा जस्तै कानूनी र कालो सम्पत्तिको स्पष्ट रेखांकन गरिएको भए लक्षित उद्देश्य प्राप्तिमा यस्तो सकस देखा नपर्ने स्थिति सिर्जना हुनसक्थ्यो ।

करदाताले घोषणाका साथ पेश गरेको कुनै पनि कागजातलाई गोप्य कागजातको रूपमा लिइने र कुनै पनि निकायले त्यस्तो कागजात हेर्न वा प्रमाण पेश गर्न नपाउने व्यवस्थासमेत गरिएको छ । एकातिर सरकारले वास्तवमै छानवीन गर्ने र करदाताको घोषणाको सत्यतथ्य खोज्ने हो भने त्यो गोप्यता स्वतः खोलिन जान्छ । अर्कोतिर राज्यले अनावश्यक गोप्यता कायम गर्न मिल्दैन, सुशासन र भ्रष्टाचारमुक्त राज्य चलाउने हो भने पारदर्शिता हुनैपर्छ । करदाता र सरकारबीच साँठगाँठ हुनुहुँदैन, स्वतन्त्र विचार मञ्चका अध्यक्ष **भरतजंगम** भन्नुहुन्छ- "सरकारले राज्यलाई गुमराह गर्न पाइँदैन ।"

## *मापदण्डको मनपरी*

स्वयं घोषणा गराउने, धुनमा सरकारले करदाताको विश्वास पनि जित्न सकेन । युद्ध खर्चका लागि अध्यादेश जारी गरेर मूल्यबृद्धि गराउन सरकारलाई विश्वास गरेर आफ्नो आय वा सम्पत्तिको निश्चित प्रतिशत बुझाउन सहज पनि छैन । तैपनि संभावित व्यक्तिहरूलाई घरघरमा 'गोप्य' छाप लगाइएका खामबन्दी पत्र सोझै पठाएर जानकारी उपलब्ध गराउनेदेखि आर्थिक विधेयक ०५८ को दफा ३६ अनुसार सबै महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाभित्र चारवटा मापदण्ड पूरा गर्ने व्यक्ति, दम्पत्ति वा परिवारले अनिवार्य रूपमा आफ्नो आय विवरण पेश गर्नुपर्ने व्यवस्था गरियो । सो मापदण्डअनुसार, ३ हजार वर्ग फिटभन्दा बढीको घर भएको वा मासिक १० हजार रूपैयाँभन्दा बढी बहाल तिरेको वा पाएको वार्षिक २४ हजार रूपैयाँभन्दा बढी टेलिफोन महशूल तिरेको वा मोबाइल फोन भएको, सात सय सीसीभन्दा बढी क्षमताको निजी सवारी साधन भएको र वार्षिक १० हजार रूपैयाँभन्दा बढी शुल्क तिर्ने गरी कुनै क्लबको सदस्य भएको व्यक्तिले आय विवरण पेश गर्नुपर्ने भयो । यो मापदण्ड निर्धारणमा कुनै वैज्ञानिक मानक नभएको आलोचनाबाट पनि सरकार बच्न सकेन ।

'सरलताबाट जटिलतातिर जाने' नीतिअनुरूप घोषित कार्यक्रमहरूको कार्यान्वयनका लागि संभावित व्यक्तिहरूको प्रारम्भिक सूची तयार गरिएको बताइए पनि त्यस्तो सूचीमा कति र कस्ता व्यक्तिहरू परेका छन् भन्नेबारेमा पनि केही बताइएको छैन । बरू आर्थिक विधेयकअनुसार आयको स्वयं घोषणाअन्तर्गत प्रचलित कानूनबमोजिम छानवीन भइरहेका, आय विवरण पेश गर्ने कर्तव्य भएका र आयकरमा दर्ता भई नियमित रूपमा आय विवरण पेश गरिरहेका व्यक्तिहरू नपर्ने बताइएको छ । यस्तै पैतृक सम्पत्ति, कृषि आय, विदेशमा बसी आर्जन गरेको आय, कर छुट पाइएको आय, प्रचलित कानूनले कर नलाग्ने भनी तोकेको आय र कर तिरेर आर्जन गरेको सम्पत्तिमा आयकर नलाग्ने भएकोले यस्ता सम्पत्तिको आयको स्वयं घोषणा गर्नु नपर्ने व्यवस्था गरिएको छ ।


तर सरकारी मापदण्डहरू फेरि पनि विश्वासलायक देखिएनन् । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्शलगायत उद्योग व्यवसायीहरूका प्रतिनिधिमूलक संस्थाहरूले आयको स्वयं घोषणामा सहभागी नहुनेमात्र जनाएनन्- विभिन्न चारवटा बूँदामा आधिकारिक निर्णय गरेर अर्थमन्त्रीलाई बुझाए र अर्थमन्त्रीसँग स्पष्टताको आग्रहसमेत गरे । यससँगै सम्पत्ति विवरण लिई स्रोतको छानवीन गरी सम्पत्तिसमेत जफत गर्ने सरकारी चेतावनीबाट अर्को किसिमको त्रास पनि उत्पन्न भयो र बैंकबाट धमाधम निक्षेप झिक्न थालियो, निक्षेप कार्यमा व्यापक कमी आयो । बैंकहरूसित कुनै जानकारी माग नगरिएको बताएर मात्र भएन, त्यसरी निक्षेप झिक्नेहरूमाथि निगरानी राखिने अर्को सरकारी धम्की पुनः सार्वजनिक भयो ।

## *कुनामा परेको कानून*

नेपाल अधिराज्यको संविधान २०४७ को मापदण्डअनुसारको प्रजातन्त्रमा सोही संविधानको समेत बर्खिलाप गरेर सरकारले कर प्रशासन चलाउन खोजेको देखिन्छ । आयको स्वयं घोषणामा पनि कर नतिरी आर्जन गरेको सम्पत्ति जफतसम्म गर्ने कडा प्रावधान राखिएको छ । जबकि मौलिक हक अन्तरगत सम्पत्तिको हक समेटिएको संविधानको धारा १७ (३) ले त्यसरी ठाडै जफत गर्ने अनुमति दिँदैन । 'यो कुराले जनतालाई आतंकितमात्र गराउँछ' - भ्रष्टाचारविरोधी स्वतन्त्र विचार मंचका अध्यक्ष जंगम भन्नुहुन्छ- "सरकार कानूनी व्यक्ति भएकोले गैरजिम्मेवारीपूर्ण कुराहरू बोल्न पाइँदैन, सरकारी प्रयास नै गैरकानूनी छ ।"

संविधानको धारा ८३ को 'आर्थिक कार्यविधिसम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुनेछ' भन्नेतर्फ पनि सरकारले ध्यान नदिएको आरोप जंगमको छ ।

असीमित आयआर्जन गरेर पनि करको दायराभन्दा बाहिर रहेका, आयअनुसारको कर नतिरीरहेका तथा कर तिर्दै नतिरेका व्यक्तिहरूलाई करको दायराभित्र ल्याउने उद्देश्यले यो कार्यक्रम ल्याइएको भनिए पनि आर्थिक मुद्दाहरूमा बढी ध्यान दिनु हुने अधिवक्ता **गान्धी पण्डित** 'प्रभावकारी ढंगले कर प्रशासन चलाउन नसकेको सरकारले आफ्नो अनुहार बचाउनको लागि समेत' यो कार्यक्रम ल्याएको दावी गर्नुहुन्छ ।



**अर्थमन्त्री डा. रामशरण महतले गत असार २५ गते संसदको बीसौं अधिवेशनमा आर्थिक वर्ष २०५८/५९ को बजेट वक्तव्य दिने क्रममा प्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दा यो कार्यक्रम सार्वजनिक गर्नुभएको थियो ।**

नतिरेमा सम्पत्ति विवरण लिई सोको स्रोतको समेत छानवीन गरी कानूनबमोजिम कर नतिरी आर्जन गरेको सम्पत्तिसमेत जफत गरिने तथा जरिवाना र शुल्कसमेत लिनेजस्ता कारवाहीका धम्की भने एक चरणको असफलतापछि पनि केही मन्द स्वरमा यथावत् रहे । कर प्रशासनमा सुधार गर्दै लैजाने घोषित नीतिअनुसार यो कार्यक्रमको घोषणा गरिएको भएपनि राजश्व उठाउने कार्यलाई दीर्घकालीन रूपमा निरन्तरता दिन थिति बसाउने नभएर चन्दा संकलन अभियानको रूपमा अघि बढाइयो भने कर प्रशासनमा गुणात्मक सुधारका लक्षणहरू देखिँदैनन् ।

## *विरोधाभास*

नियमित करदाताले स्वयं घोषणामा आउनुपर्ने सरकारी अधिकारीहरूले बताए पनि आन्तरिक राजश्व विभागको सूचनामा विरोधाभास विद्यमान छ । जस्तो कि आर्थिक विधेयक २०५८ मा आय विवरण पेश नगरेकाहरूका लागि पेश नगरेको विवरणको हकमा र आयं विवरण पेश गरे पनि सो विवरणमा आयकर लाग्ने सबै आय समावेश नगरेको आयको हकमा मात्र स्वयं घोषणा लागू हुने स्पष्ट उल्लेख भए पनि आन्तरिक राजश्व विभागले जारी गरेको पर्चामा अर्कै व्यवस्था छ । पर्चाको क्र.सं. ९ (ग) मा आयकरमा दर्ता भई नियमित रूपमा आय विवरण पेश गरे पनि प्रचलित आयकर ऐनबमोजिम पेश गर्नुपर्ने, आय विवरण तथा सोसाथ दाखिला गर्नुपर्ने आयकर रकमको दायित्वबाट बच्न नपाउने उल्लेख गरिएकोले आपसी विरोधाभास देखापरेको हो ।

विभागले स्वयं घोषणा गर्नेहरूको सम्पत्तिलाई गत साउन १ गतेका दिन मालपोत कार्यालयमा दर्ता भएको घर-जग्गालाई आधार बनाउन सकिने बताएको छ । तर सो दिन मुलुकका कतिवटा मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन पास गरे भन्ने तथ्याङ्कको व्यवहारिकता पटक्कै छैन । त्यसमाथि पनि रजिष्ट्रेशन पास नभएको ठाउँमा मूल्यलाई आधार बनाउने भन्ने स्पष्टता खोज्नु भनेको करदाता झन् अलमलमा पर्नु हो । शेयरको रूपमा भएको सम्पत्ति त साउन १ गतेको तुलनामा अहिले व्यापक घटेकोले सो शेयर तत्कालीन मूल्यमा खरीद गर्न कोही तयार हुने स्थिति नै छैन ।

पूँजीगत लाभ र संगठित कृषि व्यवसायमा आयकर लिने व्यवस्था नेपालमा यसै आर्थिक वर्षदेखि मात्र गरिएको हो । स्वयं घोषणाको पर्चामा पैतृक सम्पत्ति र कृषि आयमा कर नलाग्ने भनी उल्लेख छ तर यी शीर्षकलाई कसरी प्रमाणित गर्ने भन्ने स्पष्टता छैन, परिभाषाकै अभाव छ । स्वयं घोषणा कार्यक्रम लागू गर्नुअघि सम्पूर्ण कम्पनी, फर्म, व्यक्तिले कानूनी तवरले आजसम्म आफ्नो पैतृक स्थिर र चल सम्पत्तिको विवरण दिने र त्यसपछि अन्य कतिपय देशहरूमा जस्तै कानूनी र कालो सम्पत्तिको स्पष्ट रेखांकन गरिएको भए लक्षित उद्देश्य प्राप्तिमा यस्तो सकस देखा नपर्ने स्थिति सिर्जना हुनसक्थ्यो ।

करदाताले घोषणाका साथ पेश गरेको कुनै पनि कागजातलाई गोप्य कागजातको रूपमा लिइने र कुनै पनि निकायले त्यस्तो कागजात हेर्न वा प्रमाण पेश गर्न नपाउने व्यवस्थासमेत गरिएको छ । एकातिर सरकारले वास्तवमै छानवीन गर्ने र करदाताको घोषणाको सत्यतथ्य खोज्ने हो भने त्यो गोप्यता स्वतः खोलिन जान्छ । अर्कोतिर राज्यले अनावश्यक गोप्यता कायम गर्न मिल्दैन, सुशासन र भ्रष्टाचारमुक्त राज्य चलाउने हो भने पारदर्शिता हुनैपर्छ । करदाता र सरकारबीच साँठगाँठ हुनुहुँदैन, स्वतन्त्र विचार मञ्चका अध्यक्ष **भरतजंगम** भन्नुहुन्छ- "सरकारले राज्यलाई गुमराह गर्न पाइँदैन ।"

## *मापदण्डको मनपरी*

स्वयं घोषणा गराउने, धुनमा सरकारले करदाताको विश्वास पनि जित्न सकेन । युद्ध खर्चका लागि अध्यादेश जारी गरेर मूल्यवृद्धि गराउन सरकारलाई विश्वास गरेर आफ्नो आय वा सम्पत्तिको निश्चित प्रतिशत बुझाउन सहज पनि छैन । तैपनि संभावित व्यक्तिहरूलाई घरघरमा 'गोप्य' छाप लगाइएका खामबन्दी पत्र सोझै पठाएर जानकारी उपलब्ध गराउनेदेखि आर्थिक विधेयक ०५८ को दफा ३६ अनुसार सबै महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाभित्र चारवटा मापदण्ड पूरा गर्ने व्यक्ति, दम्पत्ति वा परिवारले अनिवार्य रूपमा आफ्नो आय विवरण पेश गर्नुपर्ने व्यवस्था गरियो । सो मापदण्डअनुसार, ३ हजार वर्ग फिटभन्दा बढीको घर भएको वा मासिक १० हजार रूपैयाँभन्दा बढी बहाल तिरेको वा पाएको वार्षिक २४ हजार रूपैयाँभन्दा बढी टेलिफोन महशूल तिरेको वा मोवाइल फोन भएको, सात सय सीसीभन्दा बढी क्षमताको निजी सवारी साधन भएको र वार्षिक १० हजार रूपैयाँभन्दा बढी शुल्क तिर्ने गरी कुनै क्लबको सदस्य भएको व्यक्तिले आय विवरण पेश गर्नुपर्ने भयो । यो मापदण्ड निर्धारणमा कुनै वैज्ञानिक मानक नभएको आलोचनाबाट पनि सरकार बच्न सकेन ।

'सरलताबाट जटिलतातिर जाने' नीतिअनुरूप घोषित कार्यक्रमहरूको कार्यान्वयनका लागि संभावित व्यक्तिहरूको प्रारम्भिक सूची तयार गरिएको बताइए पनि त्यस्तो सूचीमा कति र कस्ता व्यक्तिहरू परेका छन् भन्नेबारेमा पनि केही बताइएको छैन । बरू आर्थिक विधेयकअनुसार आयको स्वयं घोषणाअन्तर्गत प्रचलित कानूनबमोजिम छानवीन भइरहेका, आय विवरण पेश गर्ने कर्तव्य भएका र आयकरमा दर्ता भई नियमित रूपमा आय विवरण पेश गरिरहेका व्यक्तिहरू नपर्ने बताइएको छ । यस्तै पैतृक सम्पत्ति, कृषि आय, विदेशमा बसी आर्जन गरेको आय, कर छूट पाइएको आय, प्रचलित कानूनले कर नलाग्ने भनी तोकेको आय र कर तिरेर आर्जन गरेको सम्पत्तिमा आयकर नलाग्ने भएकोले यस्ता सम्पत्तिको आयको स्वयं घोषणा गर्नु नपर्ने व्यवस्था गरिएको छ ।

तर सरकारी मापदण्डहरू फेरि पनि विश्वासलायक देखिएनन् । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्शलगायत उद्योग व्यवसायीहरूका प्रतिनिधिमूलक संस्थाहरूले आयको स्वयं घोषणामा सहभागी नहुनेमात्र जनाएनन्-विभिन्न चारवटा बूँदामा आधिकारिक निर्णय गरेर अर्थमन्त्रीलाई बुझाए र अर्थमन्त्रीसँग स्पष्टताको आग्रहसमेत गरे । यससँगै सम्पत्ति विवरण लिई स्रोतको छानवीन गरी सम्पत्तिसमेत जफत गर्ने सरकारी चेतावनीबाट अर्को किसिमको त्रास पनि उत्पन्न भयो र बैंकबाट धमाधम निक्षेप झिक्न थालियो, निक्षेप कार्यमा व्यापक कमी आयो । बैंकहरूसित कुनै जानकारी माग नगरिएको बताएर मात्र भएन, त्यसरी निक्षेप झिक्नेहरूमाथि निगरानी राखिने अर्को सरकारी धम्की पुनः सार्वजनिक भयो ।

## *कुनामा परेको कानून*

नेपाल अधिराज्यको संविधान २०४७ को मापदण्डअनुसारको प्रजातन्त्रमा सोही संविधानको समेत बर्खिलाप गरेर सरकारले कर प्रशासन चलाउन खोजेको देखिन्छ । आयको स्वयं घोषणामा पनि कर नतिरी आर्जन गरेको सम्पत्ति जफतसम्म गर्ने कडा प्रावधान राखिएको छ । जबकि मौलिक हक अन्तरगत सम्पत्तिको हक समेटिएको संविधानको धारा १७ (३) ले त्यसरी ठाडै जफत गर्ने अनुमति दिँदैन । 'यो कुराले जनतालाई आतंकितमात्र गराउँछ' - भ्रष्टाचारविरोधी स्वतन्त्र विचार मंचका अध्यक्ष जंगम भन्नुहुन्छ- "सरकार कानूनी व्यक्ति भएकोले गैरजिम्मेवारीपूर्ण कुराहरू बोल्न पाइँदैन, सरकारी प्रयास नै गैरकानूनी छ ।"

संविधानको धारा ८३ को 'आर्थिक कार्यविधिसम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुनेछ' भन्नेतर्फ पनि सरकारले ध्यान नदिएको आरोप जंगमको छ ।

असीमित आयआर्जन गरेर पनि करको दायराभन्दा बाहिर रहेका, आयअनुसारको कर नतिरीरहेका तथा कर तिर्दै नतिरेका व्यक्तिहरूलाई करको दायराभित्र ल्याउने उद्देश्यले यो कार्यक्रम ल्याइएको भनिए पनि आर्थिक मुद्दाहरूमा बढी ध्यान दिनु हुने अधिवक्ता **गान्धी पण्डित** 'प्रभावकारी ढंगले कर प्रशासन चलाउन नसकेको सरकारले आफ्नो अनुहार बचाउनको लागि समेत' यो कार्यक्रम ल्याएको दावी गर्नुहुन्छ ।



**अर्थमन्त्री डा. रामशरण महतले गत असार २५ गते संसदको बीसौं अधिवेशनमा आर्थिक वर्ष २०५८/५९ को बजेट वक्तव्य दिने क्रममा प्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दा यो कार्यक्रम सार्वजनिक गर्नुभएको थियो ।**

आयकर ऐन २०३१ अनुरूप पनि वर्तमान व्यवस्था देखिँदैन । सो ऐनको दफा ५९ (३) मा आय विवरण दाखिल नगरेमा कर अधिकृतले चल सम्पत्ति रोक्का वा कब्जा गर्न वा सरकारी कार्यालयले तिर्नुपर्ने भए रोक्का गर्नेसम्मको व्यवस्था छ । 'त्यो व्यवस्था लागू गर्न नसकेकोले अहिले संविधानअनुरूप समेत नहुने गरी जफत गर्ने कुरा गर्नु उचित होइन' अधिवक्ता पण्डित भन्नुहन्छ ।

सरकारले आफूले गर्न नसकेको कामका कारण करदाताहरूमाथि मनोवैज्ञानिक हमला गर्नुको पनि औचित्य पुष्टि हुँदैन । कर नतिर्ने, छल्ने र गलत ढंगले अकूत पैसा कमाउनेहरूलाई कारवाही गर्न कहिल्यै पनि कानूनले रोकेको थिएन । उपत्यकाका ग्यालेक्सी, लिटिल एन्जेल्स, ईपीएस, होलील्याण्ड, एलआरआई, बाबा बोर्डिङ्ग, जलजला स्कूल आदिमा आयको स्वयं घोषणाकै सिलसिलामा छापा मारिएजसरी त्यसअघि र पछि पनि मार्न नसकिने होइन । त्यसबाहेक कर छल्नेदेखि आर्थिक अनियमितता गरेर कमाउनेसम्मका गलत कार्यलाई नियन्त्रण र कानूनी कारवाही गर्न सरकारका राजस्व अनुसन्धान, विशेष प्रहरीदेखि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र न्यायालयसम्म संवैधानिक उपचारका ठाउँहरू पनि सुरक्षित छन् ।

## *राजनीतिक भ्रष्टाचारको संरक्षण*

कर्मचारीहरू, जसको तीनपुस्ते सरकारसँग सुरक्षित हुन्छ, जसको सम्पत्ति विवरण अनिवार्य रूपमा राख्न सकिन्छ र जसलाई प्रत्यक्ष निगरानीबाट बाहिर राख्नै सकिँदैन, त्यो वर्गलाई कारवाही गर्न र सम्पत्ति घोषणा गराउन कुनै अभियान जरूरी हुँदैन । त्यसो गर्न नियमित प्रशासनिक कार्यविधिले नै भ्याउँछ । व्यापारीहरूले पनि वैध व्यवसाय संचालन गर्दासम्म अनेक ढोकामा राजश्व बुझाउनै पर्छ, अवैध व्यवसाय संचालन गर्नेलाई कारवाही गर्न कानूनको अभाव भयो भनेर सरकार स्वयं स्वीकार्दैन ।

यसपटक आन्तरिक राजस्व विभागबाहेक २१ वटा स्थानमा स्वयं कर घोषणा इकाई राखेर क-कसको आय घोषणा गराइयो, 'गोप्य' भएकोले सबै काम पर्दाभित्र सम्पन्न भएका छन् । तर यसबीचमा ठूलो आय आर्जन गरी आय विवरण पेश नगर्नेमा विदेशी सहयोगमा सञ्चालित विभिन्न योजना, परियोजनामा परामर्शदाताका रूपमा कार्यरत विज्ञहरू प्रमुख रूपमा देखिएका छन्, जसले मासिक ६० हजारदेखि ५ लाख रूपैयाँभन्दा बढीसम्म पारिश्रमिक असुल्ने गर्छन् । यस्तामा सरकारी उच्च अधिकारी, संयुक्त राष्ट्रसंघ तथा अन्य कूटनैतिक नियोग, विदेशी संस्था आदिमा कार्यरत व्यक्तिहरूको अधिकता छ । तिनीहरूलाई नियमानुसार कर तिर्न लगाउन विदेशी कूटनैतिक नियोग तथा नेपालस्थित विदेशी संस्थाहरूलाई पत्राचार नै गरिसकिएको बताए पनि अर्थमन्त्रालयसँग पनि तिनको सूची भने पाइँदैन । विज्ञहरूपछि कर नतिर्नेमा कानूनव्यवसायीहरू पाइएकोले उनीहरूबारे आन्तरिक रूपमा छानवीन शुरू गरिसकिएको बताइएको छ । तिनीहरूमध्ये करीब २० प्रतिशतले मात्र नियमित आयकर बुझाउने गरेका छन् । तर कानूनव्यवसायीहरूले आफ्ना 'क्लाइण्ट' सँग लिने रकमको कुनै निश्चित दर नभएको र पारदर्शी प्रकृया नभएकोले सरकारी 'छानवीन' नाममै मात्र सीमित हुने प्रष्ट छ । निजी अस्पतालका चिकित्सक, गैरसरकारी संघ संस्थाका संचालक आदि पनि महत्वपूर्ण क्षेत्रहरू हुन् ।

तर, यी सबैभन्दा माथि छन्- राजनीतिक नेताहरू, जसले प्रजातन्त्रको १२ वर्षे जीवनमा पुस्तौंको लागि पुग्ने सम्पत्ति आर्जन गरिसकेका छन् । सार्वभौम जनताका अगाडि नाङ्गो सत्यको रूपमा तिनीहरूका पोटिला गाला, विलाशितापूर्ण जीवनशैली र सम्भ्रान्त हैसियत एकाएक प्रकट भए पनि तिनीहरूको आय स्रोत सामान्य वैधानिक दरभन्दा बढी प्रमाणित हुँदैनन् । यो अवस्था एकाध दल बाहेक लगभग सबै राजनीतिक दलभित्र विद्यमान छ । वास्तवमा अर्काको सम्पत्ति र जनताको पसिनामाथि पौडी खेलेर उनीहरूले प्रजातन्त्रमा 'संपन्नता' प्राप्त गरेका छन् ।

यो नग्न सत्य हुँदाहुँदै पनि ती सार्वजनिक व्यक्तिहरू, जो बेला मौकामा मन्त्री पदमा आसीन हुँदा सम्पत्ति विवरण सार्वजनिक गर्ने नाटक गर्छन्, तिनीहरूमध्ये कतिले आयको स्वयं घोषणा गरे, कसैलाई पत्तो छैन । सामान्य नागरिकको लागि गोप्य कोड नम्बर प्रयोग भए पनि सार्वजनिक व्यक्तिहरूले त्यो गोपनीयता धान्नु के जरूरी ? बरू मन्त्रिमण्डल, सत्तारूढ दलका सांसद र केन्द्रीय सदस्य, राष्ट्रिय राजनीतिक दलका सांसद, केन्द्रीय सदस्य आदिले सामुहिक उपस्थितिका साथ सगौरव आयको सार्वजनिक घोषणा गरेर एउटा उभार ल्याउने कार्य किन हुन सकेन ? कारण स्पष्ट छ- अपारदर्शी ढंगले कमाएको सम्पत्ति पारदर्शी गराउन सकस परेको छ । बरू यही मौकामा गुपचुप केही आयको स्वयं घोषणा गरेर बाँकीलाई वैधानिकता प्रदान गर्न सकिन्छ भन्ठानिएको छ । नैतिकता र आचरणसँग जोडिएको विषय हुनाले राज्यले नै मौका दिएर चोख्याउनुमा राज्य संचालकको स्वार्थ छैन भन्न सकिँदैन ।

**यो कार्यक्रमको सन्दर्भमा सबैको प्रश्न राजनैतिक नेताहरूको हलक्क बढेको हैसियततर्फ सोझिएको छ ।**

यही स्थितिको बोध गरेर चरणबद्ध रूपमा राजनीतिज्ञ, कर्मचारी तथा व्यवसायीहरूलाई समेट्ने गरी अघि बढाइनुपर्ने माग व्यवसायीहरूले गरेका हुन् । पुस १० गते नेपाल उद्योग वाणिज्य महासंघको सभाकक्षमा कर अधिकृत र उद्योगी व्यापारीबीचको अन्तरक्रियामा व्यापारीहरूले स्वयं कर घोषणाबाट नियमित आयकर बुझाउने व्यक्तिमा सन्त्रास पैदाभएको र कर छल्न वा सो दायरामा आउन नचाहने राजनीतिक व्यक्तिहरू एवं उच्चपदस्थ कर्मचारीहरूको संरक्षण हुनसक्ने आशंका सार्वजनिक गरे । महासंघका अध्यक्ष **रविभक्त श्रेष्ठले** भन्नुभयो- "मुलुकले आर्थिक रूपले ज्यादै गम्भीर संकट झेलिरहेको अवस्थामा अस्पष्ट र अपारदर्शी ढंगले ल्याइएको स्वयंकर घोषणाको कार्यक्रमबाट उद्योगी व्यापारीहरूले झनै बोझ थपिएको महशूस गरिरहेका छन् ।" उहाँले यो कार्यक्रमलाई कालो धनलाई सेतो पार्ने अवसर र वास्तविक उद्योग व्यवसायीलाई घाँटी न्याक्ने प्रयासको रूपमा पनि उल्लेख गर्नुभएको छ ।

यो कार्यक्रमको सन्दर्भमा सबैको प्रश्न राजनैतिक नेताहरूको हलक्क बढेको हैसियततर्फ सोझिएको छ ।

राजनैतिक नेताहरूले २०४६ सालपछि अकूत सम्पत्ति कमाएको र कर नतिरेको सन्दर्भमा अर्थसचिव डा. **कोइरालाको** जवाफ छ- "यो कार्यक्रममा जो कोही पनि लक्षित छन्, करको दायराभित्र नरहेका तर कर तिर्नुपर्नेहरू कोही पनि बाँकी रहने छैनन् ।" यो सोलोडोलो उत्तरको विश्वास भने स्वयं घोषणाको म्याद समाप्ति सँगसँगै करले मार्ने छापा कारवाहीपछि मात्र प्राप्त हुनसक्छ ।

## *अनियमितता र छानवीन*

अनियमित तरिकाले आर्जन गरेको आयलाई वैधानिकता दिन नै यो कार्यक्रम आएको कुरामा दुई मत छैन । तर घोषित रूपमा त्यसो भनेर आउन भने सरकार सकेन । त्यसो गर्दा उनीहरूलाई फाइदा पनि थिएन । **भरत जंगम** भन्नुहुन्छ- "बरू यसो गर्दा एकातिर कर उठाएको भनेर जनताको आँखामा छारो हाल्न पनि पाइयो र अर्कोतिर आफ्नो कालो धनलाई वैधता दिन पनि पाइयो । यो उनीहरूको दोहोरा लाभको चाल हो ।"

कालो धनलाई सेतो पार्न र त्यो धन विदेशिनबाट जोगाउन तथा माफिया, तस्करहरूलाई एकपटक भए पनि करको दायरामा ल्याउन यदाकदा अन्य देशहरूमा पनि यस्तो आह्वान गरिन्छ । तर नेपाली नेताहरूले हरेक गतिविधिमा उदाहरण दिने देश भारतकै हकमा पनि त्यसरी करको दायरा तोक्दा ३० प्रतिशतभन्दा कम तोकिँदैन । **जंगम** भन्नुहुन्छ- "यो कार्यक्रम थोरै कर बुझाएजस्तो गरेर सम्पूर्ण कालो धनलाई वैधता प्रदान गर्ने दोहोरो नीतिको कमाल हो ।"

आर्थिक विधेयकले प्रत्येक वर्ष निश्चित सीमाभन्दा बढी आय भएका व्यक्तिहरूबाट २० देखि ४० प्रतिशतसम्म आयकर तिर्नुपर्ने व्यवस्था गरेको छ । सरकारले यसै बमोजिम आयकर असुल्दै आएको पनि छ । तर हाल सरकारले कर छल्ने, लुकाउने, गैरकानूनी तरिकाले आर्जन गर्नेहरूलाई विद्यमान कानूनअनुरूप जरिवानासमेत असूल्न नसकेर आफ्नो असक्षमता लुकाउन वा जानाजानी उनीहरूको हित गरिदिन १० प्रतिशतमात्र राजश्व लिएर उन्मुक्ति दिन खोजेको छ ।

त्यस्तै, यो कार्यक्रममा आयकर तिर्नुपर्ने शीर्षकबाट आर्जन गरेको तर आयकर नतिरेको वा लुकाएको आयबाट जोडेको सम्पत्ति वा आयमा मात्र स्वयं घोषणा गर्न आह्वान गरेको छ । गैरकानूनी तरिकाबाट, भ्रष्टाचार गरेर, ठगेर, चोरेर आय आर्जन गरेमा आयकर तिर्नुपर्ने आय शीर्षकअन्तर्गत


आयकर ऐनमा कानूनी व्यवस्था नै छैन । यस्तो स्थितिमा स्वयं घोषणाले कसरी तिनीहरूलाई समेट्न सक्छ ? त्यस्तो गैरकानूनी कार्यबाट आर्जित सम्पत्तिलाई कानूनी तवरले जफतसम्म गर्ने मार्ग रोज्ने कि त्यस्तो संपत्तिलाई वैधानिकता दिने ? प्रश्नहरू अनुत्तरित छन् ।

यसैबीच आयको स्वयं घोषणा गरी कर दाखिला गर्दैमा गलत किसिमले आर्जन गरेको सम्पत्ति चोख्याउन नसकिने राय अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्त **बासुदेव लामिछाने**ले व्यक्त गर्नुभएको छ । लामो समयसम्म महालेखा परीक्षकको विभागमा सेवा गरेर पद बहाल भएकै स्थितिमा आयुक्त नियुक्त हुनु भएका उहाँले भन्नुभएको छ- "हामीलाई छानवीन गर्न र विवरण माग गर्न प्रशस्त अधिकार छ, आवश्यक देखिएमा हामी जतिखेर पनि छानवीन र विवरण माग गर्न सक्छौं ।"

"आयको स्वयं घोषणा गर्नेको विवरण कुनै पनि हालतमा सार्वजनिक हुँदैन र त्यही आधारमा कसैले पनि छानवीन गर्न पाउने छैन ।" भन्ने अर्थमन्त्री **डा. महत**को कथनलाई चुनौति दिंदै आयुक्त **लामिछाने**ले भन्नुभयो- "सरकारले आफ्नो अधिकारलाई प्रयोग गर्दै कर असुल गर्ने क्रममा उक्त निर्णय गरेको होला तर कुनै पनि निकायले छानवीन तथा कारवाहीका प्रकृयाहरू नै अगाडि बढाउन मिल्दैन भन्नु तर्कसंगत र नियमसंगत पनि छैन । अमेरिकी विदेशमन्त्री कोलिन पावेल नेपाल भ्रमणमा आउँदा एकातिर स्रोत नखुलेको सम्पत्ति जफत गर्ने अधिकार अदुअआ मातहत रहने गरी कानून निर्माण गर्ने तयारी भइरहेको र भ्रष्टाचार नियन्त्रण गर्न अदुअआलाई सकृय गराइने जानकारी प्रधानमन्त्री शेरबहादुर देउवाले गराईसक्नु भएको छ । साथै सम्पूर्ण मन्त्रीगण र आयुक्तहरूसमेतको संयुक्त बैठकमा उहाँले नै भ्रष्टाचारीलाई कारवाही गर्नसक्ने दर्बिलो संयन्त्र विकास गर्न अदुअआलाई आवश्यक बजेट, कर्मचारी र अन्य सहयोग गर्न उच्च तत्परता प्रदर्शन गर्नुभएको सन्दर्भमा र स्रोत खोजी गरी कारवाही नगरिने व्यवस्थाले भ्रष्टाचार निवारण ऐन २०१७ लाई समेत चुनौति दिइरहेको विरोधाभाषपूर्ण स्थिति अहिले विद्यमान रहेको छ ।

❑

*(लेखक नेपाल समाचारपत्र, राष्ट्रिय दैनिकका सहायक संपादक हुनुहुन्छ)*




# चिनियाँ चलचित्रहरूको आकर्षण

गत माघ २५ देखि २७ गतेसम्म काठमाण्डौंमा आयोजित चिनियाँ चलचित्र महोत्सवमा प्रदर्शित ५ वटा चिनियाँ चलचित्रहरूले प्रवुद्ध दर्शकहरू र नेपाली सिनेमा क्षेत्रका गम्भीर कर्मीहरूलाई विशेष रूपले आकर्षित गरेको पाइयो । हाम्रो दक्षिणको छिमेकी देश भारतका सिनेमा क्षेत्रका विशाल विकृतिहरूले हाम्रो चलचित्र क्षेत्रलाई गाँजिरहेको वर्तमान स्थितिले दिक्क भएका नेपाली दर्शकहरूलाई उत्तरको छिमेकी देश चीनको रहरलाग्दो विशेषताले युक्त चलचित्रको प्रदर्शन आफैंमा एउटा राहतकारी घटना सावित भयो ।

महोत्सवको उद्घाटन सत्रमा नेपालका लागि चिनियाँ राजदूत ऊ छोङ्ग योङ्गले भनेझैं चिनियाँ इतिहास एवं संस्कृतिलाई दर्शाउन यी पाँच चलचित्रहरूले जुन भूमिका खेले, त्यसबाहेक यी फिल्महरूले चीनले पछिल्ला समयहरूमा चलचित्र क्षेत्रमा प्राप्त गरेका उपलब्धीहरूको स्तरलाई पनि उल्लेख्य छापसहित प्रकट गरे । सामान्य विषयवस्तुलाई पनि सरल र रोचक ढंगले प्रस्तुत गरी दर्शकको दिल-दिमागलाई तान्न सक्नु यिनको विशेष खुवि देखिन्थ्यो ।

चिनियाँ जनताहरूले आफ्नो पात्रो अनुसार 'बसन्त महोत्सव'को रूपमा नयाँ वर्ष मनाउनै आँटेको समय पारेर आयोजना गरिएको यो महोत्सवको उद्घाटन सत्रमा नेपालका सूचना तथा संचारमन्त्री जयप्रकाश प्रसाद गुप्ताले पर्यटकका रूपमा चिनियाँहरू नेपाल आउने प्रकृया अघि बढ्न आँटेको अहिलेको स्थितिसँग यो महोत्सवको महत्वलाई जोड्नु भएको थियो । यी फिल्महरू हेर्दा के पाइयो भने, यो महोत्सवको महत्व अर्को पनि छ र त्यो हो- गुणस्तरीय चलचित्र निर्माणका निम्ति यिनले दिने प्रेरणा र हौसला ।


'द रोड होम' फिल्मले ८३ मिनेटको आफ्नो छोटो लम्बाइभरिमा ग्रामिण चिनियाँ समाजकी एउटी निर्दोष किशोरीले आगन्तुक स्कूल शिक्षकप्रति ओइऱ्याएको प्रेमलाई सुन्दरतासाथ प्रस्तुत गरेको छ । 'दक्षिणपन्थी' हुनुको आरोपमा शिक्षक स्कूलबाट हटाइएपछि पनि जीवनभर किशोरी आफ्नो प्रेममा डगमग भइन । प्रेमीको मृत्युपछि जवान छोरालाई उसैगरी स्कूले शिक्षक बन्न अभिप्रेरित गरेको प्रसंगले प्रेमलाई सामाजिक दायित्वसंग सुन्दर ढंगले एकाकार गराएको छ ।


यसैगरी 'पोष्ट मेन इन दि माउन्टेन्स्' र 'शावर' दुवै चलचित्रले चिनियाँ समाजका पुरानो र नयाँ पुस्ताका प्रतीकका रूपमा बाबु-छोराका अन्तरंग सम्बन्धहरू र हार्दिकतालाई उजागर गरेका छन् । ४० वर्षअघि चीनले आणविक बम निर्माण गर्न थाल्दाको विषयवस्तुमा आधारित 'वर्थ अफ ए सुटिङ्ग स्टार' र बीसौं शताब्दीको शुरूतिर बेइजिङ्गमा आएका एकजना यूरोपियन फिल्म कलाकारसँग सम्बन्धित विषयमा आधारित 'स्याडो म्याजिक'ले प्रदर्शित गरेको यथार्थ र यिनको प्रस्तुति-शैलीले पनि दर्शकहरूलाई निकै नै आकर्षित गरेको पाइयो । सस्ता प्रेम प्रसंग र जिम्मेवारीविहीन उडंते कथावस्तुविना नै पनि कसरी राम्रा फिल्म बन्न सक्छन् भन्ने कुराको राम्रा उदाहरण हुन् यी फिल्महरू ।

आफ्नो समयको विशिष्ट यथार्थलाई पक्रेर ठूलठूला तडकभडकविना नै कसरी राम्रा फिल्म बनाउन सकिन्छ भन्नेबारे हामीले छिमेकी देश चीनबाट धेरै कुरा सिक्न सक्छौं भन्ने अनुभूतिका साथ आयोजकहरू *वर्ड कल्चरल नेट* र *काठमाण्डौ फिल्म आर्काइभ*लाई र सहयोगीहरू चिनीयाँ दूतावास र *समुद्रपार सीमा व्यापार संघ, नेपाल*लाई विशेष स्याबासी दिनु उचित नै होला ।

❑ *हरिगोविन्द लुइँटेल*

*'पोष्टमेन इन दि माउन्टेन्स'का दुई दृश्यहरू*





# किन इजरायली कम्युनिष्ट पार्टी युद्धको विरोधमा उत्रेको हो ?

'के युद्धले युद्धलाई समाप्त पार्न सक्छ ?' 'के आतंकले आतंकको विनाश गर्न सक्छ ?' -अमेरिकी राष्ट्रपति जर्ज बुशले आतंकवादविरूद्ध तथाकथित विश्वव्यापी युद्ध घोषणा थालेपछि यो सवाल चारैतिर उठ्न थालेको छ, नेपालदेखि इजरायलसम्म । बुश प्रशासनले हरियो बत्ती बालेपछि प्यालेस्टाइन र त्यहाँका जनताविरूद्ध भीषण सैनिक आक्रमण गरिरहेको इजरायली सरकारसमक्ष पनि इजरायली जनताले यस्तै सवालहरू तेर्स्याउन थालेका छन् ।

प्यालेस्टाइनी लडाकूहरूले आतंक मच्चाएको निहुँमा इजरायलको एरियल श्यारोंको दक्षिणपन्थी सरकारले प्यालेन्टाइनविरूद्ध अचेल भीषण युद्ध चलाइरहेको छ । ट्यांक, मिसाइल, बमवर्षक विमान र हेलिकोप्टरहरूका साथ प्यालेस्टाइनी जनताको निर्मम हत्या गर्ने, बस्तीका बस्ती उजाड पार्ने, प्यालेस्टाइनी सरकारका प्रमुख राष्ट्रपति यासेर अराफातकै कार्यालयमा मिसाइल आक्रमण गर्ने अपराध इजरायली सरकारबाट भइरहेका छन् ।

यस्तो युद्धको स्थितिबीच इजरायली जनता र त्यहाँको कम्युनिष्ट पार्टीले सडक र सदनमा आवाज उठाइरहेको छ- प्यालेस्टाइनी भूभागमाथिको अतिक्रमणलाई रोक, युद्ध र आतंक स्वतः रोकिने छ ।

हजारौं-हजार न्यायप्रेमी इजरायली जनताले केही समयअगाडि श्यारों सरकारविरूद्ध सडकमा उत्रने क्रममा पश्चिम जेरूशलमको पेरिस स्क्वायरमा उभिएर नारा लगाएका छन्- 'यो युद्धखोरलाई रोक !' 'प्यालेस्टाइन भूमिमाथिको अतिक्रमण रोक !'


अमेरिकाको बुश-प्रशासनको आशीर्वाद पाएर अति आक्रामक भइरहेको श्यारों सरकारले प्यालेस्टाइनी जनताविरूद्ध युद्ध थालेपछि त्यहाँका अधिकांश प्रजातन्त्रवादी र वामपन्थी विचारका पार्टी र संगठनहरू सडकमा उत्रेका छन् । कम्युनिष्ट पार्टी अफ इजरायल (CPI) ले श्यारों सरकारद्वारा जनता र उनीहरूको सरकारविरूद्ध थालिएको क्रूर युद्धबाट सम्पूर्ण यहूदी र प्यालेस्टाइनी जनताका लागि भयावह परिणाम निस्किरहेको निष्कर्षसहित वर्तमान युद्धको कडा विरोध गरेको छ ।

सीपीआईले इजरायलका यहूदी जनताविरूद्ध प्यालेस्टाइनी लडाकूहरूको उग्रवादी, हिंसक आत्मघाती आक्रमण र बम प्रहारको पनि विरोध गरेको छ । त्यस्ता आक्रमणहरूको प्रतिकार गर्ने निहुँमा श्यारों सरकारले प्रतिआतंक मच्चाउने क्रममा गरेका जघन्य र अमानवीय हत्या-हिंसाको त्यस पार्टीले कडा विरोध गरेको छ । गाजा, वेस्ट ब्याङ्क (पश्चिमी तट) का प्यालेस्टाइनी शहरमा बम र मिसाइलद्वारा आक्रमण गर्ने, असह्य खालको आर्थिक नाकाबन्दी लगाई प्यालेस्टाइनीहरूलाई भोकभोकै मार्नेजस्ता श्यारों सरकारको प्रवृत्तिको कडा भर्त्सना गर्दै भनेको छ- बम र मिसाइलद्वारा गरिने हत्या-हिंसा र नाकाबन्दी, गिरफ्तारीजस्ता प्यालेस्टाइनी जनताविरूद्ध गरिने अप्रत्यक्ष हिंसाहरूले इजरायल र इजरायली जनतालाई कहिले पनि सुरक्षा र शान्ति दिन नसकेको कटु अनुभव हामीले धेरै भोगिसक्यौं । त्यस्ता प्रत्यक्ष र परोक्ष हिंसाहरूले राज्यविहीन प्यालेस्टाइनी जनताबीच निराशा, असहिष्णुता, आक्रोश, रक्तपात जन्माएका छन्, दुई देशका जनताबीच राजनैतिक संवाद र शान्तिपूर्ण समाधान नहोस् भन्ने कुविचार बोक्ने दुवै देशका उग्रवादीहरूकै हात मजबूत पारेका छन् । अतः फेरि फेरि पनि प्यालेस्टाइनी भूमि हड्प्ने, प्यालेस्टाइनी प्राधिकरण र त्यसका राष्ट्रपतिदेखि सम्पूर्ण अधिकारीहरूलाई कामकारवाही गर्न नदिने र भौतिक रूपमै सखाप पार्ने, श्यारों सरकारको दुष्कर्मले सम्पूर्ण राजनैतिक प्रक्रियालाई ध्वस्त पारिरहेको छ र भावी शान्तिवार्ताको संभावनाको हत्या गरिरहेको छ ।

सीपीआईले प्यालेस्टाइनलाई इजरायलभित्र गाभ्ने कार्यलाई सहयोग र समर्थन गर्ने अमेरिकी सरकारको नीतिले इजरायल र प्यालेस्टाइन क्षेत्रमा आतंकको दुष्चक्र निर्माण गरिरहेको र सम्पूर्ण राजनैतिक प्रक्रियालाई नष्ट गरिरहेको आरोप लगाउँदै फेरि पनि शान्तिवार्ताका लागि जोड दिएको छ । सीपीआईले शान्तिकामी यहूदी र प्यालेस्टाइनी जनता, न्यायप्रेमी वामपन्थी तथा प्रजातन्त्रवादी शक्तिहरूलाई श्यारों सरकारविरूद्ध जनदवाब सिर्जना गर्न सडक-संघर्षका लागि आह्वान गरेको छ ।

श्यारों सरकारका शान्ति, न्याय र प्रजातन्त्रविरोधी दुष्कर्महरूविरूद्ध निरन्तर संघर्षरत सीपीआईकै आह्वान र संयोजनमा अचेल इजरायलभित्र सडक संघर्ष हुनथालेका छन् । यस्तै जनसंघर्षहरू नै आतंक, युद्ध र हिंसाको दुष्चक्रको सही प्रतिकार हुने कुरामा दुई मत नहोला ।

❑ राजेन्द्र महर्जन



*अमेरिकी राष्ट्रपति जर्ज बुश*

## इजरायलको मानवद्वेषी युद्ध



*प्यालेस्टाइनी सरकार प्रमुख यासेर अराफात*



*इजरायली सरकार प्रमुख एरियल श्यारो*

# कसरी विकसित भयो विश्व व्यापार संगठन ?

अनिल भट्टराई




जेनेभामा रहेको विश्व व्यापार संगठनको हेड क्वार्टर

पूँजीको बेरोकटोक प्रवाह, बजार विस्तार, अन्तर्राष्ट्रिय व्यापारको बढी भन्दा बढी उदारीकरण तथा त्यसै अनुरूप सदस्य राष्ट्रहरूका आर्थिक नीतिहरू परिवर्तन गराउने जस्ता लक्ष्यहरू बोकेको विश्व व्यापार संगठन (World Trade Organization) अहिले संभवतः सबभन्दा बढी चर्चामा रहेको अन्तर्राष्ट्रिय संगठन हो । सन् १९९९ को डिसेम्बरमा अमेरिकाको सियाटल भन्ने शहरमा तेश्रो मन्त्रिस्तरीय सम्मेलनका बखत भएको वृहत विरोध प्रदर्शनले यसलाई संचार माध्यमहरूमार्फत संसारको कुना कुनासम्म पुर्‍याइदिएको थियो । त्यस पछिका वर्षहरूमा अरू विभिन्न ठाउँहरूमा भएका विरोध प्रदर्शनले यसलाई अरू चर्चाको विषयको रूपमा राखिदिएको छ ।

जति जति जीवनका विविध पक्षहरू बजारको घेराभित्र पर्दै गएका छन्, त्यति त्यति मानिसका जीवनमा विश्व व्यापार संगठनले पार्ने प्रभावको क्षेत्र पनि व्यापक हुँदै गएको छ । तर धेरै मानिसहरूलाई यसका लक्ष्यहरू के हुन् ? यसले कसरी काम गर्छ ? यसका स्थापना कसरी भयो ? अहिले सम्मका यसको अनुभव कस्ता रहेका छन् ? यसको कस्तो किसिमको प्रभाव परेको छ विभिन्न क्षेत्रहरूमा ? आदि कुराहरू बारे ज्यादै नै कम ज्ञान छ । सामान्य मानिसको त कुरै छोडौं, यसमा सम्मिलित धनी र धेरै व्यापार गर्ने सदस्य राष्ट्रहरूलाई पनि यो वास्तवमै के हो भन्ने कुरा राम्ररी थाहै छैन ।

हुन पनि यो स्थापनाका सम्झौताहरू तथा तीसँग सम्बन्धित परिशिष्टहरू लगभग २६,००० पृष्ठमा छरिएका छन् भने सम्झौता मात्रै पनि १००० पृष्ठ लामो छ ।[1] नेपालमा त यसको बारेमा छलफल पनि राम्ररी भएको छैन, यद्यपि नेपालले सदस्यताका लागि आवेदन भने हालिसकेको छ र सदस्यता पाउने तरखरमा छ ।

## *उदय र विकास*

विश्वमा व्यापारको बढी भन्दा बढी उदारीकरण गर्ने तथा विश्वभरिका अर्थ व्यवस्थाहरूलाई एउटै व्यापारिक नियमभित्र ल्याउने उद्देश्यबाट विश्व व्यापार संगठनको स्थापना सन् १९९५ जनवरी १ मा भएको हो । यस भन्दा अघि विश्वको व्यापारसम्बन्धी नीति-नियमहरू बनाउने तथा प्रयोगमा ल्याउने निकायको रूपमा भन्सार महशूल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (General Agreement on Tarrifs and Trade) अस्तित्वमा रहेको थियो, जसलाई छोटकरीमा ग्याट (GATT) पनि भन्ने गरिन्छ । विश्व व्यापार संगठन त्यसैबाट विकसित भएको विश्वव्यापी संस्था हो ।

ग्याटको स्थापना सन् १९४८ मा हवानामा भएको सम्मेलनमार्फत गरिएको थियो । त्यसभन्दा अघि यसको स्थापनाको लागि अरू दुईवटा सम्मेलनहरू भएका थिए, सन् १९४६मा न्यूयोर्कमा र १९४७ मा जेनेभामा । यी तीन सम्मेलनहरूको उपलब्धिको रूपमा ग्याटको उदय भएको हो ।[2] दोश्रो विश्व युद्धपछि संयुक्त राष्ट संघको स्थापना हुनेबित्तिकै यस अन्तर्गतको आर्थिक तथा सामाजिक परिषदले विश्वको व्यापारसम्बन्धी नीति-नियमहरू बनाउनका लागि अन्तर्राष्ट्रिय व्यापार संगठन (International Trade Organization-ITO) बनाउने प्रस्ताव अघि सारेको थियो । तर यसलाई अमेरिकी संसदले पारित नगरेपछि यो आफसेआफ सेलाएर गएको थियो । सन् १९५५ मा एउटा सानो अन्तर्राष्ट्रिय व्यापारको रेखदेख गर्ने संस्थाको स्थापना गर्ने प्रयास गरिएको थियो, तर त्यो पनि अमेरिकी संसदमा पारित नहुनाले सफल हुन सकेन ।

तर ग्याट पछि आफैले विस्तारै विभिन्न समयमा भएका सम्झौताहरू-मार्फत् व्यापारमा उदारीकरण बढाउनमा भने सफल भएको थियो । यसलाई संस्थागत रूप दिनु पर्ने आवश्यकता सन् अस्सीदेखि विकसित देशहरूमा देखिनथाल्यो । प्रमुख रूपमा त्यसका दुइवटा कारणहरू थिए : पहिलो, उनीहरूको आफ्नो देशभित्रको व्यापारले मात्रै उत्पादित वस्तुहरू बेच्न सम्भव नहुँदै गएको थियो र यसका लागि नयाँ नयाँ बजारको आवश्यकता पर्दैथियो । खास गरी बढी भएको कृषि उपजको बजार विस्तारको लागि यो आवश्यक थियो । दोश्रो, व्यापारको लागि खाली चिजविजहरू (Goods) मात्रै थिएनन्, बढ्दो रूपमा सेवा (Services) तथा बौद्धिक सम्पदा (Intellectual Property) पनि व्यापारको निम्ति आउँदै थिए । यसमा विकसित देशहरूको आफ्नो चाख बढी थियो किनभने धेरै जसो सेवा व्यापार तथा बौद्धिक सम्पदा उनीहरूकै हातमा थियो र तिनीहरूको बजार बढ्दो थियो । साथै नयाँ नयाँ राष्ट्रहरू पनि यसमा संलग्न हुँदै थिए । सन् १९४७ मा जेनेभामा जम्मा २३ सदस्य राष्ट्रहरूको सहभागिताबाट शुरू भएको ग्याट संझौता प्रकृयामा सन् १९८६ मा आइपुग्दा १२० देशहरू संलग्न भैसकेका थिए । त्यसै गरी शुरूमा ग्याट संझौताले अन्तर्राष्ट्रिय व्यापारको करिब १० अरब अमेरिकी डलरका वस्तुहरूसम्बन्धी नियम कानून बनाउँथ्यो भने, सन् १९८६ मा आइपुग्दा यो ३७ खरब अमेरिकी डलरमा पुगिसकेको थियो ।[3]

यसै क्रममा एउटा नयाँ संस्थागत स्वरूप निर्माण गर्न तथा व्यापारको मुद्दामा नयाँ सवालहरू पनि कार्यसूचीमा पारेर सन् १९८६ को सेप्टेम्बरमा उरूग्वेमा ग्याटको आठौं राउन्ड छलफल शुरू गरियो, जसमा चिजवीजको व्यापारका अतिरिक्त बौद्धिक सम्पदा तथा सेवा व्यापारलाई पनि पहिलोचोटि व्यापारको कोटमा समावेश गरियो ।

यसै सम्झौताको एउटा महत्वपूर्ण उपलब्धिको रूपमा विश्व व्यापार संगठनको स्थापनालाई लिइन्छ । वास्तवमा उरूग्वे राउन्ड शुरू हुँदा विश्व व्यापार संगठनको स्थापनाको बारेमा कुरा उठेको थिएन । यो कुरा सन् १९९० मा उठेको हो र त्यसबखत बहुपक्षीय व्यापार संगठन (Multilateral Trade Organization-MTO) को स्थापनाको कुरा गरिएको थियो । सन् १९९३ मा गएर मात्रै यसलाई विश्व व्यापार

> *स्थापनाका सम्झौताहरू तथा तीसँग सम्बन्धित परिशिष्टहरू लगभग २६००० पृष्ठमा छरिएका छन् भने सम्झौता मात्रै पनि १००० पृष्ठ लामो छ । नेपालमा त यसको बारेमा छलफल पनि राम्ररी भएको छैन ।*

**सदस्य राष्ट्रहरुले भोट दिन पाउने हुनाले, एक हिसाबले यो उनीहरुप्रति उत्तरदायी छ भन्न त सकिन्छ, औपचारिक रुपमा । तर**

संगठन (World Trade Organization-WTO) को रूपमा नामाकरण गरिएको हो ।

### *विश्व व्यापार संगठन*

ग्याटको विकसित रूप भएतापनि ग्याट र विश्व व्यापार संगठनवीच केही आधारभूत भिन्नताहरू छन् । यसको महत्वपुर्ण भिन्नता के हो भने यसमा चिजवीजको व्यापार मात्रै संलग्न गरिएको छैन, यसमा सेवा तथा बौद्धिक सम्पदासम्बन्धी ब्यापार संभौता पनि संलग्न गरिएको छ । यसमा रहेका कतिपय कार्यसूचीका विषयहरूमा संभौता हुन बाँकी नै छ । विस्तारै नयाँ नयाँ संभौताहरू हुँदै जाँदा विश्व व्यापारका नियमहरू तथा व्यापार गरिने बस्तुहरू पनि बढ्न जाने निश्चित छ। अहिले शिक्षा, स्वास्थ्य, वातावरणीय सेवा जस्ता विषयहरू छलफलको रूपमा दोहा सम्मेलनमार्फत राखिएका छन् ।

त्यसै गरी यो एउटा विश्वव्यापी रूपमा लागु हुने कानूनी हैसियत बोकेको निकायको रूपमा विकसित हुँदै गएको छ । अहिले यसले व्यापार सम्बन्धमा विश्वव्यापी नियम बनाउने, त्यसलाई कार्यान्वयन गर्ने, विभिन्न पक्षहरूबीच भएका व्यापार विवादहरू सुल्भाउने, सदस्य राष्ट्रका राष्ट्रिय नीतिहरू विश्व व्यापार संगठनका नियमहरू अनुकूल छन् कि छैनन् भन्ने अनुगमन गर्ने तथा विकासशील देशहरूलाई विश्व वजारमा पस्न सघाउनका लागि प्राविधिक सहायता दिने तथा तालिम दिने कामहरू गर्दछ । अब व्यापारको क्षेत्रमा विश्वस्तरको नियम बनेपछि विस्तारै राज्यको नियम बनाउने अधिकार खुम्चँदै छ । तर यो संगठन कोप्रति उत्तरदायी छ त भन्ने कुरा भने अनिश्चित छ । सदस्य राष्ट्रहरूले भोट दिन पाउने हुनाले, एक हिसाबले यो उनीहरूप्रति उत्तरदायी छ भन्न त सकिन्छ, औपचारिक रूपमा । तर वास्तविक संरचनागत तथा यसको

# यो विश्वका कुलिनहरूको विश्वव्यापीकरण हो

प्रो. अरूण कुमार, *जवाहरलाल नेहरू विश्व विद्यालय, दिल्ली*

हामीले विश्वव्यापीकरणको यो जुन प्रकृया देखिराखेका छौं भारतमा, त्यो कम्तिमा पनि दुइसय पचास बर्ष पहिले शुरु भएको हो । यसको मतलव त्यस अघि भारत विश्व अर्थव्यवस्थासँग जोडिएको थिएन भन्ने होइन । पहिला पनि व्यापार हुन्थ्यो, लेनदेन चल्थ्यो । तर त्यो र विगत २५० वर्षको अवधिमा भएको विश्वव्यापीकरणवीचको फरक के हो भने यस अवधिमा भारत जुन प्रकृयाअन्तर्गत विश्व अर्थव्यवस्थामा जोडिँदै गयो, त्यसको प्रारुप भने अरुले नै निर्धारण गरिदिएका थिए । अहिले जे जस्ता प्रविधिहरु भित्रिएका छन् तथा आम जन जीवनमा जे जस्तो परिवर्तन हुँदै गरेका छन्, सबैले यही कुरा देखाउँछन् । यी सबै पश्चिमबाट निर्देशित भएका छन् ।

सन् १९९१ मा यहाँ जुन किसिमको संकट देखा पऱ्यो, त्यस संकटको समाधानको उपायका लागि हामीले आफ्नै पहल गरेनौं । स्वतन्त्रताको समयमा केही विकल्पहरुको बारेमा सोच निर्माण भएका थिए । तर स्वतन्त्रतापछि फेरि पश्चिमी नमूनामा आधारित विकास प्रकृया नै अवलम्बन गरियो । भारतमा सन् १९८९ मा नै विश्व बैंकले स्वतन्त्र ब्यापारसम्बन्धी कृषि, वित्त तथा अरु विभिन्न आर्थिक सवालहरुमा दस्तावेजहरु तयार गरिसकेको थियो । जब भारतीय अर्थव्यवस्था सन् १९९१ को व्यापार भुक्तान असन्तुलनको चपेटामा पर्‌यो, त्यसैको मौका पारेर यी सब कुरा लादियो । यसरी हामी एकपछि अर्को अवस्थामा उही पश्चिमीकृत नमूनामा नै गयौं किनभने हामीसँग हामी आफैले तयार गरेका विकल्पहरु थिएनन् ।

अहिले आएर सबैजसो पार्टीहरुको नयाँ आर्थिक नीतिहरुप्रति सहमति छ जस्तो देखिन्छ । पहिला सन् १९९१ मा भारतीय कांग्रेसले यो नीति ल्यायो । त्यसपछि संयुक्त मोर्चाको सरकारले पनि यसलाई निरन्तरता नै दियो भने, भाजपाको नेतृत्वमा रहेको लोकतान्त्रिक गठबन्धनले त अरु ब्रेस्सरी यसलाई अघि बढाउँदै छ । उनीहरु त अभै दोश्रो पुस्ताका सुधारहरु (Second Generation Reforms) को कुरा गरिरहेका छन् । विकल्प निर्माणको लागि हामीले राम्रो गृहकार्य गरेका थिएनौं । किन यस्तो भयो त ? के कस्ता शक्तिहरु सक्रिय छन्, यो सबै प्रकृयाहरुलाई अघि बढाउनका लागि ?

मेरो विचारमा खालि बाहिरका शक्तिहरु मात्र आएर यो सबै गर्न दवाव दिएका होइनन् । भारतभित्रै पनि यसका समर्थकहरु छन् । एउटा उदाहरण दिउँ । प्रधानमन्त्रीको कार्यालयमा अहिले अर्थव्यवस्थाको बारेमा नीतिसम्बन्धी सल्लाह दिनका लागि छ वटा समितिहरु बनाइएका छन् । ती सबैमा अहिले ठूला व्यापारीहरुको पकड छ । यी सबैले अहिले विश्वव्यापीकरणको नाममा एकोहोरो किसिमको बजारमा आधारित दिशा समातेका छन् ।

बजारको आफ्नो कुनै मूल्य हुँदैन । यसको मूल्य त पैसाले मात्रै निर्धारण गर्ने हो । वास्तवमा बजारीकरण भनेको एउटा मूल्यविहिन सोच हो । मूल्यहरु त समाजले निर्धारण गर्ने हो । बजारमा क्रय शक्ति नै सर्वोपरि महत्वको विषय हुन्छ । अहिले विश्वमा विभिन्न देशहरुका फरक फरक क्रय शक्ति छ । यो

> **भारतको प्रति ब्यक्ति आय ४०० डलर छ भने अमेरिकाको ३०००० डलर । त्यसैले विश्व बजारमा उनीहरूकै नियन्त्रण हुन्छ ।**

प्रतिव्यक्ति आयबाट देख्न सकिन्छ । भारतको प्रति व्यक्ति आय ४०० डलर छ भने अमेरिकाको ३०००० डलर । त्यसैले विश्व बजारमा उनीहरुकै नियन्त्रण हुन्छ । उनीहरुकै माग अनुसार उत्पादनसम्बन्धी निर्णय गरिन्छ । यसैका कारणले नै भारतमा भारतभित्रका गरीवले उपभोग गर्ने अन्न अनाज भन्दा यूरोप र अमेरिकाको बजारमा वेचिने फलफूल, फूल आदिको उत्पादनमा जोड दिइँदै आइएको छ ।

यसैगरी विश्व अर्थ व्यवस्थाका विभिन्न कुराहरु पूँजी तथा प्रविधिको नियन्त्रणले निर्धारण गर्दछ । यसमा पनि उत्तरी देशहरु नै सर्वेसर्वा छन् । उनीहरुको पकडमा पूँजी तथा प्रविधि रहेकाले उत्तरी देशहरु नै अहिलेको विश्वव्यापीकरणबाट लाभान्वित भएका छन् । अहिले यही प्रकृयाको विस्तारको लागि विश्व व्यापार संगठन लागिपरेको छ । तर यसको कुनै देशको सरकार वा जनताप्रति उत्तरदायित्व छैन । राज्यहरु विश्व व्यापार संगठनका नियमहरु मान्न बाध्य छन्, जनताहरुले चाहे पनि नचाहे पनि ।

विकासशील देशहरु कमजोर भएकाले विकसित उत्तरी देशहरु आफ्ना फाइदाका लागि नीतिहरु बनाउँछन् । भन्न त एक सदस्य एक भोट भन्ने गरिन्छ, तर वास्तविक नीति-निर्माणमा धेरैजसो देशहरु उत्तरी देशको समर्थन गर्न नै बाध्य हुन्छन् । एकातिर विकसित देशहरु आफ्नो बजार विभिन्न निहुँमा बन्द गर्दैछन् भने गरीव देशहरुलाई उदारीकरणको नाममा भने आफ्नो बजार खोल्न बाध्य पारिँदैछन । वास्तवमा धेरै देशहरु यति धेरै निर्भर छन् कि उनीहरु विकसित देशहरुका विरुद्ध आफ्नो विचार व्यक्त गर्न सक्दैनन् । एउटा उदाहरण दिउँ, सियाटलको मिटिंगमा यो कुरा राम्ररी देखिन्थ्यो। थुप्रै अफ्रिकी देशहरुका सहभागीहरुको यातायात तथा बसोवासको खर्च अमेरिकी सरकारले बेहोरिदिएको थियो ।

यसरी वास्तवमा हामीले जेका लागि विश्वव्यापीकरण भनिरहेका छौं, यो त खाली संसारभरका कुलिनहरुको विश्वव्यापीकरण हो । भारतमा यी कुलिनहरुको हितको उद्देश्य भारतीय अर्थव्यवस्थालाई बलियो पार्ने नभई खाली विश्वबजारको नाफा तथा उपभोगमा सहभागी हुने मात्रै हो ।

तर आफ्नो आकारको हिसाबले भारतले चाह्यो भने आफ्नो हितमा आवाज उठाउन सक्छ । यसका लागि पर्याप्त हामीसत साधन पनि छ । अनुसन्धानका आधारहरु छन् । बैज्ञानिक प्रविधि छ, वैज्ञानिक जनशक्ति छ । तर यो कुरा यहाँका कुलिनहरुबाट आशा गर्न सकिँदैन । त्यसको लागि बलियो जनआन्दोलनको आवश्यकता पर्दछ । सोच्नु पर्ने कुरा त के हो भने धेरै जसो गैर सरकारी संस्थाहरुबाट पनि यो कुरा आश गर्न सकिँदैन । यो कुरा सियाटलको मिटिंगमा देखिन्थ्यो । उनीहरु खाली उत्तरी धनी देशहरुले उठाएका सवालहरुलाई नै उठाउँथे । यो स्वभाविकै पनि मान्न सकिन्छ किनभने उनीहरु तिनै देशहरुले दिने सहायताबाट संचालित थिए । □

विगतको अनुभवले भने यो एउटा उत्तरदायित्वविहीन संगठनको रूपमा विकसित हुँदै गएको कुरा देखाउँदछन्।

### *बाँच्न पाउने कि नपाउने भन्ने लडाईं*

"विश्व व्यापार संगठनमार्फत विश्वका धेरैजसो ठाउँहरूमा जुन किसिमका परिवर्तनहरू भइरहेका छन्, यसले विश्वव्यापी रूपमा एउटा नयाँ लडाइँ शुरू भएको छ । पहिला हुने र नहुनेका बीचमा लडाइँ हुन्थ्यो भने अहिले बाँच्न पाउने कि नपाउने भन्ने बारेको लडाइँ शुरू भएको छ" भारतकी एक महिला नेतृ वन्दना शिवा भन्दछिन् । त्यस्तै सन् २००१ डिसेम्बर १८ मा विश्व व्यापार संगठन विरोधी भारतीय जन अभियान (Indian People's Campaign Against WTO) को नयाँ दिल्लीमा भएको एक भेलामा भारतका भूतपूर्व प्रधानमन्त्री श्री विश्वनाथ प्रसाद सिंहले भने झैं यो लडाइँ राष्ट्र राज्य (Nation State) र विश्व पूँजी (Global Capital) बीचको लडाइँ पनि हो र यस लडाइँमा विश्व व्यापार संगठन खालि एउटा पर्दा मात्रै हो । आपसी व्यापार न्यायसंगत ढंगले हुनुपर्छ भनेर राम्रा राम्रा शब्दजालभित्र यसलाई प्रस्तुत गर्ने गरिएको छ । तर हुने बेलामा उही भइरहेको छ, जुन दुर्योधनले पाण्डवहरूसँग पासा खेल्दा भएको थियो" ।

यो पासाको खेलमा हार कस्को हुन्छ भन्ने कुरा निश्चित छ । ठीक लाग्ने शब्दहरूबाट बाहिर निस्केर विश्व व्यापार संगठनभित्र वास्तवमा के भइरहेको छ भन्ने कुरा तथा यसले पार्दै गरेका प्रभावहरू मिहिन पाराले केलाउने हो भने यी शब्दहरू र वास्तविकताबीचको खाडल कहालीलाग्दो छ भन्ने कुरा बुझ्न कत्ति पनि बेरै लाग्दैन । अहिले विश्वका गरीब राष्ट्रहरू धनी राष्ट्रहरूसँग हार्दैछन् । जहाँ पनि धनीहरू जित्दैछन् र गरीबहरू हार्दैछन् । वातावरणीय विनाशको नयाँ सिलसिला शुरू भएको छ । विश्व ब्यापार संगठनमार्फत् हुनेहरूसँग झन् बढी थुप्रने र नहुनेहरू अरू कंगाल हुने प्रकृया तेज भएको छ । ❑

---

[1] जोन एच. ज्याक्सन, १९९८। दि वर्ल्ड ट्रेड अर्गनाइजेसन: कन्स्टिच्युसन एण्ड जुरिस्प्रुडेन्स । दि रोयल इन्स्टीच्युट अफ इन्टरनेशनल अफेयर्स, लन्डन।

[2] उही ।

[3] उही ।

# वसन्त

- भूपी शेरचन



*आधुनिक नेपाली साहित्य क्षेत्रका सर्वाधिक चर्चित कवि भूपी शेरचनको कविता 'वसन्त' यसपटक हामीले पाठकहरूसामु प्रस्तुत गरेका छौं । यो कविताको स्वर र हाम्रो वर्तमान मौसम एवं सामाजिक परिस्थितिमा हामीले केही सान्दर्भिकता भेटेको हुनाले नै यसलाई हामीले छनौट गरेका हौं ।*

\- मूल्यांकन

सारा ढोका र झ्यालहरू लातले खोलेर  
डाँकाझैं आउँछ हावा कोठाभित्र  
र एक छिनमै दराजहरू उघारेर,  
कागतपत्रहरू पल्टाई हेरेर  
केही नपाउँदा रिसले रन्थनिएर  
अरू झ्यालहरूबाट हाम्फालेर भाग्दछ ।  
आकाशको आँखा दुखेको छ  
ऊसित आँखा जुधाउँदा आफ्नै आँखा पीरो हुन्छ,  
ज्वरपीडित सूर्य सकी नसकी हिँडिरहेछ आकाशमा  
तुवाँलो धुवाँको खास्टो ओढेर  
झ्यालमा उभिएर एक्लै,  
म बाहिर हेरिरहेछु  
हेरिरहेछु र सोचिरहेछु– यो कस्तो वसन्त  
यो चैतको दिनको कस्तो उराठलाग्दो पहर हो !  
यो कस्तो मुर्दा शहर हो !

सडकका दुई किनारमा वसन्तको स्वागतार्थ  
हरियो सारी हतार–हतार बेरेर उभिएका झ्याङहरू  
अबीरका थाल बोकेका आरूका रूखहरू,  
लावाका थाल बोकेका आलुबखडाका रूखहरू  
अनि स्कूलका केटाकेटीहरूझैं  
रङ्गीन झण्डाहरू हल्लाइरहेका फूलका सानासाना बोटहरू  
म हेरिरहेछु  
देखिरहेछु  
र सोचिरहेछु  
वसन्त यहाँ किन आउँछ विदेशी पाहुनाझैं ?  
यो कस्तो औपचारिकता  
किन आउँदैन ऊ त्यसरी  
जसरी युवावस्थामा जुँघारेखी आउँछ ?  
या हर्षमा मुस्कान  
आफैं, अनायास र अनजान,  
उफ् यो कस्तो वसन्त हो !  
यो कस्तो वसन्त हो !  
जता हेर्‍यो उतै देखिन्छ  
भित्र ठोस हुन छाडेर  
बाहिरै बाहिरैमात्र बढेर अग्ला भएका  
बाँसका ठानाहरूलाई नुहेर  
पश्चाताप गरिरहेका आफ्नो खोक्रोपनमाथि  
आफ्नो हातको बलभन्दा  
गऱ्हुङ्गो रातो फूल समाएका  
कल्कीका बोटहरूलाई  
दुई हात तल झारेर उभिरहेका  
यी लत्रेका हातहरूले रातो फूल समात्ने के दर्कार  
के अधिकार ?

टाढा–टाढासम्म उभिएका छन्  
न्यास्रो अनुहार लाएका असंख्य मौन घरहरू  
प्रत्येक घरको मुखमा झुण्डिएको छ विदेशी ताल्चा  
भोटे ताल्चा अथवा हिन्दूस्तानी ताल्चा  
कुनै घरको मौलिक ओठ छैन  
यो कस्तो वसन्त !  
खोइ मानिसहरूले चोला फेरेका ?  
खोइ घरहरूले बोक्रो फेरेका  
खोइ  
खोइ  
खोइ  
म चिच्याउन चाहन्छु– खोइ  
तर खोइ मेरो आवाज किन निस्कन्न ?  
के भयो मेरो आवाजलाई,  
यो के हो डल्लो गुच्चाजस्तो मेरो घाँटीमा  
जो मैले घाँटी खोल्दा मुखमा गई अड्कन्छ  
र मुख खोल्दा घाँटी थुन्न पुग्दछ  
अनि यस्तो लाग्छ मानौं  
अब ममा कुनै उम्लाइ छैन  
कुनै उत्तेजना छैन  
कुनै आवाज छैन  
कुनै विस्फोट छैन  
मभित्रको मानिस मरिसक्यो  
अब त फगत मेरो रूपमा उभिएको छ,  
पड्किसकेको सोडाको एक बोतल–  
एउटा खाली बोतल ?

❑ ❑

# दलित जातीय उत्पीडनविरुद्धको चेतको नापो




*पृष्ठ संख्या : ४३५, मूल्य : रू. ३२५/-*


जापान फाउण्डेसन एशिया सेन्टरको आर्थिक सहयोगमा एकता बुक्स्, काठमाण्डौले हालै प्रकाशित गरेको 'छापामा दलित' शीर्षक पुस्तक 'सामाजिक विकास तथा अनुसन्धान केन्द्र' को एउटा उल्लेखनीय र उपलब्धीमूलक प्रयासको रूपमा बाहिर आएको छ । प्रत्युष वन्त, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र संग्रौला र सी.के.लालले संयुक्त रूपमा सम्पादन गर्नुभएको यो पुस्तक मूलतः २०४६ सालपछि नेपाली छापाहरूमा दलित जातिका बारेमा र दलित जातीय उत्पीडनविरोधी गतिविधिका बारेमा लेखिएका लेखहरू, टिप्पणीहरू र सान्दर्भिक समाचारहरूको संकलनको रूपमा तयार भएको छ ।

पुस्तकमा संकलित रचनाहरूलाई एघार खण्डमा भाग लगाइएको छ । 'नेपालमा दलित : जीवन र उत्पीडन शीर्षकको खण्डमा अछुतको रूपमा समाजमा व्यवहृत हुन बाध्य दलितहरूको जीवन सन्दर्भमा उनीहरूले व्यहोर्नु परेका होची-अर्घेली दर्शाउने २० वटा लेखहरू समावेश भएका छन् । हिरालाल विश्वकर्माको 'दलित : उसो भए डेरा छैन, मोदनाथ प्रश्रितको 'छुवाछुतप्रथा मानव जातिको कलंक र पद्मलाल विश्वकर्माको 'नेपालमा दलित समस्या कस्तो छ ?' जस्ता लेखहरूको सृंखलापछि पुस्तकको अर्को खण्ड शुरू हुन्छ । 'इतिहास, धर्म र परम्परा नामक यो खण्डमा ४ वटा लेखहरू समाविष्ट छन् भने 'अर्थतन्त्र र विकास खण्डमा ७ वटा, 'शिक्षा खण्डमा ८ वटा, 'दलित महिला : उत्पीडनभित्रको उत्पीडन खण्डमा ८ वटा, 'साहित्यमा दलित खण्डमा ९ वटा, 'संचार माध्यम र दलित मा ४ वटा , 'कानून र दलित मा ६ वटा र 'संगठन तथा राजनीति खण्डमा ११ वटा लेखहरू रहेका छन् । 'दलित उत्थान : सैद्धान्तिक बाटाहरू भागमा १६ वटा सैद्धान्तिक लेखहरू समावेश गरिएका छन्, जसमा वामपन्थी नेता मोहनविक्रमको रचनासमेत समावेश गरिएको छ । पुस्तकको अन्तिम र एघारौं खण्डमा भने १७ वटा समाचारमूलक रिपोर्ट वा टिप्पणीहरूलाई संकलन गरिएको छ ।

देशको कूल जनसंख्याको १३ देखि २० प्रतिशतसम्मको विशाल जनसंख्याले 'अछुत हुनुको पीडा भोगिरहनुपरेको नेपालको वर्तमान लाजमर्दो स्थितिमा २०४६ को परिवर्तनले यो पीडाविरूद्धका आवाजहरूलाई विशेष गति दियो । पुस्तकको मन्तव्य लेख्नु हुने हिरा विश्वकर्माले भन्नुभएझैं यो १० वर्षको अवधिमा दलितहरूको चेतनास्तर निकै माथि उठेको छ, छैन- त्यो खोजकै विषय होला । र पनि, सिधा रूपमा र सामान्यतः सामाजिक स्थितिको अवलोकनकै मात्र आधारमा पनि यो अवधि विगतका अवधिहरूभन्दा बढी सक्रिय अवधि रहयो भन्न मने सजिलै सकिन्छ । यस्तो अवधिमा दलितहरूको मुक्ति आन्दोलनको पक्षमा उठेका र छापाहरूसम्म आइपुगेका आवाजहरूको भण्डारको रूपमा आएको यो पुस्तकमा यसका एक सम्पादक विद्यानाथ कोइरालाले विशेषण दिनुभएझै उग्रवामपन्थी धार, नरम वामपन्थी धार र प्रजातन्त्रवादी धार गरी देशमा विद्यमान सबै परिवर्तनकामी धारहरूको समानुपातिक प्रतिनिधित्व भने हुनसकेको छैन । कारण, दलित मुक्ति आन्दोलन त्यति हदसम्म माथि उठेर र विविध धारहरूबीच अन्तरक्रियात्मक संवाद चलाई निक्यौंलहरू निकाल्ने क्षमतामा पुगिसकेकै देखिन्न । यस स्थितिमा मूलतः दलित जातिकै लेखकहरू र थप केही गैर-दलित जातिका लेखकहरूलाई तिनका आ-आफ्ना विचार कोणहरूसहित जस्ताकोतस्तै पुस्तकमा उतार्नु स्वयंले भोलिको निम्ति थप कामहरू गर्न मद्दत पुऱ्याउने देखिन्छ । यस अर्थमा यो संकलनका आयोजकहरू धन्यवादको पात्र भएका छन् । दलित जातीय उत्पीडन विरूद्धको हाम्रो चेतको वर्तमानसम्म आइपुग्दाको नापो यस संग्रहले उतारेको छ । यो नापोका आधारमा यो आन्दोलनका आयामहरूको विस्तार गर्न चाहनेहरूलाई यसले राम्रो सन्दर्भ सामग्री उपलब्ध गराएको छ । प्राक्कथनमा यो आन्दोलनका वैचारिक क्षेत्रका अभावहरूबारे विद्यानाथ कोइरालाले केही महत्वपूर्ण 'छैनन् हरू औंल्याउनुभएको छ, तिनलाई 'छन् गराउन चाहनेहरू सबैका निम्ति यो पुस्तक पठनीय र संकलनयोग्य रहेको छ ।


◉ हरिगोविन्द लुईटेल

## ◀ उल्लेख्य





**प्रणय-प्रसंग**

विधा : कविता संग्रह
लेखक : बामा ढुंगाना
प्रकाशक : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वाशिंगटन डि.सी.
पृष्ठ : ४१+१२
मूल्य : रु. ३०/-




**पीटर र ब्वाँसो**

विधा : सचित्र बाल कथा
लेखक : फ्रान हुनियाँ
अनुवाद : रमेश विकल
प्रकाशक : सिर्जनशील प्रकाशन
पृष्ठ : ४८
मूल्य : रु. २०/-




**छापामा जनजाति**


विधा : लेख, टिप्पणी र समाचारहरुको संकलन
लेखक : विभिन्न लेखकहरु
प्रकाशक : एकता बुक्स, काठमाण्डौं, नेपाल
पृष्ठ : ५६४
मूल्य : रु. ४२५/-


◀ व्यंग्य

# एउटा उखान छ

विमल निभा

**एकाएक मलाई महाकालीको स्मरण हुन्छ । धत् ! यस्तो मधुर मिलनको बेलामा यो के सम्झेको ?**





अन्ततः वामदेवादिहरु बल्खु दरवारतर्फ प्रस्थान गर्ने नै भए ।

यो समाचार आयो । धेरै पहिले नै आउनुपर्ने थियो । कुन्नि, के र कति कारणले गर्दा ढिलो हुनगयो । जेहोस्, खुसीको कुरो के छ भने आयो । यो त आउनु पर्ने थियो । नआउने कुरै थिएन । त्यसैले अलिक ढिलो भएर के भयो, आउन त आयो । म आफ्नो चित्त बुझाउँछु । एउटा परिचित माले भएको नाताले मैले यसो गर्नु पनि पर्छ । हो, यो खबर पढेर म पूर्णतया सन्तुष्ट छु ।

मेरो सन्तुष्टीको अर्को कारण पनि छ, जुनकि सन्तुष्टीपूर्ण नै छ । र, त्यो कारण हो– बल्खु दरवार । नेकपा एमालेको हेडक्वार्टर । बल्खुमा अवस्थित । त्यसैले सबै बल्खु दरवार भन्ने गर्छन् । म पनि भन्छु । तर मेरो भनाइको तात्पर्य बल्खु होइन, दरवार हो । किनभने यो कुनै पनि अर्थमा दरवारजस्तो छ । म त दंग छु । अब मैले पनि बल्खु दरवार जान पाउने भएँ । धेरै नै भयो त्यो दरवारको दर्शन गर्न नपाएको । पूरै चार वर्ष । आत्मा छट्पट्–छट्पट् गरिरहेको थियो । एकदम अशान्त मनस्थिति । अब मनको जुन धोको थियो, त्यो पूरै नै पुरा हुने भयो । ममा त्यति धैर्यता छैन । तसर्थ म कल्पना गरिरहेछु :

अघि–अघि तनक्क तन्किएका कमरेड वामदेव र पछि–पछि उहाँको गतिशील पाइलाको छाप पछ्याइरहेका अन्य देव र देवीहरु । जस्तो कमरेड राधाकृष्ण, कमरेड साहना, कमरेड सिद्धिलाल इत्यादि । ध्यानले हेर्नोस्, सबभन्दा आखिरीमा म पनि छु– कमरेड विमल निभा । हामी सबै कमरेड वामदेव गौतमको सशक्त नेतृत्वमा लमक्–लमक् बल्खु दरवार रहेको दिशातर्फ अग्रसर छौं । आ–आफ्नो सर–सामान बोकेर । जनभाषामा कुम्लो कुटुरो भन्नोस् । नेताहरु माइक, कार्यकर्ताहरु पोष्टर, तुल, पर्चा र बुद्धिजीवी भनिनेहरु बाँकी बचेको बुद्धि आदि आ–आफ्नो पिठ्यूँमा बोकेर । म भने आफ्नो व्यंग्य लेख्ने एकथान डटपेन बोकेर उत्साहपूर्वक हिंडिरहेको छु । यद्यपि थाकिसकेका छौं । तर पीडाहीन स्थिति छ । यसलाई भनिन्छ, लक्ष्य प्राप्तिको जोश । सबैको अनुहार कांतिमय । स्वाँ–स्वाँको स्वरमा प्रश्नहरु आउँछन्– कति टाढा छ अरु ? के धेरै नै पर छ ? उत्तर पनि– होइन होला, पुग्नै लागेको जस्तो छ ।

वस्तुतः हामीहरु बल्खु दरवारको छेउछाउतिर छौं । आहा ! पुग्नै लागियो हाम्रो सपनाको त्यो बल्खु दरवार !

तपाई बल्खु दरवारलाई कम नसम्झनोस् । कुनै पनि दरवारसँग यो दाँजिन समर्थ छ । चाहे त्यो लिच्छवी अथवा, मल्ल अथवा शाहकालीन दरवार नै किन नहोस् । अझ मलाई त आफ्नो (कहिले नेता कमरेडहरुका दर्शन गर्न, त कहिले मिटिङ्ग सिटिङ्गको निहुँमा । मैले आजसम्म केही भुल्न सकेको छैन । छर्लङ्गै छ । मेरो स्मरण शक्ति राम्रै रहेछ ।) बल्खु दरवार नै सबैभन्दा प्रिय लाग्छ । उदाहरणको लागि भक्तपुरको प्रख्यात पचपन्न झ्याले दरवारलाई नै लिनोस् । त्योभन्दा बढी । हो, झ्यालहरुको संख्या ठ्याक्कै नमिल्ला, यो अर्कै कुरो हो । कम–बेसी हुनसक्छ । तर भव्यतामा बल्खु दरवारले जुनसुकै दरवारलाई पनि चुनौति दिने हैसियत राख्छ ।

बल्खु दरवारमा विराजमान नेताहरु पनि एकसेएक छन् । सबै सर्वहारावादी नेता । नेपाली वाम राजनीतिका चर्चित कमरेडहरु । कमरेड माधवकुमार नेपाल, कमरेड खड्गप्रसाद ओली, कमरेड झलनाथ खनाल, कमरेड अमृतकुमार बोहरा, कमरेड भरतमोहन अधिकारी, कमरेड मोदनाथ प्रश्रित, कमरेड ईश्वर पोखरेल आदि । अब यसमा अशंकास्पद रुपमा थपिने भए– कमरेड वामदेव गौतम, कमरेड साहना प्रधान, कमरेड राधाकृष्ण मैनाली, कमरेड सिद्धिलाल सिंह, कमरेड अशोककुमार राई, कमरेड केशवलाल श्रेष्ठ, कमरेड त्रिलोचन ढकाल, इत्यादि । र सबै आदि–इत्यादिहरु मिलेर फैलाउने भए बल्खु दरवारबाट जनताको राजनीति, जसलाई मदन भण्डारीय भाषामा भनिन्छ– बहुदलीय जनवाद । अर्थात् सबै दलहरुको जनवाद । कांग्रेसको पनि जनवाद । राप्रपाको पनि जनवाद । सद्भावनाको पनि जनवाद । माले र एमालेको जनवाद त हुने नै भयो । हाम्रो देशमा अब जनवादको के कमी हुनेछ ?

एकाएक मलाई महाकालीको स्मरण हुन्छ । धत् ! यस्तो मधुर मिलनको बेलामा यो के सम्झेको ?


मेरो मनले मलाई बेस्सरी हप्काउँछ । यो त एकताविरोधी कार्य भयो, निभा !

म नाजवाफ हुन्छु । के भन्ने ? तसर्थ म एकताविरोधी सोचलाई एकातिर फ्यालेर अखवारमा माले र एमालेको एकतासम्बन्धी विस्तृत विवरण एउटा आज्ञाकारी विद्यार्थीझैं ध्यानमग्न भै पढ्न थाल्छु ।

एउटा उखान छ : जता मल्कु उता ढल्कु । होइन, जता ढल्कु उता मल्कु । यो पनि होइन, जता ढल्कु उता बल्खु । होइन, होइन, जता बल्खु उता ढल्कु । हो, यो मनासिब छ । एकदम ठीक छ । बल्ल मिल्यो । अब भने मिलेको नै भन्नुपर्छ । कहिलेकाहीं जनताको जिब्रोमा रहेको उखानले कति सही सन्देश दिन्छ । होइन र ?

□□

# नियति र संयोग




*चार्ल्स डार्विनले के देखाए भने शुरुमा एउटै प्रजातिका व्यक्ति, जनावर र विरुवामा संयोगवश देखिने सानो भिन्न विशेषता नै पछि गएर विकसित हुँदै आवश्यक विशेषतासहितको भिन्नै जनावर वा विरुवाका रुपमा प्रकट हुन्छ र संयोग नियतिमा रुपान्तरित हुन्छ ।*

- प्रज्ञानरत्न -

खास परिस्थितिमा जे हुनु अवश्यंभावी छ, त्यो नियति हो । जुन हुन पनि सक्छ, नहुन पनि सक्छ त्यो संयोग हो ।

नियति र संयोग विपरीत कुराहरू हुन् । तर ती एकआपसमा घनिष्ठ रूपले अन्तर्सम्बन्धित कुरा पनि हुन्, चुम्बकका दुई ध्रुवहरूजस्तै । एउटाको अस्तित्वविना अर्कोको अस्तित्व संभव छैन । जन्म भएपछि मृत्यु हुनु अवश्यम्भावी छ । तसर्थ, हरेक सजीव पदार्थको निम्ति मृत्यु नियति हो । परन्तु प्रत्येक सजीव पदार्थको मृत्यु कति बेला, कहाँ, कसरी हुन्छ भन्ने कुरा संयोग हो । नियतिको तुलनामा संयोग अपरिहार्य नभएको, थुप्रै विकल्पहरू भएको पक्ष हो । परन्तु नियति अनेकौं संयोगहरूबीच र संयोगहरूमार्फत् नै घटित हुन्छ, अभिव्यक्त हुन्छ । संयोग नियतिकै प्रकटीकरणको साधन हो, सम्बन्ध हो, रूप हो । प्रकृति र समाजका हरेक घटनालाई एउटा चुम्बक मान्ने हो भने त्यो चुम्बकको एउटा ध्रुव नियति हो, अर्को ध्रुव संयोग । यी दुई विपरीत कुरा पनि हुन् । परन्तु एउटाको अस्तित्वको निम्ति अर्को नभई नहुने कुरा पनि हुन् ।

कुनै पनि मानव समाजमा पुरानो उत्पादन व्यवस्था र उत्पादन-सम्बन्ध त्यहाँका उत्पादक शक्तिहरूको विकासको निम्ति अत्यन्त घाँडो र तगारो भएपछि, त्यहाँ विपरीत पक्षहरूबीचको अन्तरविरोध समाधान हुन नसकेर चरमचुलीमा पुगेपछि सामाजिक क्रान्ति हुनु अनिवार्य छ । क्रान्ति त्यहाँको नियति हो । परन्तु त्यो क्रान्ति कसरी हुन्छ, कसको अगुवाइमा हुन्छ, कति बेला हुन्छ भन्ने कुराचाहिँ थुप्रै संयोगहरूमा आधारित हुन्छ । आवश्यकता छैन कि फ्रान्समा जसरी क्रान्ति भयो, रूसमा त्यसरी नै क्रान्ति होस् । रूसमा जसरी भयो, चीनमा दुरूस्तै त्यसरी होस् । यो पनि जरूरी छैन कि फ्रान्समा जुन वर्ग र अगुवाले क्रान्तिको अगुवाइ गऱ्यो, रूसमा र चीनमा त्यही वर्ग र अगुवाको अगुवाइ होस् । तसर्थ, क्रान्ति कसरी, कति बेला, कसको नेतृत्वमा घटित हुन्छ भन्ने कुरा संयोग हो ।

यसप्रकार, प्रकृति र समाज विकासको नियमअनुसार, त्यहाँभित्र गूदीमा विद्यमान असाध्य अन्तरविरोधहरूको समाधानको निम्ति जे हुनु अपरिहार्य छ, त्यो नियति हो । नियतिको प्रकटीकरणको दौरानमा जुन स्थान र समयसित सम्बन्ध हुन्छ, त्यसमुताविक प्रकटको जुन भिन्न भिन्न ढंग र रूप देखापर्छ, जुन यस्तो पनि हुनसक्छ, उस्तो पनि, जुन यसरी पनि हुनसक्छ, उसरी पनि- त्यो संयोग हो । नियति गूदीमा विद्यमान अन्तरविरोधको अपरिहार्य उपज हो, संयोग गूदीभन्दा बाहिर गूदीको प्रकटीकरणको क्रममा हुने समय र स्थानसितको भिन्न भिन्न सम्बन्धको उपज । यही हुनाले कुनै पनि घटनामा गूदी र त्यसको बाह्य आकृतिबीचको भिन्नता र सम्बन्ध जे हो, सारमा नियति र संयोगबीचको भिन्नता र सम्बन्ध पनि त्यही हो । गूदीमा जे छ, त्यो प्रकट हुनु अनिवार्य छ । त्यो नियति हो । त्यो प्रकट कहिले, कसरी र कुन रूपमा हुन्छ भन्ने कुरा गूदीबाहिरको अलग थलग परिस्थिति र समयमा भरपर्ने कुरा हो । त्यो संयोग हो ।

*एकथरि मान्छेहरू भन्छन्- सबै कुरा शुरुदेखि नै पूर्वनिश्चित हुन्छ, दैवले लेखेबमोजिम हुन्छ । उनीहरू नियतिमा मात्र एकतर्फी रूपले जोड दिने कुरा गर्छन् ।*

हाम्रो समाजमा नियति र संयोगलाई हेर्ने मामिलामा अधिभूतवाद व्याप्त देखिन्छ । अधिभूतवादका अनुसार कुनै पनि घटना वा वस्तु या त नियतिमात्रै हो, या संयोगमात्रै, एकसाथ दुवै होइन । नियति र संयोगलाई अन्तर्सम्बन्धित वस्तुका रूपमा नहेरेर अलग थलग रूपमा हेर्नु अधिभूतवादको मुख्य विशेषता र सीमा हो ।

एकथरि मान्छेहरू भन्छन्- सबै कुरा शुरूदेखि नै पूर्वनिश्चित हुन्छ, दैवले लेखेबमोजिम हुन्छ । उनीहरू नियतिमा मात्र एकतर्फी रूपले जोड दिने कुरा गर्छन् । यो सोचले हामीलाई भाग्यवादतिर डोऱ्याउँछ । नियतिलाई मात्र एकतर्फी जोड दिएर सबै कुरा पूर्वनिश्चित र पूर्वनिर्धारित मान्ने हो भने- मान्छेले चेतनशील गतिविधि गर्नुको आवश्यता नै के हुन्छ र ? मान्छेले हुनेहुनामी पर्खेर निस्क्रिय तमासे भएर बसे भईहाल्यो नि । अर्कोथरिले- सबै कुरा संयोगमा आधारित छ भन्ने धारणा राख्दछन् । विहा हुनु संयोग हो । संघर्ष, काम र परीक्षामा सफल हुनु संयोग, सम्पन्न वा विपन्न हुनु संयोग । यदि सबै कुरा संयोगमा आधारित हो भने- प्रश्न उठ्छ, मान्छेले विवेकपूर्ण र होशपूर्ण क्रियाकलाप किन गर्नुपऱ्यो त ? सचेत संघर्ष किन गर्नुपऱ्यो ? चाहे हामी अलग थलग रूपमा र एकतर्फी रूपमा नियतिलाई जोड दिऔं वा संयोगलाई, दुवै स्थितिमा विवेकपूर्ण र होशपूर्ण मानव क्रियाकलाप अनावश्यक र व्यर्थको हुन जान्छ । यसले मान्छेलाई कुनै पनि घटनामा पशुभैं निष्क्रिय तमासेमात्र बनाउँछ, जसले परिस्थिति बनाउने होइन, बनेको परिस्थितिमात्र खोज्ने हुन्छ ।

अधिभूतवादको ठीक विपरीत द्वन्दवादले नियति र संयोगलाई हमेशा द्वन्द-अन्तर्सम्बन्धमा हेर्न सिकाउँछ । द्वन्दवादका अनुसार मान्छेले कुनै पनि घटनामा प्रभावकारी भूमिका खेल्ने हो भने कुनै पनि वस्तु वा घटनाको गूदीमात्र थाहा पाउनु पर्याप्त छैन, कुन समय र परिस्थितिमा त्यो गूदी कुन रूप र ढंगमा प्रकट हुँदैछ भनेर पनि थाहा पाउनु जरूरी हुन्छ ।

उसले कुनै पनि वस्तुको वा घटनाको गूदी वा नियतिमात्र होइन, संयोगका मसीना पक्षहरूमाथि समेत होश पुऱ्याउनु जरूरी हुन्छ ।

द्वन्दवादका अनुसार- जसलाई हामीले नियतिको सापेक्षतामा संयोग भनेका हुन्छौं, त्यो पनि भाग्यवश र अकारण देखापरेको हुन्न र त्यो देखापर्नुको पनि मूर्त वस्तुगत कारण हुन्छ । त्यो पैदा हुनुको कारण घटना वा वस्तुको गूदीभित्र नहुनाले, त्यो हाल थाह्रा नभएको बाहिरी समय र परिस्थितिको कारणले एकाएक पैदा हुनुको कारणले मात्र सापेक्षतामा त्यसलाई संयोग भनिएको हो । तर खोज्दै लाने हो भने संयोग भनिएका हरेक घटना पनि निश्चित वस्तुगत कारणले पैदा भएका हुन्छन् । ती पनि अर्को हिसावले नियति हुन्छन् ।

उदाहरणको लागि आँधी आएर मेरो आँगनको पीपलको रूख ढलेको घटनालाई लिऊँ । रूखको जीवनको हिसावले एकाएक आँधी आउनु र पीपलको रूख ढल्नु संयोग हो, किनकि आँधी रूखभित्रको गूदी वा अन्तरविरोधको कारणले उब्जेको कुरा होइन । परन्तु जलवायु विज्ञानको हिसावले हेर्ने हो भने आँधी पनि त एकाएक उत्तिकै आएको हुँदैन, त्यो निश्चित भौतिक कारणले आएको हुन्छ र जलवायु विज्ञानको नियमको कारणले आएको हुन्छ । यस अर्थमा पीपलको निम्ति संयोग भएको आँधी आउनु पनि जलवायु विज्ञानको कोणबाट आफ्नो ठाउँमा नियति हो ।

यसप्रकार नियति र संयोग सापेक्ष अवधारणा हुन् । जसलाई हामी यहाँ एउटा घटनामा संयोग भन्छौं, त्यो र त्यही कुरा अर्को घटनामा नियति भइरहेको हुन्छ । त्यस्तो कुनै घटना नै हुँदैन, जुन सबै स्थितिमा र हरेक हिसावले संयोगमात्रै हुन्छ र नियतिसित त्यसको कुनै सम्बन्ध नै हुँदैन । गहिरोमा खोज्ने हो भने संयोग भनेको दुईवटा वा त्योभन्दा बेसी नियतिहरूको जम्काभेटघाट हो । अर्को, नियतिको प्रकट वा पैदायसको कारण अहिले थाहा पाउन सकिएको छैन । त्यसैले त्यो आकस्मिक लागेको छ । अर्को, नियतिको प्रकटीकरण यो घटनाको लागि नयाँ र बाहिरी समय र परिवेश हो । त्यसैले पनि त्यससितको जम्काभेट आकस्मिक लागेको छ । कुरा त्यत्तिमात्रै हो । अन्यथा यहाँ जो नियति छ, त्यो अर्को घटनामा, अर्को हिसावले संयोग भइरहेको हुन संभव छ । ठीक त्यस्तै यहाँ जो संयोग छ, त्यो नियति भइरहेको हुन संभव छ । द्वन्दवादका अनुसार, नियति र संयोग कुनै अलग थलग र जड अवधारणा होइनन् । ती एक आपसमा अभिन्न रूपले जोडिएका एक अर्कामा बदलिन सक्ने वस्तुगत कुरा हुन् ।

संयोग कसरी नियतिमा बदलिन्छ, त्यसको ज्वलन्त उदाहरण चार्ल्स डार्विनले आफ्नो युगान्तकारी विश्वप्रसिद्ध ग्रन्थ The Origin of Species by Means of Natural Selection मा देखाएका छन् । उनले त्यसमा के देखाए भने शुरूमा एउटै प्रजातिका व्यक्ति जनावर र विरूवामा संयोगवश देखिने सानो भिन्न विशेषता नै पछि गएर विकसित हुँदै आवश्यक विशेषतासहितको भिन्नै जनावर वा विरूवाका रूपमा प्रकट हुन्छ र संयोग नियतिमा रूपान्तरित हुन्छ । संयोग र नियतिलाई अलग थलग रूपमा हेर्ने र एक अर्कामा बदल्न नसक्ने जड वस्तुका रूपमा हेर्ने अधिभूतवादी दृष्टिकोणको निम्ति डार्विनको यो आविष्कार बलियो झापड हो । ❑


बाल पत्रिका
# प्रतिभा



आफ्ना दुःख-सुखहरु आफ्ना समस्या र संघर्षहरु सबै नेपालीहरुबीच साटासाट गर्न चाहनुहुन्छ भने प्रतिभा सबै बाल-बालिकाको असल साथी बन्न तयार छ ।

चाँडै प्रकाशित हुँदैछ

अन्तर्क्रिया प्रकाशन प्रा.लि.


❖ तपाई 'प्रतिभा'का लागि रचना लेखेर पठाउन चाहनुहुन्छ भने-

- बाल-बालिकाहरुलाई कामलाग्ने कथा, कविता, गीत, नाटक, चित्र, चुट्किला, गाउँखाने कथा, लेख, संस्मरण आदि जे लेखेर पठाउनु भएपनि हामी स्वागत गर्दछौं ।
- आफ्नो अध्ययन र भ्रमणको बारेमा, आफू वरिपरि भइरहेका घटनाहरुको बारेमा, स्कूलको बारेमा, पढाइ र परीक्षाको बारेमा, आफ्ना साथीभाइ र शिक्षक-शिक्षिकाहरुको बारेमा, आफ्नो गाउँ-शहरको समाज अनि देश-विदेशका घटनाहरुको बारेमा लेखेर पठाउनु भए हामी उचित ठाउँ दिनेछौं ।



नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भातृत्व र एकता कायम गर्ने कुरामा जोड दिएको छ । जुनसुकै विचारधाराका भए पनि नेपाली सबै एक हौं भन्ने भावनाले राष्ट्र निर्माणको काममा अग्रसर हुन सकेमात्र यस देशको विकास तीव्र गतिमा हुनसक्ने हुँदा विचार फरक भएका विषयहरुमा आपसी समझदारी र सहयोगको भावना लिएर छलफल गरी निष्कर्षमा पुग्नु र संपूर्ण नेपालीहरुलाई भातृत्वको दृष्टिले हेर्नु प्रत्येक नेपालीको कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



# यसरी भयो छयालीस सालको जनआन्दोलन

- निर्मल लामा -



गणेशमानकहाँबाट फर्केपछि मैले साथीहरूसित त्यहाँ भएका कुराहरू राखें । केही साथीहरूले ती कुराहरूप्रति चित्त बुझाएनन् । तर संघर्षको त थालनी भई नै हाल्यो । र, म त्यस संघर्षमा हाम्फालीहालें । साँच्चै संघर्ष चल्दा कुराकानी भए अनुसार गणेशमानजीले बहुदलीय व्यवस्थाको बाहेक अन्य कुराहरू बाहिर उठाएनन् । त्यसैबेला गणेशमानले मलाई जस्तै अरूहरूलाई पनि बोलाएर अलग अलग नै कुरा गरेका रहेछन् । अनि त्यही क्रममा साहना प्रधानले वामपन्थीहरूलाई एकै ठाउँमा बोलाइन् । उनले बोलाएको कारणले गर्दा स्वभावतः उनी नेतृत्वमा परिन् । त्यस मोर्चामा सबैको संघर्षमा जाने सहमति कायम भयो ।

यसअघि २०४२ सालमा एकातिर हाम्रो पार्टी ने.क.पा.(चौम) लगायत पाँचवटा वामपार्टीहरूले संयुक्त रूपमा पंचायतको विरोधमा आन्दोलन गरे भने अर्कोतिर नेपाली कांग्रेसले सत्याग्रह आन्दोलन चलायो । पाँचवाम आन्दोलन र कांग्रेसको सत्याग्रह आन्दोलन एउटै नभएपनि उनीहरू एउटै उद्देश्यको लागि भएकाले एक आपसमा सहयोग हुने किसिमले आन्दोलनहरूलाई अगाडि बढाइए । दुबैको आन्दोलनमा थुप्रै नेता कार्यकर्ताहरू गिरफ्तार भए ।


यसैबीच अचानक काठमाडौंमा बमकाण्ड भयो । सिंहदरबारको गेटमा एउटा र होटल अन्नपूर्णमा एउटा गरी दिउँसै दुईवटा बम काठमाडौंमा बिस्फोटन भयो । सिंहदरबारमा भएको बम बिस्फोटनमा परी तत्कालीन राष्ट्रिय पंचायतका एकजना सदस्यको मृत्यु हुनपुग्यो ।

हामीले के सोच्यौं भने यदि त्यो बम काण्डलाई पाँचवाम आन्दोलन र कांग्रेसको सत्याग्रहसँग जोडेर हेरियो भने आन्दोलनलाई ठूलो नोक्सानी पुग्नेछ । त्यसैले हामीले तत्कालै पाँच वामको आन्दोलनलाई स्थगित गर्‍यौं । नेपाली कांग्रेसले पनि सत्याग्रहलाई स्थगित गर्‍यो । त्यसपछि २०४६ सालमा आएर पंचायतको विरोधमा पुनः संघर्षका सम्भावनाहरू बढेर गए । संघर्षको लागि वामपन्थी पार्टीहरू फेरि पनि एकै ठाउँमा आउने प्रक्रियाहरूको थालनी भयो । उता नेपाली कांग्रेसले पनि आन्दोलनको तयारीकै लागि राष्ट्रिय सम्मेलन बोलायो । त्यस सम्मेलनमा भारतबाट चन्द्रशेखर आउने पक्का भयो ।

आन्दोलनको लागि वामपन्थी पार्टीहरूलाई एकै ठाउँमा राख्न साहना प्रधानले एकै ठाउँमा बोलाइन् । पछि उनकै नेतृत्वमा संयुक्त वाम मोर्चाको गठन भयो ।

त्यस संयुक्त वाम मोर्चा गठन गर्न बोलाइएको बैठकमा नेपाली कांग्रेसको सम्मेलनबारे पनि कुरो उठ्यो । छलफलमा कांग्रेसको सम्मेलनमा वामपन्थीहरू पनि जानुपर्छ भन्ने कुरामा सबैको सहमति देखियो । मनमोहन अधिकारीले कांग्रेसको सम्मेलनमा वामपन्थीहरूको तर्फबाट भाषण दिने कुरो भयो ।

नेपाली कांग्रेसको सम्मेलनपछि २०४६ सालको फागुन ७ गतेदेखि संयुक्त वाममोर्चा र नेपाली कांग्रेसको संयुक्त नेतृत्वमा जन-आन्दोलन शुरू भयो । त्यस जन-आन्दोलनमा भौतिक, राजनीतिक, बैचारिक सबै क्षेत्रमा नेतृत्व गणेशमानले गरे । यो कसरी भन्न सकिन्छ भने हामी पाँच वाम र गणेशमानसँगै बसेर कुरा गर्दा उनले स्पष्ट भनेका थिए -"बीचमा हामी दरवारसँग सम्झौताका कुराहरू गर्छौं । त्यस बेलामा तपाईंहरूले संघर्षलाई अगाडि बढाउनु हुन्न, रोकिदिनु पर्छ । हुनसक्छ हामी राजासित सम्झौता गरेर संघर्ष नै फिर्ता लिन्छौं । त्यसबेलामा तपाईंहरूको अधिकार सुरक्षित रहन्छ । तपाईंहरू संघर्ष अगाडि बढाउँछौं भन्नुहुन्छ भने बढाउन सक्नुहुन्छ । तर वार्ता हुन्जेल भने रोकीदिनु पर्छ । सम्झौता भइसकेपछि तपाईंहरू स्वीकार्नु हुन्छ भने कुरै सकिन्छ, अस्वीकार गर्नुहुन्छ भने तपाईंहरू संघर्षलाई अगाडि बढाउनु हुन्छ ।

**जनआन्दोलनका केही नेताहरू : गणेशमान सिंह, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई र साहना प्रधान**

*प्रहरीहरूले जथाभावी गर्न थालेको थाहा पाएपछि पाटनबासीहरू घर-घरबाट कुटो कोदालो खुकुरी चुलेसी सानो चक्कु दाउरा आदि जस्ता घरायसी हातहतियार लिई सडकमा उत्रन थाले*

हामी रोक्दैनौं । त्यसैले हामीलाई राजासँग कुराकानी गर्न नरोक्नुहोस् ।

पछि आन्दोलनको रूप उनले भने जस्तै नै भयो ।

आन्दालेन बीचमा पुगेर एकचोटि शिथिल भइसकेको थियो । त्यसबेलामा बुद्धिजीविहरूले खासगरी डाक्टर, साहित्यकारहरूले यत्रो ठूलो सहयोग गरे कि एक पटक शिथिल भइसकेको आन्दोलन फेरि ब्यूँभेर आयो । डाक्टरहरूले अस्पताल-अस्पतालमा दैनिक रूपमा हड्ताल गरे । उनीहरूले सरकारलाई दबाव हुने किसिमले संघर्ष गरे । त्यस आन्दोलनमा डा. मथुराप्रसाद श्रेष्ठको ठूलो हात रह्यो । उनको अलावा अन्य थुप्रै डाक्टरहरूले पनि ठूलो भूमिका खेले ।

उता साहित्यकारहरूले कालो पट्टी बाँधेर एकेडेमीमा विरोध प्रदर्शन गर्ने कार्यक्रम बनाए । सरकारका प्रहरीहरूले एकेडेमीलाई नै घेरिदिए । त्यसपछि आन्दोलनमा सहभागी हुन वरपर जम्मा भएका साहित्यकारहरूलाई आयोजक साहित्यकारहरूले गोप्य ढंगले कानेखुसी गरी एकेडेमीमा गर्ने भनिएको कार्यक्रम त्रि-चन्द्र क्याम्पसमा सारे । एकछिनपछि नै त्रि-चन्द्र क्याम्पसमा सयौं साहित्यकारहरू जम्मा भए र उत्तिखेरै सबैले एकैचोटि मुखमा कालो पट्टी बाँधेर विरोध प्रदर्शन गरे । विरोध प्रदर्शनकै क्रममा त्यहाँ भाषण दिने काम पनि भयो । तर केही बेरमै प्रहरीहरू आई सबैलाई पक्रेर लगे । कार्यक्रम धेरै लामो समयसम्म हुन सकेन । त्यहाँ अनौठो के भयो भने प्रहरीहरूले सबैलाई त पक्रेर लगे तर ह्वील चेयरमा बसी मुखमा कालो पट्टी बाँधेर विरोध प्रदर्शन गरिरहेकी प्रसिद्ध साहित्यकार पारिजातलाई भने लगेनन् । त्रि-चन्द्रको चौरमा उनी एक्लै परिन् । पछि प्रहरीहरू गइसकेपछि अन्य दुई तीन जना साथीहरूले ट्याक्सी खोजेर ल्याई उनलाई घरसम्म पुऱ्याइदिए । त्यसरी एकपटक शिथिल भइसकेको आन्दोलनलाई डाक्टरहरू र साहित्यकारहरूले फेरि माथि उठाइदिए । र, त्यो आन्दोलन बिस्तारै गाउँतिर पनि सर्दैगयो । हामीहरूले नै आन्दोलनलाई गाउँतिर पनि फैलाउँदै र चर्काउँदै गयौं । पूर्वी पहाडतिर रामेछाप, काभ्रे, सिन्धुली, उदयपुर र पूर्वी तराईका विभिन्न क्षेत्रहरू, जहाँ हाम्रो पार्टीको आधार बलियो थियो, ती ठाउँहरूमा हामीले संघर्षलाई तीव्र रूप दियौं । गाउँ-गाउँमा जुलुस प्रदर्शन गर्ने, बाटोमा अवरोध खडा गर्ने जस्ता कामहरू देशव्यापी रूपमा हुन थाल्यो ।

त्यतिखेर म पाटनमा बस्थें । पाटनमा म जहाँनिर बस्ने गर्थें, अचानक त्यहाँ आँगनैको चोकमा प्रहरीहरू आए । प्रहरीहरूले घरभित्र पसी कोठाभित्रका सामानहरू रेडियो, टेलिभिजन, कुर्सी आदि जे पायो ती सबैलाई नै बाहिर फालिदिए । प्रतिरोध गर्नेहरूमाथि उनीहरूले लाठी चलाए । र, त्यहाँ हाहाकार मच्चियो ।

मैले पाएको रिपोर्टअनुसार त्यस घटनामा लोग्ने मानिसहरूजति पछाडि र स्वास्नीमानिसहरूजति अगाडि बसेर कराउने, चिच्याउने, प्रहरीहरूसित मुठभेड गर्ने काम गरे । अचानक त्यही मौकामा कोही एक जनाको दिमागमा बुद्धि फुऱ्यो । उसले मन्दिरमा गई त्यहाँको घण्टा बजायो । त्यसपछि भयो के भने एउटा मन्दिरको घण्टा बजेपछि त्यसको आवाज सुनेर अरू कसैले नजिकको मन्दिरमा पनि घण्टा बजाइदियो । त्यसको पनि आवाज सुनेर त्यो भन्दा परको अर्को मन्दिरमा पनि घण्टा बज्यो र यो क्रम बढ्दै गई पाटनभरिका मन्दिरहरूमा घण्टा बज्यो ।

पाटनभरिका मन्दिरहरूमा घण्टा बजेपछि पाटनबासीहरूले ठूलै खतरा आइपरेको ठाने । र, तिनीहरूले त्यो के खतरा हो भनेर थाहा पाउन यताउता सोधी हेर्न थाले । प्रहरीहरू आई जथाभावी पक्रने र घर-घरमा खानतलासी लिई सामानहरू बाहिर छरपस्ट गर्न थालेको थाहा पाएपछि पाटनबासीहरू घर-घरबाट कुटो कोदालो, खुकुरी, चुलेसी, सानो चक्कु, दाउरा आदि जस्ता घरायसी हातहतियार लिई सडकमा उत्रन थाले । बच्चा, युवा ,महिला, पुरूष, बूढा-बूढी सबैले नै आक्रोशसहित घरबाट निस्की सडकमा नारा जुलुस गर्न थाले । पाटनभरि यातायात, शिक्षण संस्थान ,कलकारखाना आदि सबै बन्द भए । पाटन पूरै जनताको कब्जामा गयो ।



त्यसपछि राति १० बजेदेखि मानिसहरू आफू-आफूले नै बाटो बाटोमा खाल्डो खनी अवरोधहरू खडा गर्न थाले । निर्देशनको जरूरत कसैलाई परेन । कसैले बाटोमा घरका खापाहरू, काठका मूढाहरू ल्याई पुलिसको गाडी ल्याउन नसक्ने

गरी ब्यारिकेडहरू खडा गरे । पाटनमा पूरै नाकाबन्दी गरियो ।

त्यहीबेला अचानक एउटा खबर आयो – 'पाटन डि. एस. पि. कार्यालयभित्र ४०/५० जना पुलिसहरू घेरिएर थुनिएका छन् । साथीहरूले मार्ने सम्भावना छ ।'

मैले भनें- 'होइन, त्यसरी मार्नु हुन्न ।'

खबर लिएर आउनेले भने– ' तिनीहरूलाई पानी नै त दिइएको छैन ।'

'ओहो ! त्यसरी गरिनु हुन्न । तिनीहरूलाई तुरून्त चन्दा उठाएर भए पनि च्युरा स्युरा किनेर देऊ ! पानी पनि देऊ ! अनि अबदेखि यसो गर्दिन भनेर देवी देवता भाकल गर्न लगाऊ ! त्यसपछि तिनीहरूलाई छाडिदेऊ !' – मैले आदेश दिई पठाएँ ।

खबर लेराउने साथीले 'सक्तिन होला कि !' भने ।

मैले भनें – 'सक्नु पर्छ ।'

मैले भनेअनुसार हाम्रा साथीहरूले कोशिस गरे । तर सकेनन् । साथीहरूले अन्य पार्टीका साथीहरूसँग पनि कुराकानी चलाए । त्यसपछि थुनिएका प्रहरीहरूलाई जनताले त्यही दिनको राती छोडिदिए ।

त्यसैताका हो, पाटनका मानिसहरूले भक्तपुर र काठमाडौंमा चुरा-धागो पठाएको भनेको । वास्तवमा त्यो पाटनको कुनै मानिसले व्यक्तिगत रूपमा पठाएको हुन सक्छ । संगठित रूपले होइन । त्यसपछि त आन्दोलन देशव्यापी चल्न थाल्यो । त्यही समयमा पाटनमा एक दुई जना मानिसहरू मारिए । त्यस्तै कीर्तिपुरमा चार जना मारिए । त्यसपछि आक्रोशित कीर्तिपुरका जनताहरूले पनि कीर्तिपुर कब्जा गरे ।

एवं रूपले त्यही क्रममा काठमाडौं र भक्तपुर पनि जनताद्वारा कब्जा गरिए । त्यसपछि उपत्यकामा कर्फ्यू जारी गरियो ।

त्यसदिन चैत्र २४ गते काठमाडौंको असनबाट जुलुस निस्क्यो । त्यो कुरो थाहा पाएपछि मैले भक्तपुरका ज्ञानेन्द्रमान नेवालाई बोलाएर 'ए ज्ञानेन्द्र ! तिमीले १०/१५ जना साथीहरू लिएर गई असनमा झण्डासहितको जुलुस गर्न सक्दैनौ ?' भनें ।

उसले 'सक्छु' भन्यो ।

'नारा लगाउन सक्छौ कि सक्दैनौ ?' मैले फेरि सोधें ।

उसले 'सक्छु ' भन्यो ।

'गोली चल्ने डर छ । साँच्चै जान्छौ त ?' मैले थपें ।

'तैपनि जान्छु' उसले भन्यो ।

त्यसपछि ऊ असनमा गयो । र, केहीबेरपछि उसले असनबाट फोन गर्‍यो । त्यतिबेला म र लिलामणि पाटनमा सँगै थियौं । त्यो कुन घर हो, अहिले मैले बिर्सीसकें । त्यहाँ फोन चाहिं थियो । ज्ञानेन्द्रले फोनबाट भन्यो- '२५/३०जना भयो मामा, जुलुस निकालौं ?'

मैले 'ल ल निकाल' भनें ।

त्यसपछि केही समयपछाडि उसले इन्द्रचोकबाट फोन गर्‍यो- 'यहाँ त ४/५ हजार मान्छे जम्मा भइसकेछन् । जुलुस कता लैजाउँ त ?'

मैले 'हनुमानढोकातिर लैजाऊ ! र, त्यसपछि नयाँसडक निस्केर लगन हुँदै फेरि धरहरातिर निस्क ! ' भनें ।

केहीछिनपछि ऊ फेरि फोन गर्छ – 'यति हजार मान्छे भयो' भनेर ।

अब के फसाद पर्‍यो भने काठमाडौंको जुलुसलाई कसरी व्यवस्थित तुल्याउने ? हामीले के सोच्यौं भने पाटनबाट जुलुस ल्याई काठमाडौंमा मिसाउन सकियो भने अवश्य पनि त्यसलाई व्यवस्थित तुल्याउन सकिन्छ । त्यसअघि पनि पुलिसको घेरा तोडेर जुलुसलाई पाटनबाट काठमाडौं ल्याउन कोशिस भइसक्याथ्यो, तर नसकिराखेको थियो । अब त त्यसो नगरी भएन । र, त्यो पुलिसको घेरा जसरी पनि तोड्ने भन्ने कुरो भयो , तोडियो पनि । त्यसपछि जुलुस पाटनको पुल्चोक आइपुग्यो ।

उता काठमाडौंबाट पनि जुलुस पुल्चोक आइपुग्यो । दुबै जुलुस मिसियो । त्यसपछि जुलुस विशाल बन्यो । त्यो जुलुस पाटन शहरभित्र पस्यो ।

ज्ञानेन्द्रले फेरि फोन गर्‍यो । मैले 'जुलुसमा मान्छे कति छ ?' भनेर सोधें ।

'ओहो मामा ! मान्छे त कति कति ? लाखौं छन् होला । यहाँ त पानीको फोहरा, अवीरबाट मानिसहरूले जुलुसलाई स्वागत गरिरहेछन् । अब जुलुसलाई कतातिर लगौं ? ' ज्ञानेन्द्रले भन्यो ।

मैले भनें – 'त्यसोभए जुलुसलाई घुमाएर काठमाडौं लैजाऊ । र, खुलामञ्च कब्जा गर । यदि खुलामञ्चको गेटमा ताला लगाइराखेको छ भने त्यो तालासाला तोडेर भित्र जाऊ । म त्यहाँ आउँछु ।'

त्यो फोनको घण्टी आउँदासम्म लिलामणि र म कुराकानी गरिराखेका थियौं । 'अब त जानु पर्‍यो' भनेर हामी त्यहाँबाट बाहिर निस्क्यौं । पाटन काटेर काठमाडौं पस्ने बेलामा लिलामणिले 'दाइ जानु पर्दैन, म जान्छु भने ।'

मैले 'किन ?' भनें ।

उनले भने- 'तपाईं जाने बेला भएको छैन । तपाईं खुलामञ्चमै पक्राउ पर्नु हुन्छ । म एक्लै जान्छु । त्यहाँ को को छ, के के छ ? ती सबै कुरा म बुझ्छु ।'

तर त्यहाँ के भएको हो थाहा भएन । उनी पनि खुलामञ्च जानबाट रोकिए ।

त्यसपछि जुलुस खुलामञ्च पुग्यो । म नीरमान नेवाको घरमा गएँ । उनी पनि दौडेर त्यहीं आइपुगे । मैले त्यहाँबाट साथीहरूलाई सम्पर्क गरें । जनताबाट टुँडिखेल कब्जा भइसकेको थियो । लाखौं जनताले खुलामञ्च, रत्नपार्क सबै कब्जा गरिसकेका थिए । खुलामञ्चमा माइक थिएन । दुई तीन वटा हाइण्ड माइकहरू थिए । तिनीहरू काम लाग्ने अवस्थामा थिएनन् । म माइक नभइकन बोल्ने अवस्थामा थिइनं । त्यही बेला क. सन्देश पनि आइपुगे । उनले पनि 'माइक नभई त जानु हुन्न दाइ' भने ।

एकैछिनपछि खबर आयो – त्यहाँ 'माले'हरूले भाषण गरे हाइण्डमाइकबाट, कसैले बुझेन । जुलुस त दरबारतर्फ बढ्यो ।

मैले 'जुलुस तुरून्त रोक । दरबारतिर गयो भने ठूलो मारपीट हुन्छ । मान्छे थुप्रै मर्छन्' भनें । साथीहरू त्यतातिर दगुरे ।

तर साथीहरू त्यहाँ पुग्दासम्म जुलुस त्रि-चन्द्र कलेज घुमेर महेन्द्रको सालिकनिर पुगिसकेको थियो । जुलुसमा अग्रपन्थी युवाहरूले अचम्मै गरे । भयो के भने शुरूमा एक जना युवक महेन्द्रको सालिकमा

*'त्यसोभए जुलुसलाई घुमाएर काठमाडौं लैजाऊ । र, खुलामञ्च कब्जा गर ।'*



*राजा महेन्द्रको शालिकमा रहेको राजदण्ड हातमा लिदै एक युवक पछि गोली लागेर ऊ त्यहाँबाट ढल्छ ।*

चढ्यो । उसलाई प्रहरीले गोली हानी चरा खसालेजस्तै गरी खसाल्यो । त्यसपछि अर्को युवक चढ्यो । उसलाई पनि त्यसरी नै खसालियो । फेरि अर्को चढ्यो, ऊ पनि खतम । एवं रूपले लगातार पाँच जनाले प्राणको आहूति दिए । प्राणको आहूति दिएर पनि ती युवकहरूले महेन्द्रको सालिकमा रहेको राजदण्ड ढुंगाले हानी झिक्ने प्रयत्न गरे ।

बहुदल आइसकेपछि एकेडेमीमा भएको एउटा कार्यक्रममा गणेशमानसिंहले भनेका थिए -त्यो दिन नेपाली जनतालाई मात लागेको थियो । अरू मात होइन, बलिदान हुने मात । – क्रमशः

❑ प्रस्तुति – तुल्सिदास महर्जन

*प्राणको आहूति दिएर पनि ती युवकहरूले महेन्द्रको सालिकमा रहेको राजदण्ड ढुंगाले हानी झिक्ने प्रयत्न गरे ।*

# किन ढल्यो अर्जेन्टिनाको अर्थतन्त्र ?




स्नेह सायमि

**श्रीमती आना** ब्यूनर्स आयर्सकी निवासी हुन् । उनी फोटो पत्रकारिता गर्छिन् । उनी केही समयका लागि अर्जेन्टिनाको कुनै गाउँमा गइन् । करीब एक महिनापछि ब्यूनर्स आयर्स फर्किइन् । घरबाट उनले सिधै ए.टी.एम. (नगद निकाल्ने मेशिन)मा गएर आफ्नो 'क्यास कार्ड' घुसाइन्, तर पैसा निस्केन । उनले बैंकमा फोन गरिन् फोन पनि उठेन । आफूले काम गरेका केही संस्थाहरूमा फोन गरी आफ्नो समस्या बताइन् । अनि मात्र थाहा पाइन्- दुःखसुख गरेर रातदिन नभनी दैनिक खर्चका लागि बैंकमा जम्मा गरेको थोरै रकम पनि निकाल्न नमिल्ने भइसकेको रहेछ । उनले काम गरेबापत एउटा संस्थामा लिनुपर्ने रकममध्ये केही लिएर उनी किनमेल गर्न डिपार्टमेन्टल स्टोरतिर लागिन् तर सबै पसलहरू बन्द थिए । घरमा खानेकुरा थिएन । जसोतसो एउटा सानो स्टोरबाट केही खानेकुरा किनिन् र घरतिर लागिन् ।

**श्रीमती सान्द्रा** क्यान्सरकी विरामी छिन् । उनी नियमित रूपमा 'केमोथेरापी'का लागि अस्पताल जाने गर्छिन् । उनी विश्वविद्यालयकी शिक्षिका हुन् । उनले तीन महिनाअघिदेखि तलब पाएकी छैनन् र तलबबाट कटाउने गरी स्वास्थ्य बीमाको रकम पनि जम्मा भएन । त्यही कारण देखाई अस्पतालले उनको उपचार गरिदिएन । उनी भन्छिन्- 'म अब मर्ने भएँ ।'



*थाल र ड्रमसमेत ठटाएर प्रदर्शनमा सहभागीहरू*

यतिखेर अर्जेन्टिना गरीबहरूको मात्र होइन, मध्यमवर्गीय परिवारका मानिसहरूको पनि यस्तै कथा छ ।

अर्जेन्टिना आफ्नो आकार र क्षेत्रफल, आर्थिक स्रोत, प्राकृतिक सम्पदा, विकसित कृषि र पशुपालन, शिक्षित जनसमुदायका कारण सम्पन्न एवं सुन्दर देश हो, विकासका भौतिक पूर्वाधारको पनि राम्रै निर्माण गरेको देश हो । उद्योग-व्यवसाय एवं निर्यात पनि फस्टाएकै हो । त्यहाँ देशी र विदेशी एवं बहुराष्ट्रिय कम्पनी, वित्तीय संस्थाहरूले निर्धक्कसँग लगानी गरेको पनि हो । सन् १९९२ देखि १९९६ सम्ममा त **एशियन टाइगर** भनिएका एसियाका द्रुत गतिले विकसित देशको हाराहारीमा यसको आर्थिक वृद्धिदर पनि रहेको हो । यति हुँदाहुँदै पनि अर्जेन्टिनामा यो आर्थिक संकट कसरी आइलाग्यो ?

श्रीमती आना र श्रीमती सान्द्राजस्तै राम्रो कमाइ भएका, राम्रो जागीर खाएका, राम्रो व्यवसाय चलाइरहेका मध्यमवर्गीय तथा उद्यमी व्यवसायी अर्जेन्टिनी जनताहरू अहिले राजधानी ब्यूनर्स आयर्सको राष्ट्रपति भवनअगाडि लगायत, अर्जेन्टिनाका अन्य शहरहरूमा, मुख्य राजमार्गहरूमा आफ्नो 'किचन'का भाँडाहरू दुई हातमा लिएर बजाउँदै जुलुश प्रदर्शन गरिरहेछन् । यो जुलुश बेरोजगारहरूको, गरीवहरूको, विद्यार्थीहरूको वा कुनै सरकारविरोधी पार्टीको मात्र होइन, यो जुलुश- सबैखाले, पार्टीका, पेशाका र वर्गका अर्जेन्टिनी जनताहरूको हो ।

### *भाँडा बजाएरै प्रदर्शन गर्नुपर्ने के स्थिति आइलाग्यो ?*

१. विगत तीन महिनादेखि पुलिसबाहेक अन्य सेवामा रहेका सरकारी कर्मचारीहरूले तलब पाएनन् । सरकारी कार्यालयका कर्मचारी, स्कूल, कलेज र विश्वविद्यालयका शिक्षकहरूले तलब नपाएपछि स्कूल, कलेजहरू बन्द भए ।

२. बैंक खाता 'फ्रिज' गरियो । कमभन्दा कम रकम पनि बैंकमा जम्मा गरी 'क्यास कार्ड' प्रयोग गरी 'ए.टी.एम.'बाट पैसा निकालेर वा क्यास कार्डबाटै डिपार्टमेन्टल स्टोरहरूमा भुक्तानी गर्ने चलन रहेको देशमा आफूले जम्मा गरेको रकम नै निकाल्न नपाउने सरकारी निर्णयका कारण टोल-टोलमा खुलेका स्वदेशी र विदेशी बैंक र त्यसका शाखाहरू बन्द भए । र, जनसाधारणको समस्या जटील भयो ।

३. बैंक खाता नै फ्रिज भएको कारण अन्य व्यवसाय, उद्योग र संस्थाहरूले पनि कारोबार गर्न पाएनन् । र, भुक्तानी दिन सकेनन् ।

४. जनतासँग सीमित मात्रामा पैसा हुनु, भएको पैसा बैंकमा 'फ्रिज' हुनुका कारणले तोडफोड बढ्यो र पसलहरू बन्द भए । जनताले खानेकुरा किनेर खान खोज्दा पनि पाएनन् ।

५. निश्चित बीमा रकमको भुक्तानी गरिएको कारणले संचालन हुने स्वास्थ्य सेवा केन्द्र र अस्पतालहरूले सो भुक्तानी नभएको कारण जनाई विरामीको उपचार गर्न मानेनन् ।

यसरी सरकारी निर्णयका कारण दैनिक जीवन पटक्कै नचल्ने, खानै नपाउने भएपछि विहान उठेर जुलुशमा जानु नै अर्जेन्टिनी जनताको दिनचर्या हुनगयो । २५ जनवरी २००२ मा देशभरि प्रदर्शनको

> यसरी सरकारी निर्णयका कारण दैनिक जीवन पटक्कै नचल्ने, खानै नपाउने भएपछि विहान उठेर जुलुशमा जानु नै अर्जेन्टिनी जनताको दिनचर्या हुनगयो ।

आयोजना भयो, जसमा सरकारले हस्तक्षेप गर्‍यो । दंगा प्रहरीहरूले अश्रुग्यास र प्लाष्टिकका गोलीहरू प्रयोग गरी भीड तितर-वितर गर्ने प्रयत्न गरे । यसले जनसाधारणमा अझै नकारात्मक प्रभाव पार्‍यो र जनताले बैंकहरू र डिपार्टमेन्टल स्टोरहरूमा 'हाम्रो पैसा फिर्ता गर', 'खानेकुरा किन्न देऊ'जस्ता माग राखी तोडफोड गर्ने कार्य गरे । यस्तो प्रदर्शन अब सशस्त्र दंगामा परिवर्तन भयो ।

### *जनता के भन्छन् ?*

अर्जेन्टिनी जनता सर्वप्रथम राजनैतिक नेताहरूसँग अति क्षुब्ध छन् । फलस्वरूप २ हप्ताभित्र ५ जना राष्ट्रपति फेरिए । त्यसपछि, उनीहरू विश्वबैंक, संरचनागत समायोजन प्रक्रिया र अन्तर्राष्ट्रिय मुद्रा कोषलाई यो संकट आइलाग्नुको कारण भन्ठान्छन् । यतिखेर प्रदर्शनकारीहरूले 'भ्रष्टाचारी मुर्दावाद', 'डकैतीको यो तरीका बन्द गर !', 'अन्तर्राष्ट्रिय मुद्रा कोष मुर्दावाद !', 'हाम्रो पैसा फिर्ता गर !', 'बढ्दो बेरोजगारीको समाधान गर !', 'हाम्रो पारिश्रमिक तुरून्त देऊ', 'खानेकुरा उपलब्ध गराऊ'जस्ता नाराहरू लगाइरहेका छन् ।

"सन् १९९६ देखि आर्थिक मन्दीको शुरूवात भएको अर्जेन्टिनामा आर्थिक संकटका बारेमा त्यहाँका जनताले केही नभोगेका र केही अनुभव नगरेका होइनन् । आर्थिक मन्दी हुँदाहुँदै पनि 'अव्यवस्थित व्यवस्था' चलिरहेकै थियो । तर जनसाधारणले खान र लाउनै नपाउने गरी सरकारले यस्तो 'ज्यानमारा निर्णय' गर्ला भनेर जनताले सोचेका थिएनन् ।"

यो संकटको सम्बन्धमा बि.बि.सी.ले संकलन गरेको केही अर्जेन्टिनी जनताको भनाइ उद्धृत गर्नु सान्दर्भिक हुनेछ ।

-ओ. कोनोर भन्छन्- **"यो भ्रष्टाचारी नेताहरूले निम्त्याएको राजनैतिक समस्या हो, जुन पछि गएर आर्थिक समस्याको रूपमा परिवर्तन भयो ।"**

## अर्जेन्टीना : एक झलक


| | | |
|---|---|---|
| जनसंख्या | : | ३ करोड ७० लाख |
| राजधानी | : | ब्यूनर्स आयर्स |
| मुख्य भाषा | : | स्पेनिश |
| औसत आयु | : | पुरुष ७० वर्ष/महिला ७७ वर्ष |
| प्रतिव्यक्ति औसत आय | : | (वार्षिक) ७,५५० अमेरिकी डलर |
| प्रमुख कृषि उत्पादन | : | सूर्यमुखी, भटमास, अंगुर, कागती, मकै, सुर्ति, बदाम, चिया, गहुँ । |
| जनावर निर्यात | : | प्रतिवर्ष २६ करोड डलर बराबर |
| बाह्य ऋण | : | १४० अर्ब डलर |
| छिमेकी मुलुक | : | बोलिभिया (८३२ कि.मि.), ब्राजिल (९१,२२४ कि. मि.), चिली (५,१५० कि.मि.), पराग्वे (१,८८० कि.मि.), उरुग्वे (५७९ कि.मि.) |
| क्षेत्रफल | : | २७,६६,८९० वर्ग कि.मि./भूमि २७,३६,६९० वर्ग कि.मि./पानी ३०,२०० वर्ग कि.मि. |
| भूमि उपयोग | : | खेतीयोग्य भूमि ९ प्रतिशत, निरन्तर बाली लाग्ने भूमि ११ प्रतिशत, १२ महिना पशुपालन हुने भूमि ५२ प्रतिशत |
| जंगल | : | १९ प्रतिशत, अन्य १९ प्रतिशत सिंचित भूमि १७,००० वर्ग कि.मि. (१९९३ मा) |

**"राजनीतिज्ञहरू सत्तामा आउनासाथ सोहर्ने जति सबै सोहर्छन्, के थाहा हामीले नै चुनेर पठाएका प्रतिनिधिहरूले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्राप्त रकम पनि स्वीस बैंकको कुनै खातामा जम्मा गरेका छन् कि ?"** -आना भन्छिन् ।

**"जब कुनै काण्ड मच्चिन्छ हामीहरू आश्चर्यचकित र क्षुब्ध हुन्छौं । त्यसकै बारेमा हप्ताभरि चर्चा गर्छौं । अर्को हप्तामा योभन्दा ठूलो काण्ड मच्चिसकेको हुन्छ र चर्चा गर्न लायकको गएको हप्तामा घटेको काण्ड बिर्सिसक्छौं ।"**

### *कसरी आयो यो आर्थिक संकट ?*

अर्जेन्टिनाको ऐतिहासिक पृष्ठभूमिलाई यो संकटको सम्बन्धमा केलाएर हेर्ने हो भने निम्न समस्याले अर्जेन्टिनालाई यो आर्थिक संकटसम्म पुर्‍याएको देखिन्छ ।



*क्रुद्ध प्रदर्शनकारीहरू सरकारविरुद्ध सडकमा प्रदर्शन गर्दै*

***१. राजनैतिक भ्रष्टाचार :***

अर्जेन्टिना ८ जुलाइ १९१६ का दिन स्पेनको अधीनबाट स्वतन्त्र भएको हो । सन् १९३० ताकासम्म अर्जेन्टिनाको अर्थतन्त्र र आर्थिक वृद्धिदर फ्रान्सको हाराहारीमा थियो र यो विश्वको पाँचौं धनी राष्ट्रमा गनिएको थियो । पशुपालन र कृषि पनि प्रमुख व्यवसाय भएको कारणले त्यतिखेर गाईको मासुको निर्यातले अर्जेन्टिनाको अर्थतन्त्रलाई माथि उकासेको थियो । तर दुर्भाग्य ! त्यही वर्षबाट त्यहाँ सैनिक शासनको परम्परा शुरू भयो ।

कम आय र असुरक्षाको स्थितिले जनताहरू पिरोलिएको बेला अर्थात् सन् १९४६ मा कामदारहरूको अधिकतम ज्याला वृद्धि एवं सामाजिक सुरक्षाको नारा दिएर चुनाव लडेका जुवान पेरोन राष्ट्रपतिमा निर्वाचित भए । राष्ट्रपति भएको लगत्तै उनले आफ्नी श्रीमती इभिनालाई श्रम सम्बन्धको प्रमुखका रूपमा नियुक्ति गरे । सन् १९४९ मा राष्ट्रपतिको अधिकारलाई अझै सशक्त बनाउने गरी नयाँ संविधान पास गरे । उक्त संविधान लागु भएपछि पेरोनको शासनप्रति अनास्था फैलाउनेहरू र विपक्षीहरूलाई उनले बन्दी बनाए, पत्रकारहरूलाई दवाए । यसका बावजूद सन् १९५१ मा पेरोन पुनः बहुमतले राष्ट्रपतिमा निर्वाचित भए । सन् १९५२ मा उनकी श्रीमतीको मृत्यु भयो । त्यसपछि पेरोनको लोकप्रियता घट्यो । यो देखेपछि सन् १९५५ जुनमा, सैनिक 'कु'को असफल प्रयास भयो । सन् १९५५ को सेप्टेम्बरमा पुनः 'कु' गरेर सैनिक शासन लागु भयो । पेरोन भागेर पाराग्वे र पछि स्पेनमा निर्वासित भए । सन् १९७३ मा पेरोनिस्ट पार्टी पुनः विजयी भयो । पेरोन पुनः अर्जेन्टिना फर्किए र राष्ट्रपति भए । यसबेलासम्मको भ्रष्टाचार र असमान







मान्छेहरूलाई सजिलैसँग बहकाउने, खरिद गर्ने, व्यक्तिवादी बनाउने, अराष्ट्रिय तत्व पैदा गर्ने र राष्ट्रिय सम्पत्तिलाई कौडीको मूल्यमा बिक्री गरी अकूत सम्पत्ति आर्जन गर्ने भ्रष्ट प्रवृत्तिको प्रेरक हुन गएको छ- यो विश्वव्यापीकरणको नीति ।

संचार, कृषि, यातायात, खनिज, उद्योग, मौद्रिक, बैंकिङ्ग व्यवसायमा, राज्यले जनताको सम्पत्ति र कर प्रयोग गरेर निर्माण गरेका सबै क्षेत्रहरू निजीकरणका नाममा प्रशस्त व्यक्तिगत नाफा गरी विक्री गरिदिए पूर्व राष्ट्रपति मेननले । पश्चिमेली राष्ट्रलगायत विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष बजार अर्थतन्त्रको नीति लागु गरेकै कारणले खुशी भए । अर्जेन्टिनामा कुन गतिमा बजार अर्थतन्त्र लागु गरिनुपर्छ ? निजीकरणको नाममा कत्तिको भ्रष्टाचार हुनसक्छ ? आदि विषयमा उनीहरूले सरोकार राखेनन् । उल्टो भ्रष्ट सरकारलाई उपयोग गर्दै देशी-विदेशीहरूले नाफा हुने उद्योग व्यवसायहरू सस्तो मूल्यमा किन्ने अवसर पाए ।

अन्ततः बजार अर्थतन्त्र सबै आर्थिक रोगहरूको अचूक औषधि होइन, यसले देशको अर्थतन्त्र धराशायी पार्न सक्छ भन्ने कुरा अर्जेन्टिनाले प्रमाणित गरेर देखाएको छ ।

*४. समस्याको जरोमा नपुगी टालटुल पार्ने प्रवृत्ति*

कुनै समस्याको समाधान गर्नुअघि त्यो समस्या किन भयो भनेर त्यसको 'जरो विश्लेषण' गरिनु पर्दछ । अर्जेन्टिनामा समस्याको जरो खोज्नुभन्दा पनि तत्कालीन समस्यालाई कसरी टार्ने भन्ने प्रवृत्तिले काम गर्‍यो । त्यतिमात्र होइन, त्यो समस्या आइलागेपछि त्यसलाई ठूलो बनाएर त्यसको समाधानका नाममा आफूले व्यक्तिगत फाइदा कसरी लिने भन्ने प्रवृत्तिले पनि काम गर्‍यो ।

"यो संकटको लागि भ्रष्टाचारलाई दोष दिनु उचित छैन । अर्जेन्टिनालाई यो स्थितिमा पुर्‍याउन विश्व बैंक र मुद्रा कोषको संरचनागत समायोजन कार्यक्रमको हात छ, जसले भ्रष्टाचार गर्नैपर्ने अवस्थामा पुर्‍याउँछ । भ्रष्टाचार अर्जेन्टिनाका समस्याहरूको केही लक्षणमात्र हो, कारण होइन । प्रमुख कारण त विश्वव्यापी पूँजीवादी लालच हो, जसले नाफामा कटौती गर्नुको सट्टा करोडौं मानिसहरूलाई गरीबीतिर घचेट्छ ।" क्यानाडाका महेश शर्मा भन्छन्- "यो स्थिति अरू क्षेत्रमा पनि आउनसक्छ, जहाँ नेताहरू निरन्तर ऋण लिइरहन्छन् र सही प्रयोग गर्दैनन् ।"

"म अन्तर्राष्ट्रिय मुद्रा कोषले राख्ने अव्यवहारिक र अमानवीय शर्तहरूको दुःख महसूस गर्न सक्छु । अर्जेन्टिनामा भएका घटनाहरूबाट म आश्चर्यचकित छैन । पूँजीवादका लागि तयार नभएका देशहरूमा जवर्जस्ती बजार अर्थतन्त्र लागू गर्ने प्रयत्न गर्दा हुने परिणाम हो यो ।"

*५. अन्तर्राष्ट्रिय मुद्राकोषका शर्त र नीतिहरू*

नव-खुला अर्थतन्त्रवादीहरूले अर्जेन्टिनालाई सहयोग नगरेका भने होइनन् । ११ प्रतिशतका दरले अर्थतन्त्र खस्केको र २० प्रतिशतभन्दा बढी बेराजगार भइरहेको बेलामा पनि विश्वका अन्य ऋण आवश्यक भएका र सक्षम देशहरूलाई वास्ता नगरी अर्जेन्टिनालाई प्रशस्त ऋण उपलब्ध गराइएको हो । तर ऋणसँगै कडा शर्तहरू पनि थिए । अन्तर्राष्ट्रिय मुद्राकोषले गत वर्ष ४८ अर्ब डलरको ऋण अर्जेन्टिनालाई व्यवस्था गर्दा त्यो ऋणसँगै थुप्रै सुधारका शर्तहरू पनि सरकारसमक्ष राखेको थियो । ती शर्तहरू जनताका हित विपरीत थिए । जस्तै एउटा शर्त थियो, सन् २००१ को बजेटमा घाटा शून्य हुनुपर्ने । अर्को शर्त थियो, या त अर्जेन्टिनाको मुद्रा पेसोलाई अवमूल्यन गर्नुपर्ने वा पेसोको बदलामा सरकारी मुद्रा 'डलर' हुनुपर्ने । यी शर्तहरू पालना नगरेको आरोपमा अन्तर्राष्ट्रिय मुद्रा कोषले सम्झौता भइसकेको ऋण पनि यो संकटको बेलामा रोक्यो । ऋण लिएर ऋणकै सावाँ ब्याज तिर्नुपर्ने हालतमा पुगेको अर्जेन्टिनामा सो रकम अचानक रोकिँदा अझै समस्या आइलाग्यो । अन्तर्राष्ट्रिय मुद्रा कोषबाट अपेक्षित रकम रोकिएपछि जनसाधारणलाई बैंकबाट रकम निकाल्न रोक लगाइयो, आर्थिक सुधारका नाममा सार्वजनिक संस्थानका कर्मचारीहरूको कटौती गरियो, सरकारी कर्मचारीहरूको तलब घटाइयो र यसबाट ९.२ अर्ब डलर बचत हुने हिसाब देखाइयो ।

यी बाहेक, कर्मचारीलाई दिने क्रिसमस बोनसमा रोक लगाइयो, पेन्सनको रकम दिन ढिलो गरियो, सामाजिक सेवाको खर्चका लागि छुट्याइएको बचत रकममध्ये ७० प्रतिशत कटौती गरियो ।

सरकारको यस किसिमको निर्णयले डिसेम्बर महिनाको मध्यतिरबाट देशभरि लूट, आतंक र जुलूस प्रदर्शन शुरू भइसकेको थियो । प्रहरीले अश्रुग्यास र रबरका गोलीहरू प्रयोग गरेर स्थितिलाई दबाउन खोज्यो । यस दंगामा २७ जना मानिसको मृत्यु भयो । केही पसल लुटिए, केही लुटेराहरूलाई पसलेहरूले मारिदिए । एकजना कोरियन जसको पसल लुटियो, उनले आत्महत्यासमेत गरे ।

यो बजेट 'सुधार'को कारणले जनमानसको तर्फबाट प्रदर्शन र विरोध शुरू भएपछि अर्थमन्त्रीले राजिनामा दिए । सामाजिक-आर्थिक संकटका कारण जनताहरू क्षुब्ध, दुःखित, निरास भए । डिसेम्बरको अन्त्यसम्ममा न्याडिकल पार्टीका राष्ट्रपति फर्नान्डो डेलारूवा पूरै एक्लिसकेका थिए । र, यो संकटबाट बचन उनले राष्ट्रिय एकताको प्रस्ताव ल्याए । तर सो प्रस्तावको सुनुवाई नभएपछि हुने संकट र रक्तपातबाट बच्ने एउटा विकल्प थियो-राजीनामा । यसरी अर्को दुई वर्षको कार्यकाल भएतापनि उनले २१ डिसेम्बर २००१ मा राजीनामा दिन बाध्य भए ।

यसरी बाह्य ऋण करीब १४० अर्ब डलर र वार्षिक ब्याज तिर्नुपर्ने मात्रै १० अर्ब डलर भएको देश अर्जेन्टिनामा आर्थिक सुधार कार्यक्रमका नाममा विश्व बैंक र मुद्राकोषजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले जनविरोधी शर्तहरू जर्वजस्ती पालना गराएपछि यो संकट आइलागेको हो ।

*७. आम्दानी र खर्चबीचको असन्तुलन*

अर्जेन्टिनाको एउटा समस्या घाटा बजेट हो, जसले प्रत्येक वर्ष ऋणमाथि ऋण थप्दै लगेको छ । अन्तर्राष्ट्रिय मुद्रा बजारबाट लिएको ऋणमात्रै १४० अर्ब डलर पुगेको छ । सो ऋण अर्जेन्टिनाले तिरेर तिरिनसक्नुभएको छ र वर्तमान राष्ट्रपति डुहाल्डेले हाललाई विदेशी ऋण नतिर्ने घोषणा गरेका छन् । अर्जेन्टिनाको सरकारले निश्कासन गरेका ऋणपत्रहरू उल्लेखित रकम (Face value) को चौथाई मूल्यमा विक्री भइरहेका छन् ।

## *उपसंहार :*

विश्व बैंक र मुद्राकोषको दबावमा जथाभावी आर्थिक उदारीकरण गर्दा के नतिजा हुन्छ, त्यसको ज्वलन्त उदाहरण अर्जेन्टिना हो । परन्तु, जेजस्तो कारणले यो संकट आइलागेको भएतापनि त्यसको भार जनसाधारणकै टाउकोमा पर्न आएको छ । स्थितिको सुधार हुने लक्षण देखापरेको छैन । अर्जेन्टिनाको डुहाल्डे सरकारले अन्तर्राष्ट्रिय मुद्राकोष एवं अमेरिकी बुश सरकारले सहयोग गर्ने आशा गरेका छन् । वर्तमान राष्ट्रपति डुहाल्डेले कुनै उपाय सुझाउन सकिरहेका छैनन् र अर्जेन्टिनालाई सल्लाह दिइरहेका विदेशी विशेषज्ञहरू के भनिरहेछन् भने- "अर्जेन्टिनाले आफ्नो भविष्यको बारेमा आफैं सोच्नुपर्दथ्यो ।" ❑

*सन्दर्भ सामग्री : वि.वि.सी., सि.एन.एन., अर्जेन्टिनाका अखबारहरू, द इकोनोमिष्ट, स्टान्डर्ड एण्ड पोरेको क्रेडिट रेटिङ्ग प्रतिवेदन आदि ।*


प्रजातन्त्र दिवसको उपलक्ष्यमा
जिल्लावासी तथा सम्पूर्ण देशवासीहरूमा
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
ऋषिराज लुम्साली
सभापति तथा
कंचनपुर वि.वि.स. परिवार

कृषि विकास बैंकले किसान, ब्यापारी, उद्यमीहरुलाई ग्रामीण कृषि कर्जा, ब्यापार कर्जा र बैंकिङ सुविधाहरु प्रदान गर्दछ ।


अहिले,
◆ किसानहरुलाई आफूले तिर्नसक्ने जतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ । ◆ बैंक र किसानबीच बढी भेटघाट हुनसक्ने नयाँ व्यवस्था मिलाइएको छ । ◆ बैंकिग कार्यालयहरुमार्फत् उत्पादनशील क्षेत्रमा जाने कर्जाहरुलाई प्रोत्साहित गरिएको छ । ◆ ऋण र बचतलाई सँगसँगै लैजाने नीतिलाई जोडदार रुपमा कार्यान्वयन गरिएको छ । ◆ बैंकले २०५४ सालमा लागू गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो बनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागू गरी बैंकलाई दीर्घजीवी बनाउने पहल गरिएको छ ।


देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन कृषि विकास बैंकका कार्यहरुमा सहभागी होऔं ।

कृषि विकास बैंक
मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ
फोन:२६२८८५,२६२४९६, फ्याक्स : २६२६१६, २६२९२९
E-mail : agrbnk@infoclub.com.np,
Web Site : www.adbn.gov.np

# कोलिन पावेलको विगत खोतलेर हेर्दा

– राजेन्द्र महर्जन





❑ *कोलिन पावेल अमेरिकी आदर्शका 'रोल मोडल' हुन् ।* – अमेरिकाका लागि पूर्व नेपाली राजदूत दामोदरप्रसाद गौतम ।

❑ *कोलिन पावेल आफ्नो देशको राष्ट्रिय स्वार्थमात्र होइन, अरु देशको स्वार्थसमेत हेरेर नीति बनाउन सक्ने व्यक्ति हुन् ।* -पूर्व परराष्ट्रमन्त्री तथा राप्रपाका नेता डा. प्रकाशचन्द्र लोहनी ।

अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यू बुशका विशेष दूत कोलिन पावेलको बारेमा यस्ता थुप्रै उद्‌गारहरु प्रकट भए । कोलिन पावेलको व्यक्तित्वको बारेमा धेरै टीका-टिप्पणीहरु भए र उनलाई 'आतंकवादविरोधी मसीहा'का रुपमा पूजा गर्ने कामहरु पनि भए ।

यस्ता भए गरेका कामहरु कति ठीक, कति बेठीक भन्ने कुराको समग्र र सही मूल्यांकन विस्तारै हुँदैजाला । यसरी मूल्यांकन गर्न सजिलो होस् भन्ने उद्देश्यले मैले चिनेका कोलिन पावेलको शब्दचित्र प्रस्तुत गर्नका लागि अनुमति माग्न चाहन्छु ।

'श्री ५ सँग पनि ठट्यौलो पारामा भनें- 'मैले सिपाही र कूटनीतिज्ञ रहेका बेला टेक्सटाइलबारे अध्ययन गरिनँ, त्यसैले यसबारेमा त्यति थाहा भएन ।'



-कोलिन पावेलको यो भनाइबाट थाहा हुन्छ, उनी पहिले सिपाही थिए । र, उनको पछिल्लो चरणको जीवनबारे थाहा पाउनेहरुले उनलाई जनरल कोलिन पावेलको रुपमा याद गर्छन् । हो, सन् १९९०-९१ मा इराकविरुद्ध अमेरिकाको नेतृत्वमा भएको विध्वंशात्मक आक्रमण गर्ने बहुराष्ट्रिय सेनाको 'ज्वाइन्ट चीफ अफ स्टाफ'का चेयरम्यानका रुपमा अर्थात् प्रधान सेनापतिका रुपमा उनलाई सम्झना गर्नेहरु धेरै छन् । र, अहिले उनी अमेरिकाका तेस्रो अति प्रभावशाली राजनीतिक-कूटनीतिक व्यक्तित्वका रुपमा संसारभरि परिचित छन् ।

इराकविरुद्ध जर्ज बुशका पिता जर्ज एच. बुशले गरेको खाडी युद्धताका र रक्षामन्त्री रहेका डिक चेनी अहिले बुश प्रशासनमा उपराष्ट्रपति र प्रमुख खेलाडी भएका छन् भने जनरल कोलिन पावेल चाहिं जर्ज बुश र डिक चेनीपछिका प्रमुख खेलाडी भएका छन् । अहिले मूल रुपमा विदेशमन्त्री पावेल, रक्षामन्त्री डोनाल्ड रम्सफेल्ड र राष्ट्रिय सुरक्षा सल्लाहकार क्याण्डोलेज्जा राइसजस्ता त्रिमूर्तिले अमेरिकालाई यस शहस्राब्दीको पहिलो दशकको नेतृत्व गरिरहेका छन् । यसरी हेर्दा पुत्र जर्ज बुशले विशेषत: पिता जर्ज बुशकै राजनैतिक प्रशासनिक खेलाडीहरुलाई आफ्नो निर्णायक टिममा राखेको देखिन्छ । तिनीहरुमा अधिकांश व्यक्तिहरु अमेरिकाको विशालकाय उद्योग-व्यापार र सैनिक उद्योगसँग सम्बन्धित छन् । र, दृष्टिकोणको हिसावले उनीहरु सबै नै दक्षिणपन्थी र प्रतिक्रियावादी विचारका छन् ।

अहिलेका प्रभावशाली विदेशमन्त्री कोलिन पावेलको दृष्टिकोण र व्यवहार पनि सिपाहीं हुँदादेखि नै दक्षिणपन्थी र प्रतिक्रियावादी रहँदै आएको देखिन्छ । सिपाहीबाट विदेशमन्त्रीसम्म भएका पावेलको दक्षिणपन्थी दृष्टिकोण र प्रतिक्रियावादी व्यवहारलाई नै अमेरिकी सरकार र जनताको आदर्श मान्ने हो भने उनलाई 'रोल मोडल' भन्न सकिन्छ । प्रजातन्त्रको नाममा चलाइरहेको अमेरिकाको उत्पीडनकारी व्यवस्थामा अत्यन्त हेपिएका-पिल्सिएका काला जातिका कोलिने पावेल सिपाहीबाट जनरल र शासक बनेको पक्षलाई 'रोल मोडल' मान्ने हो भने उनले उत्पीडनकारी व्यवस्थालाई टिकाउन विगत ३० वर्षभित्र गरेका काम-कारवाहीहरुलाई कदापि बिर्सन सकिँदैन ।

काला जातिका कोलिन पावेलको जीवनका पानाहरु पल्टाउँदा उनको विगतको तीन दशक काला जातिलाई उत्पीडन गर्ने अमेरिकी व्यवस्थाको असल सेवकको रुपमा बितेको देखिन्छ । पावेलले सेवा गरेको अमेरिकी व्यवस्था भनेको मूलत: साम्राज्यवादी व्यवस्था हो, जसले इरान र ग्वाटेमालाका सरकारहरुलाई सत्ताच्युत् गरेको थियो । जसले चीन, कोरिया, कम्बोडिया, लाओस, फिलिपिन्स र भियतनाममाथि बर्बर सैनिक आक्रमण गरेको थियो ।

कोलिन पावेल अमेरिकी सैनिकका रुपमा क्रियाशील रहँदा अमेरिकी सरकारले भियतनाममाथि २३ वर्ष लामो नरसंहारकारी युद्ध चलाइरहेको थियो । त्यस युद्धको क्रममा अमेरिकाले कोरियालाई जस्तै भियतनामलाई पनि दुई टुक्रामा विभाजन गर्ने, दक्षिण भियतनाममा आफ्नो सैनिक कठपुतलीलाई सत्तारुढ गर्ने र लगभग १० लाख भियतनामीहरुको संहार गर्ने अपराधिक कार्य गरेको थियो ।

कोलिन पावेल सिपाहीको रुपमा कार्यरत रहँदा अमेरिकी सरकारले भियतनाममा मात्रै अनगिन्ती पटक बम बर्षा गरेको थियो । भनिन्छ, ती सबै बमहरु सिंगो धरतीभरि कार्पेटसरी बिछ्याउने हो भने १० मिटर उँचाइसम्म पृथ्वीलाई ढाकिन्छ । भियतनाममाथि थोपरिएको अमेरिकी युद्धको इतिहासमा हिटलरको ग्यास च्याम्बरजस्तै घिनलाग्दो नरसंहारको नाम हो- 'माइ लाई नरसंहार', जसमा कोलिन पावेल पनि जोडिएका थिए ।

मार्च, १९६८ मा अमेरिकी सैनिकहरुले भियतनामको 'माइ लाई' गाउँका सम्पूर्ण घरहरुमा आगो लगाउने, आकाशबाट बम वर्षा गर्ने अनि बम र आगोबाट बच्न खोज्ने बच्चाबच्चीदेखि बूढाबूढी, आइमाई र सम्पूर्णजस्तो पुरुषहरुलाई निर्ममतापूर्वक गोलीले भूटेका थिए । ३०० जना भियतनामीहरुको एक्कै चिहान बनाइएको माइ लाई नरसंहारलाई ढाकछोप गर्न कोलिन पावेलले ज्यूज्यान लगाएका थिए । अमेरिकी सैनिकहरुको निधारमा टाँसिएको उक्त कालो दाग मेटाउन कोलिन पावेलले जतिसुकै भरमग्दुर प्रयत्न गरेपनि त्यो अहिलेसम्म मेटिएको छैन, त्यसले पटक-पटक अमेरिकी सरकार र सेनालाई अहिले पनि तर्साइरहेको छ ।

दक्षिणपन्थी विचारका रोनाल्ड रेगन राष्ट्रपति पदमा र जर्ज एच. बुश उपराष्ट्रपति हुँदा सन् १९८० मा कोलिन पावेल 'राष्ट्रिय सुरक्षा सल्लाहकार'को टिममा पुरस्कृत भइसकेका थिए । माइ लाई नरसंहारलाई ढाकछोप गर्न ठूलो बल-बुद्धि लगाउने कोलिन पावेल त्यतिखेरसम्ममा निकै प्रभावशाली र शक्तिशाली अमेरिकी शासक भइसकेका थिए । हो, सन् १९९५ मा व्यक्त उनकै शब्दमा भन्ने हो भने उनी 'चीफ एड्मिनिस्ट्रेशन एड्भोकेट' भइसकेका थिए ।

उनकै कालमा आफ्नै छिमेकी देश निकारागुआको प्रगतिशील र वामपन्थी सरकारलाई सत्ताच्युत् गर्न 'कोन्ट्रा' नामक बर्बर प्रतिक्रान्तिकारीहरुलाई जन्माउने-हुर्काउने काम अमेरिकाले गरेको थियो । कोन्ट्रा प्रतिक्रान्तिकारीमार्फत् कोलिन पावेल संलग्न अमेरिकी सरकारले निकारागुआका अस्पताल, स्वास्थ्यचौकी, स्कूल, बाटोघाटो र अन्य सार्वजनिक सेवाहरुका साथै सामान्य जनतामाथि दश वर्षभन्दा बेसी समयसम्म नरसंहारकारी युद्ध थोपरेको थियो । त्यही बेला लागू पदार्थ र हतियारको तस्करी गर्ने माफियाहरुसँग मिलेर उसले इरानबाट असंख्य हतियार झिकाई कोन्ट्रा प्रतिक्रान्तिकारीहरुलाई सुम्पने र युद्धको विभीषिकालाई अझ चर्काउने काम

गरेको थियो । विश्वसामु यो रहस्य भण्डाफोर भएपछि 'इरान–कोन्ट्राकाण्ड'को रुपमा कुख्यात भएको यस्तो घृणित कार्यमा कोलिन पावेलको प्रत्यक्ष संलग्नता रहेको तथ्य देखिएको थियो । कोन्ट्रा प्रतिक्रान्तिकारीहरुलाई दिइएको अमेरिकी सहयोग र इरान–कोन्ट्राकाण्डबारे उनी आफैंले सन् १९९५ मा आत्मस्वीकृति जनाएका थिए ।

रोनाल्ड रेगनबाट जर्ज एच. बुशमा राष्ट्रपति पद हस्तान्तरण हुँदासम्ममा कोलिन पावेलको शक्तिमा असीमित विस्तार भइसकेको थियो । सन् १९८० को दशकमा अर्को महाशक्ति राष्ट्र सोभियत संघलाई पराजित गर्न अफगानिस्तान भित्र र बाहिर, कोन्ट्रा प्रतिक्रान्तिकारीहरुलाई जस्तै, मुजाहिद्दीन विद्रोहीहरुलाई संगठित गर्ने, उनीहरुलाई हतियार, सैन्य प्रशिक्षण र युद्धसम्बन्धी निर्देशन दिने कार्यमा पावेलको सक्रियता उल्लेखनीय थियो । ओसामा बिन लादेनजस्ता हजारौं हजार आतंकवादीहरुलाई 'क्रान्तिकारी र धार्मिक योद्धा' भन्ने र तिनीहरुलाई पाल्ने–पोस्ने जर्ज एच. बुशकालीन अमेरिकी प्रशासनका एक प्रमुख हर्ताकर्ता थिए– कोलिन पावेल ।

कोलिन पावेल अमेरिकी सेनाका 'ज्वाइन्ट चीफ अफ स्टाफ'का चेयरम्यान हुँदा सन् १९८९ को डिसेम्बरमा अमेरिकाले सानो छिमेकी देश पानामामाथि सैनिक हस्तक्षेप गरेको थियो । निश्चित रुपमा पानामाका राष्ट्रपति जनरल नोरिएगा पहिले अमेरिकाभक्त तानाशाह नै थिए । पछि उनी आफ्नो लागि काम नलाग्ने र असजिलो पार्ने खालका शासकका रुपमा देखापरेपछि उनलाई सैनिक हस्तक्षेपद्वारा सत्ताच्युत् गरियो र अमेरिकामा ल्याएर लागूपदार्थको तस्करीको आरोपमा बन्दी बनाइयो । डिसेम्बर १९८९ मा पानामामाथि आक्रमण गर्ने क्रममा कोलिन पावेलका सैनिकहरुले बम वर्षा गरी सयौं पानामाबासीहरुको हत्या गरेका थिए ।

अमेरिकामा अध्यापनरत प्रो. विजयप्रसादका अनुसार, पानामामाथि गरिएको सैनिक आक्रमण मूलतः कोलिन पावेलको सैनिक–सिद्धान्तअनुरुप गरिएको थियो । सो आक्रमणको सन्दर्भमा जनरल पावेलले लेखेका थिए– 'शत्रुहरुविरुद्ध सम्पूर्ण शक्ति प्रयोग गर, आफ्ना गल्ती र कमजोरीहरु जतिसुकै ठूला र भयावह भए पनि क्षमा नमाग ।'

जनरल कोलिन पावेलले यही सैन्य–सिद्धान्त सन् १९९०–९१ मा इराकविरुद्ध गरिएको खाडी युद्धताका पनि लागु गरेका थिए । अमेरिकी र सम्पूर्ण बहुराष्ट्रिय सेनाको कमान सम्हालेका जनरल पावेलले त्यसबेला इराकविरुद्ध नरसंहारकारी बम वर्षा गर्न लगाए । ४० दिनसम्म दिनरात गरिएको बम वर्षाबाट कति हजार इराकीहरु कीरा–फट्यांग्राझैं मारिए, त्यसको प्रभावबाट अहिलेसम्म कति मानिसहरु मारिंदै छन्, त्यसको लेखाजोखा गर्न गाह्रो छ । इराकमा विध्वंश लीला मच्चाउने क्रममा इराकीहरुलाई जिउँदै चिहानमा गाड्ने र सम्पूर्ण इराकी अस्पतालहरु नष्ट गर्ने अमेरिकी सरकार र सैनिकहरुले अमानवीयताको पराकाष्ठा नाघ्ने गरी बर्बर आक्रमण गरेका थिए, जसको परिणामस्वरुप मर्ने बच्चाहरुको संख्यामात्रै दश लाख थियो ।

कुवेतमाथि आक्रमण गरेको र आणविक हतियारहरुको जाँच गर्न नदिएको आरोपमा कोलिन पावेलको नेतृत्वमा रहेको अमेरिकी सेनाले अरब देशको सम्पूर्ण तेल भण्डारमाथि आफ्ले कब्जा जमाउने नियतले गरेको खाडी युद्ध यथार्थमा अहिलेसम्म समाप्त भएको छैन । विगत १० वर्षदेखि इराकमाथि लगाइएको आर्थिक नाकाबन्दीको कारणले वर्षेनी एक लाखभन्दा बेसी रोगी र बच्चाहरुको ज्यान लिने कार्यमा अमेरिकाले थोपरेको खाडी युद्ध र आर्थिक नाकाबन्दी अहिले पनि सफल भइरहेको छ । कोलिन पावेल र उनको पछाडि रहेको अमेरिकी सरकार र तेल एवं हतियारसम्बन्धी उद्योगपति र व्यापारीहरु यस अपराधका लागि जिम्मेवार छन् भन्दा अत्युक्ति नहोला ।

खाडी युद्धपछि प्रत्यक्ष रुपमा पार्टी राजनीतिमा होमिएका जनरल कोलिन पावेल जुनियर जर्ज बुश राष्ट्रपति हुनासाथ विदेशमन्त्री पदमा नियुक्त भएका थिए । अहिले सिंगो अमेरिकी सरकार 'युद्ध–सरकार'को रुपमा र सबै मन्त्रालयहरु 'रक्षा मन्त्रालय'जस्तै चलिरहेको स्थितिमा जनरल कोलिन पावेलको उपयोगिता र महत्ता निकै बढेको छ । ११ सेप्टेम्बरमा अमेरिकामाथि भएको आक्रमणको बदला लिने धूनमा सम्पूर्ण अन्तर्राष्ट्रिय नीति, नियम, मानवीयता र नैतिकतालाई सैनिक बूँटले कुल्चेर अमेरिकी सरकारले 'आतंकवादविरोधी विश्वव्यापी युद्ध' चलाइरहको स्थितिमा एकजना सिपाही विदेशमन्त्रीका रुपमा क्रियाशील छन् । यस युद्धको पहिलो शिकार भएको अफगानिस्तानमा आफैंले जन्माएका–हुर्काएका ओसामा बिन लादेन र तालिबानहरुलाई पराजित गरेपछि अमेरिकाले इराक, सोमालिया वा उत्तर कोरियामाथिको आक्रमणमा 'आतंकवादविरोधी मसीहा'का रुपमा चर्चामा ल्याइएका कोलिन पावेलको क्रियाशीलता र महत्ता झन् झन् बढ्ने छ, जुन नेपाल र सिंगो विश्वका सम्पूर्ण न्यायप्रेमी जनताका लागि भने अत्यन्त घातक हुने निश्चित छ । ❑


प्रजातन्त्र दिवसको उपलक्ष्यमा
नगरवासी तथा सम्पूर्ण देशवासीहरूमा
**हार्दिक मंगलमय**
**शुभ-कामना**
व्यक्त गर्दछौं ।
**डोरमणि पौडेल**
नगर प्रमुख तथा
**हेटौंडा नगरपालिका परिवार**

प्रजातन्त्र दिवसको उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा
**हार्दिक मंगलमय शुभ-कामना**
व्यक्त गर्दछौं ।
**औद्योगिक क्षेत्र व्यवस्थापन लि.**
बालाजु औद्योगिक क्षेत्र

प्रजातन्त्र दिवसको उपलक्ष्यमा
नगरवासी तथा सम्पूर्ण देशवासीहरूमा
**हार्दिक मंगलमय**
**शुभ-कामना**
व्यक्त गर्दछौं ।
**ऋषिराम शर्मा**
नगर प्रमुख तथा
**बाग्लुङ नगरपालिका परिवार**

◄ घटना र प्रवृत्ति

# अमेरिकाको अन्त्यहीन युद्धको रहस्य



११ सेप्टेम्बरमा अमेरिकाका आर्थिक र सैनिक शक्ति केन्द्रहरूमाथि दुस्साहसवादी आक्रमण भएपछि अमेरिकाले आफ्नो साम्राज्यवादी मनसुवा पूरा गर्नका लागि नयाँ निहुँ र आकर्षक नारा पाएको छ । त्यो हो- आतंकवादविरोधी विश्वव्यापी युद्ध !

त्यही निहुँ र नाराअन्तर्गत अमेरिकाले अफगानिस्तानमा बर्बर आक्रमण गरी तालिवान सरकारलाई वर्खास्त गरिसकेको छ । र, त्यहाँ आफ्नो कठपुतली अन्तरिम सरकार स्थापित गरिसकेको छ । ११ सेप्टेम्बरको आक्रमणका प्रमुख अभियुक्त घोषित अमेरिकी मानसपुत्र- ओसामा बिन लादेनलाई जीवित या मृत गिरफ्तार गर्ने र उनको अल-कायदा नेटवर्कलाई ध्वस्त गर्ने नाममा उसले आफ्ना शत्रु राष्ट्रहरूमाथि गिद्दे दृष्टि लगाउन थालेको छ । फिलिपिन्समा अल-कायदा नेटवर्कसँग सम्बन्धित भनिएका अबु शयाफ मुसलमान विद्रोहीहरूलाई निमिट्यान्न पार्ने निहुँमा उसले आफ्ना सैनिकहरू उतारिसकेको छ ।

यी सफलताहरूबाट अति उत्साहित भएका अमेरिकी राष्ट्रपति जर्ज बुशले सन् २००१ को अन्त्यतिर क्रिसमसको बिदा मनाउन जाने क्रममा दृढतापूर्वक घोषणा गरेका थिए- 'आउँदो साल युद्ध-वर्ष हुनेछ !'

सन् २००२ साललाई युद्ध-वर्षका रूपमा अग्रिम घोषणा गर्ने जर्ज बुशले स्पष्ट रूपमा चाहेको र गरिरहेको भनेको, निःसन्देह एउटा अन्त्यहीन युद्ध हो । ११ सेप्टेम्बरको दुस्साहसिक आक्रमणपछि अमेरिकाले अफगानिस्तानबाट थालेको यो अन्तहीन युद्ध फिलिपिन्सदेखि प्यालेस्टाइनसम्म, इरान, इराक, यमन, सुडान, सोमालियादेखि उत्तरकोरिया र नेपालसम्म पनि विस्तारित हुनसक्ने संकेत बुश-प्रशासनले दिइसकेको छ । 'आतंकवादविरोधी आफ्नो युद्ध अफगानिस्तानभन्दा धेरै धेरै परसम्म फैलाउने' घोषणासहित जर्ज बुशले भनेका छन्- 'सन् २००२ मा अल-कायदाका मानिसहरूको खोजीमा सबै संभावित ठाउँ र राष्ट्रहरूमा गइनेछ, अरू देशका सरकारहरूले पनि आ-आफ्नो देशमा आतंकवादसँग मुकाविला गर्न सैन्य सहायता मागेमा त्यसका लागि पनि अमेरिका तम्तयार छ ।'


यही तम्तयारीकै क्रममा आतंकवादविरोधी विश्वव्यापी युद्धको नाटकलाई अब कुनै पनि क्षण इराक, इरान वा उत्तरकोरियाजस्ता अमेरिकाका शत्रुहरूसम्म विस्तार गरिने पक्कापक्की भएको छ । युद्धउन्मादले ग्रस्त जर्ज बुशले माघ महिनाको आधाआधीतिर अमेरिकी कंग्रेस (संसद)को साझा अधिवेशनलाई सम्बोधन गर्ने क्रममा इराक, इरान र उत्तर कोरियालाई 'दुष्टहरूको मण्डली' (Axis of Evil) संज्ञा दिँदै उनीहरूमाथि विध्वंशक हतियारहरूको निर्माणमा लागेको आरोप लगाएका छन् । पहिलेदेखि नै ती राष्ट्रहरूलाई शैतानहरूको राज्य (rogue states) भन्दै आएको अमेरिकाले आतंकवादविरोधी विश्वव्यापी युद्धको नाटक मञ्चन सन्दर्भमा युद्ध-वर्ष घोषित सन् २००२ को प्रथम शिकार तिनै स्वतन्त्र मुलुकहरूलाई नै बनाउने छाँटकाँट देखाउन थालेको छ ।

ती मुलुकहरूले आफ्ना शर्त र आदेशहरू नमानेमा कुनै पनि बेला त्यसको गम्भीर दुष्परिणाम भोग्न तयार हुनुपर्ने चेतावनी दिँदै अमेरिकाले साँच्चै नै अन्त्यहीन युद्ध थालिसकेको छ । अहिले लोकप्रिय भइरहेको 'आतंकवाद'जस्तो सवाललाई 'विध्वंशक हतियारहरूको निर्माण गर्ने' प्रश्नसँग जोडेर उसले तयार गरेको विश्वव्यापी आक्रामक योजनालाई तेस्रो विश्वयुद्धको पूर्वाभ्यासको रूपमा विश्लेषकहरूले लिइरहेका छन् । अमेरिकाको यो पछिल्लो अन्त्यहीन युद्धको रणनीति तयार गर्ने वाशिङ्गटनका एक अधिकारीले भनेका छन्- 'यो रणनीतिक योजना दोस्रो विश्वयुद्धपछिको अमेरिकाको सबैभन्दा विस्तृत र विशाल युद्ध-योजना (America's most extensive war plan) हो ।'


केन्द्रीय कमाण्डलगायत ६ वटा एकीकृत अमेरिकी सैनिक कमाण्डहरूका प्रमुख रणनीतिकार 'बाजहरू'ले तयार गरेको उक्त युद्ध-योजनाभित्र अफगानिस्तानका पूर्व, पश्चिम, उत्तर र दक्षिणमा रहेका मुलुकहरूदेखि लिएर मध्यपूर्व, दक्षिण एशिया र पूर्वीएशियाका राष्ट्रहरूको भविष्यबारे छिनाफानो गर्ने रणनीति समावेश गरिएको छ । सीआईए र विदेश विभागका रणनीतिज्ञहरूको समेत सहभागितामा बनाइएको यो युद्ध-योजनाकै प्रचारात्मक खाका राष्ट्रपति जर्ज बुशले 'स्टेट अफ द यूनियन एड्रेस'मा व्यक्त गरेका हुन् । उक्त सम्बोधनमा आतंकवादीहरू र आतंकवादी राष्ट्रहरूलाई पराजित गर्ने तथा अमेरिका र अमेरिकाका मित्रहरूको स्वार्थमाथि रसायनिक, जैविक र आणविक हतियारसहित चुनौती दिइरहेका शासनव्यवस्था र शासकहरूलाई तह लगाउने कुराको खुलेआम घोषणा गरिएको छ ।



इराकी राष्ट्रपति सद्दाम हुसेन



इरानी राष्ट्रपति आयातुल्लाह अली खामेनी




उत्तर कोरियाका नेता किम जोङ इल



# 'सन् २००२ युद्ध-वर्ष हुनेछ'

## जर्ज बुश





*बुशले युद्ध-वर्षको रूपमा परिभाषित सन् २००२ का लागि ३४३ अर्ब डलरको नयाँ सैनिक बजेट प्रस्तुत गरेका छन्, सैनिक बजेटको यो राशि भनेको अमेरिकाद्वारा शैतानहरूको मुलुकका रूपमा प्रचारित ८ वटा मुलुकहरूको समग्र खर्चभन्दा २३ गुना बेसी रकम हो ।*

त्यस युद्ध-योजनाको कार्यनीतिको प्राथमिकता निर्धारण गर्ने क्रममा अमेरिकाले सर्वप्रथम अफगानिस्तानभित्र अल-कायदा नेटवर्कलाई नष्ट गर्ने र त्यसपछि अल-कायदाका मानिसहरूलाई शरण दिइरहेका देशहरूका रूपमा अमेरिकाद्वारा प्रचारित मुलुकहरू सोमालिया, सुडान वा यमनमाथि संभवतः छिट्टै नै सैनिक कारवाही गर्ने योजना बनाइसकेको छ ।

अमेरिकी रक्षामन्त्रालय पेन्टागनका अधिकारीहरूलाई उद्धृत गर्दै टेलिग्राफ ग्रुप लिमिटेड लण्डनद्वारा प्रसारित समाचारमा भनिएको छ : प्रथम चरणको कामपछि अमेरिकाद्वारा इराकी राष्ट्रपति सद्दाम हुसेनको शासनलाई उखेल्न सैनिक कारवाही गरिनेछ । यसका लागि घनीभूत रूपमा सैनिक र जासूसी तयारी भइरहेको बताउँदै पेन्टागनका अधिकारीले भनेका छन्- 'सद्दामलाई अन्तिम अवसर दिइनेछ । त्यसबाट नभएमा यो अति जरूरी कामलाई हरहालतमा सफल पारिने छ, यसपटक कोही पनि निराश हुने छैनन् ।'

यसका लागि आवश्यक तम्तयारी गर्ने क्रममा सद्दाम हुसेनसँग निहुँ खोज्ने र कुवेत, टर्की, साउदी अरब र जोर्डनका शासकहरूलाई आफ्नो पक्षमा लिई उनलाई एक्ल्याउने नियतले अमेरिकी उपराष्ट्रपति डिक चेनी ब्रिटेन र अरब मुलुकहरूको भ्रमणमा छिट्टै नै निस्कँदै छन् । र, संयुक्त राष्ट्रसंघीय हतियार निरीक्षकहरूलाई देश-निकाला गरेको सवालमा इराकसँग, अल-कायदाका लडाकूहरूलाई आफ्नो भूमिमा शरण दिएको मामिलामा इरानसँग अनि आणविक हात-हतियार निर्माण र बेचबिखन गरेको सन्दर्भमा उत्तर कोरियासँग युद्धका लागि आवश्यक निहुँ खोज्ने कार्यमा सफलता प्राप्त गरिसकेपछि उसले कुनै पनि क्षण सैनिक आक्रमण गरेमा त्यो आश्चर्यको विषय हुनेछैन । किनकि यी सबै कामहरू मेरिकाका सैनिक रणनीतिज्ञहरूद्वारा लामो समयदेखि तयार गरिएको अन्त्यहीन युद्धका अंगहरू मात्रै हुन् ।

विदेशमन्त्री तथा पूर्व प्रधानसेनापति कोलिन पावेलले पनि संसदमा शासक वा शासन-व्यवस्था परिवर्तनको सपनालाई गम्भीर रूपले कार्यान्वियन गर्ने कुरा बताएका छन् ।

अफगानिस्तानमाथि बर्बर आक्रमणकै क्रममा बुश प्रशासनले सीआईएलाई लगभग दशगुना बेसी बजेट उपलब्ध गराएको थियो । त्यस्तै सीआईएमार्फत् विदेशी राजनीतिक नेता तथा सरकार प्रमुखहरूको हत्या गर्ने कुकर्ममाथि लागिरहेको कानूनी अड्चन पनि उसले हटाएको थियो ।

यहाँ प्रश्न उठ्छ- अफगानिस्तानबाट थालिएको अमेरिकाको अन्त्यहीन युद्धको क्रममा यसै साललाई किन युद्ध-वर्षको रूपमा घोषणा गरियो ? किन बुशद्वारा यतिखेर नै इराक, इरान र उत्तर कोरियालाई दुष्ट मण्डली घोषणा गरी सैनिक कारवाही गर्ने धम्की दिइँदैछ त ? यसको प्रत्युत्तरमा आक्रामक अमेरिकी रणनीतिका नीति-निर्धारक बाजहरूले आफ्नो युद्ध योजनालाई आतंकवादविरोधी सुन्दर आवरणले छोपछाप गर्न खोजिरहेका छन् । त्यसैले उनीहरूले सजिलै आफ्ना स्वार्थहरू प्रकट गर्दैनन् । तर जुनसुकै सन्दर्भमा पनि अमेरिकी स्वार्थ र अमेरिकी मित्र-मण्डलीहरूको हितको पक्षपोषण नगरीकन डेग नचल्ने रणनीतिकार र शासकहरूका अभिव्यक्तिभित्र लुकिरहेका गुह्य कुरा खोतल्दा एकाधिकारी अमेरिकी औद्योगिक र व्यापारिक कर्पोरेशनहरूका स्वार्थहरू छर्लङ्ग देखिन्छन् नै ।

यो अन्त्यहीन युद्धमा पनि अमेरिकी स्वार्थका रूपमा व्याख्या गरिने यस्ता पक्षहरू उजागर हुन थालेका छन् ।

अमेरिकी स्वार्थका रूपमा परिभाषित नगरिएको तथा सबैभन्दा महत्वपूर्ण स्वार्थ हो : अमेरिकाका दैत्य आकारका हतियार उद्योग र त्यससँग सम्बन्धित इलेक्ट्रोनिक सामानका उद्योगहरूको युद्धजन्य नाफाको स्वार्थ । ती उद्योगहरूले अन्त्यहीन युद्धको क्रममा आफूलाई चौतर्फी मन्दीबाट बचाई राखी आफ्ना साहूहरूको थैली भर्ने कार्यमा ठूलो सफलता प्राप्त गर्ने कुरामा कुनै सन्देह छैन । तत्कालमा पाइने यो फाइदालाई डलरमा हिसाब गर्दा कोही कोही त बेहोश नै हुन सक्छन् । जर्ज बुश र उनका जनरल, ठूलठूला बैंकका बैंकपति तथा हतियार र इलेक्ट्रोनिक्स उद्योगका मालिकहरू अचेल अन्त्यहीन युद्धबाट हुने अकूत सम्पत्तिको लेखाजोखा गरिरहेका छन् ।

जर्ज बुशले अन्त्यहीन युद्धको युद्ध-वर्षको रूपमा परिभाषित सन् २००२ का लागि ३४३ अर्ब डलरको नयाँ सैनिक बजेट प्रस्तुत गरेका छन्, जुन गत वर्षको तुलनामा ३२ अर्ब डलर बेसी हो । सैनिक बजेटको यो राशि भनेको अमेरिकाद्वारा शैतानहरूको मुलुकका रूपमा प्रचारित ८ वटा मुलुकहरूको समग्र खर्चभन्दा २३ गुना बेसी रकम हो । अर्थात् यो रकम भनेको अमेरिकाद्वारा संसारका लागि खतरनाक, दुष्ट र आतंककारी राष्ट्र घोषित मुलुकहरू- इरान, इराक, उत्तर कोरिया, सुडान, सिरिया, क्यूबा, लिबिया र सोमालियाको सकल खर्चभन्दा कता हो कता बेसी हो । जनताबाट करको रूपमा उठाइने यो रकम अब अन्त्यहीन युद्धका लागि हतियार उत्पादन गर्ने अमेरिकी बहुराष्ट्रिय एकाधिकारी कम्पनीहरू लकहीड मार्टिन, रेथियोन, नर्थ्रोपगुम्मान, जनरल इलेक्ट्रिक र अन्य कर्पोरेशनहरूको खातामा जानेछ । त्यसैले अफगानिस्तानमा अमेरिकी आक्रमण हुनासाथ ती सबै कर्पोरेशनहरूका शेयरहरूका मूल्यमा २० देखि ३० प्रतिशतसम्म वृद्धि भएको हो । अत्यन्त नराम्ररी मन्दी ग्रस्त भइरहेका अमेरिकी उद्योग-व्यापार र सिंगो अर्थतन्त्रका लागि अक्सिजन भर्ने कार्यको रूपमा यो अन्त्यहीन युद्धको नीति र योजनालाई क्रियाशील पारिएको छ । अफगानिस्तान वा इराकमा जति जति बेसी मिसाइल, बम र गोलीहरू प्रहार गरिन्छन्, त्यति बेसी मात्रामा ती सैनिक- उद्योग कर्पोरेशनका मालिकहरूको ढुकुटी भरिँदै जाने हुनाले अन्त्यहीन युद्धको रणनीति बनाउन, त्यसबाट हुने नाफा आ-आफ्ना ढुकुटीहरूमा भर्न र युद्धको लागि मनोवैज्ञानिक युद्ध थाल्न त्यस्ता कर्पोरेशनहरूले करोडौं डलर रकम देशका रणनीतिकार, शासक-प्रशासक र मिडियामा खर्च गरेका छन् । *(हेर्नुहोस्, वर्ल्ड पोलिसी इन्स्टिच्यूटका फ्रिदा बेरिंगान र उनका सहयोगीहरूको रिपोर्ट)*

त्यसैले अमेरिकाका विख्यात भाषाशास्त्री तथा विचारक नोम चोम्स्कीले आफ्ना मुलुकका युद्धसरदारजस्ता शासकहरूले मच्चाएको युद्ध विभीषिकाको भयानक इतिहास पल्टाउँदै भन्नुभएको छ- अमेरिका सबैभन्दा ठूलो शैतान-राष्ट्र हो । यहाँका शासकहरूले सबैभन्दा बेसी आतंक, हत्या, हिंसा र युद्ध मच्चाएका छन् ।

र, आज संसारको सबैभन्दा दुष्ट सबैभन्दा बेसी आतंकवादी, हत्या, हिंसा र आतंकको सबैभन्दा ठूलो स्रोतको रूपमा कुख्यात अमेरिकाकै शासकहरू 'जो चोर, उसकै ठूलो स्वर'मा साना, स्वतन्त्र मुलुक र न्यायप्रेमी जनताविरूद्ध अन्त्यहीन युद्ध चलाइरहेका छन्, आतंकवादलाई प्रोत्साहित गर्ने र विध्वंशकारी हतियार निर्माण गर्नेहरूविरूद्ध चलाइरहेको युद्धको सुन्दर नकाब लगाएर !

❑ राजेन्द्र महर्जन

# सहयोग त ठूलै आउने भयो, चुहिएर सकिने त होइन ?

– राजकुमार के. सी.

**यसपटक** नेपालमै आयोजना भएको नेपाल बिकास मंच-२००२ को बैठक हालसालै राजधानी काठमाण्डौ र पोखरामा सम्पन्न भयो । 'नेपाल विकास मंच-२००२' लेखिएको ठूलो पोष्टरको एक कुनामा गरीबीले टाक्सिएको एक नेपाली परिवारको तस्वीरले विदेशी दातृसंस्थाका प्रतिनिधिहरुको मन कतिको पगाल्यो, त्यो आफ्नै ठाउँमा छ । तर त्यस्ता आम नेपाली जनताको नाउँमा आएको अरबौं विदेशी सहायताको सही उपयोग नहुनु, गरीबी झन् बढ्दै जानु, भ्रष्टाचारको जालो झन् फैलिनु आदि कारणले गर्दा यसभन्दा अगाडिका बैठकहरुमा भन्दा यसपटक नेपालका पदाधिकारीहरुलाई दातृराष्ट्रका प्रतिनिधिहरुबीच प्रस्तुत हुन निक्कै अप्ठ्यारो पर्‍यो । अघिल्ला बैठकहरुमा जस्तो ती दातृ समुदायहरुलाई ढाँट्नै नमिल्ने भयो । अनि भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन कायम गर्नेजस्ता झूठा प्रतिबद्धता जाहेर गरेर फेरि उही नेपाली जनताको नाउँमा बार्षिक पचास करोड अमेरिकी डलर (करिब ३८ अरब रुपियाँ) ५ वर्षका लागि ऋण सहयोगस्वरुप हात लगाउने काम भयो ।

आर्थिक पछौटेपनको दोष माओवादी आतंकवादलाई दिँदै आए पनि दातृसंस्थाका प्रतिनिधिहरुले माओवादी आतंकको मूल समस्या भनेको भ्रष्टाचार, आर्थिक असमानता हो भनेर औंलो ठड्याएपछि नेपालका प्रतिनिधि भनौदाहरुले विदेशीहरुको यो दाबीलाई मुन्टो निहुराएर भएपनि स्वीकार गर्नैपर्ने भयो । र, स्वीकार गरियो पनि । विकास मंचको बैठकमा सरकारले भन्यो कि, 'देशमा भ्रष्टाचार छ, जसलाई हटाउन हामी प्रतिबद्ध छौं । सरकार प्रतिबद्ध छ ।' नेपाल विकास मंच, जसलाई पहिले नेपाल एड ग्रूप वा पेरिस ग्रुप भनेर चिनिन्थ्यो, गठन भएको तीन दशकपछि पहिलोपल्ट नेपालमै आयोजना भएको यो बैठकले दातृराष्ट्रलाई नेपालको वस्तुस्थिति अझ नजिकबाट बुझ्न सघाउ पुर्‍यायो । प्रत्येक २/२ वर्षमा हुने बिकास मंचको बैठक यसभन्दा पहिले फ्रान्सको राजधानी पेरिसमा हुने गर्दथ्यो । पेरिसमा भएको सन् २००० को बैठकमा नेपालले गरीबी निवारण, भ्रष्टाचार नियन्त्रण र आर्थिक उन्नतिको गतिलाई अगाडि बढाउन चालिनुपर्ने कदमप्रति प्रतिबद्धता जाहेर गरेको थियो । फलस्वरुप दातृसमुदायले पनि यो प्रतिबद्धतालाई सकारात्मक रुपमा लिएको थियो ।




सन्दर्भ :नेपाल विकास मंचको बैठक

यस अवधिमा दातृराष्ट्रहरुबाट द्विपक्षीय र बहुपक्षीय ऋण तथा सहयोगहरु उल्लेखनीय रुपमा प्राप्त भयो । तर गरीबीको मात्रा जहींको त्यहीं रह्यो । हाल नवौं योजनाको अन्त्यसम्ममा गरीबीको मात्रा ४२ प्रतिशतबाट घटेर ३८ प्रतिशतमा झरेको बतासे दाबी सरकारले गरेपनि वास्तविक रुपमा गरीबी घटाउन सकेको देखिँदैन । यस अवधिमा झन् गरीबी बढेको देखिएको छ । यू.एन.डी.पी.का अनुसार, यो ५१ प्रतिशत पुगेको छ । अर्कोतिर, बिषम आर्थिक असमानता, पारदर्शिताको अभाव बढ्दो कुशासनको चक्रबाट उत्पत्ति भएको माओवादी समस्या (?)ले नेपालको विकास क्रमलाई अझ पछाडि धकेलेको छ ।

यस पटकको बैठकमा नेपालको विकास प्रयासमा सहयोगी दातृ समुदायहरुले श्री ५ को सरकारले अवलम्बन गरेको दोस्रो चरणको (SECOND GENERATION REFORM) सुधार कार्यक्रमका नीति तथा कार्यक्रमहरु राम्रा भएपनि तिनीहरुको कार्यान्वयनको गति शिथिल रहेको दावा गरे । गत दुई वर्षयता थुप्रै सुधारका कामहरु भएको दावी गरिएतापनि बैठकको क्रममा दातृराष्ट्रका प्रतिनिधिहरुले नेपालको विकास प्रक्रियामा सुधारका लागि ग्रामीण क्षेत्रका जनतालाई विकासको मूल प्रवाहमा ल्याउन सक्ने गरी सामाजिक विकासका कार्यक्रमहरु संचालन गर्नुपर्ने, भ्रष्टाचार नियन्त्रणका लागि विशेष कदम चालिनुपर्ने, सुशासन र विकेन्द्रीकरण प्रक्रियालाई कार्यान्वयन गरिनुपर्ने जस्ता कुराहरु औंल्याएका थिए । बैठककै क्रममा नेपालका प्रतिनिधि तथा अर्थमन्त्री डा. रामशरण महतले विगत १० वर्षको अवधिमा स्थायी विकासका धेरै कामहरु भएका र हाल देशमा माओवादी आतंक नियन्त्रण गर्न मुलुकमा सुरक्षा खर्चमा बृद्धि गर्नु परेका कारण नेपालको विकास प्रयासमा दातृसमुदायको 'थप सहयोग'को आवश्यकता रहेको कुरा उल्लेख गरिएको थियो ।

**विगतमा जस्तै कामको सट्टा केवल गोष्ठी, सभा र कार्यक्रमका नाउँमा खर्च हुँदैनन् भन्ने के ग्यारेन्टी ?**

गत सन् २००० को पेरिस बैठकमा नेपालले गरेको विभिन्न प्रतिबद्धतामध्ये आर्थिक क्षेत्रको सुधार तथा आन्तरिक श्रोत परिचालनका लागि कर प्रशासनमा गरिएका सुधारहरु, निजीकरणका प्रयासहरु तथा अन्य वित्तीय सुधारका कार्यक्रम उल्लेखनीय रहेको बताइयो । तर दातृसमुदायका प्रतिनिधिहरुले समस्याको मूल जड नै नेतृत्व वर्गमा विकासप्रति प्रतिबद्धताको कमी रहेको कुरा टड्कारो रुपमा औंल्याएका थिए । यदि विकासको गतिलाई अगाडि बढाउने हो भने, जनतालाई विकास कार्यमा प्रत्यक्ष रुपमा सहभागी नबनाइकन अगाडि बढ्न नसक्ने कुरा दातृपक्षबाट बारम्बार उल्लेख गरिएको थियो । बिकास मंचको बैठकलाई बढी प्रभावकारी बनाउन गत महिना राजधानीमा विभिन्न क्षेत्रहरु जस्तै : बैदेशिक सहायता नीति, वित्तीय क्षेत्र सुधार कार्यक्रम, विकेन्द्रीकरण, स्थानीय स्वायत्त शासन, ग्रामीण विकास, जलविद्युत, स्वास्थ्य र शिक्षामा देशका विज्ञ तथा वैदेशिक कूटनैतिक नियोगका प्रतिनिधिहरुलाई समावेश गरेर विकास मंचको पूर्वतयारी बैठक गरिएको थियो, जसमा कुन कुन क्षेत्रमा कसरी अगाडि बढ्ने, कस्तो नीति अवलम्बन गर्नेजस्ता यावत् कुराहरुबारे विस्तृत रुपमा छलफल गरिएको थियो । तयारी बैठकमा छलफल भएका कुरालाई आधार बनाएर विश्वबैंकले नेपालको तर्फबाट आधारपत्र तयार पारेको थियो । विकास मंचको बैठकमा नेपालको तर्फबाट दशौं योजना तथा गरीबी निवारण कार्यक्रम र मध्यावधि खर्च व्यवस्थापन रुपरेखा प्रस्तुत गरिएका थिए । र, पाँच मुख्य क्षेत्रहरु जस्तै (वैदेशिक सहायता नीति, विकेन्द्रीकरणलगायत) नीतिमा बहस गरिएको थियो । यसबाहेक श्री ५ को सरकारले तयार पारेको दशौं योजना तथा गरीबी निवारण रणनीतिका लागि दातृराष्ट्र तथा संस्थाहरुले सहयोग गर्ने वचन दिए पनि– कार्यान्वयन पक्षलाई हेरेर 'शर्तसहितको समर्थन' गर्ने भएका छन् ।

आगामी आर्थिक वर्षदेखि नेपालको दशौं योजना कार्यान्वयको चरणमा रहेको अवस्थामा, त्यसको तयारीका लागि सरकारले तयार पारेको आधारपत्र तथा गरीबी निवारण रणनीति एवं मध्यावधिको खर्च व्यवस्थापनका लागि

सरकारले तयार पारेको दस्तावेजमा दातृसमुदायले सहयोग गर्ने भएका छन् । यसपटकको नेपाल विकास मंचको बैठकमा दातृसमुदायले नेपालको विकासप्रति निक्कै चासो राखेको कुरा नेपालले अपेक्षा गरेभन्दा पनि बढी ऋण सहयोग प्राप्त भएबाट पनि पुष्टि हुन्छ । गरीबी निवारणका लागि बार्षिक ५० करोड डलर ऋण सहयोग प्राप्त हुने वचनबद्धता दातृसमुदायले प्रकट गरेपनि नेपालले उक्त ऋण सहयोग कसरी सदुपयोग गर्छ, त्यो सरकारमा रहेका नेतृत्ववर्ग र प्रशासनयन्त्रमा भरपर्ने कुरा हो । यदि ५ वर्षसम्म प्राप्त हुने भनिएको ऋण सहयोगको रकम विगतमा जस्तै भ्रष्टाचार, अपारदर्शिता र कुशासनको चक्रमा फसेर सकिने हो भने, गरीबी निवारणको सट्टा चर्को विदेशी ऋणको कारणले राष्ट्रको गरीबीकरण र आर्थिक विषमता झनै बढ्ने छ । परिणामतः कागजी रुपमा गरीबी घटे पनि वास्तविक रुपमा आम-नेपाली जनता झन् झन् गरीबीको दलदलमा फस्ने निश्चित प्रायः छ ।

दातृसमुदायको सहयोग यदि सही ढंगबाट सदुपयोग नभएमा गरीबी निवारणका लागि सहायता दिने नेपालप्रति वितृष्णा पैदा हुनेछ र उच्च विदेशी ऋणले गर्दा नेपाल झन् झन् गरीबीको चक्करमा फस्ने छ । यहाँनेर उठ्ने प्रश्न के हो भने, अब नेपालले दातृसमुदायबाट प्राप्त भएका ऋण सहयोगलाई कसरी उपयोग गर्छ ?

पहिलो कुरा त यो नीतिगत आधारमा दिइने (Policy tied Aid)



*विश्व बैंककी दक्षिण एशिया क्षेत्रकी उपाध्यक्ष मेइक निशिमिज्*

ऋण सहयोग हो- जसले नेपालको नीतिगत कुरामा प्रत्यक्ष सरोकार राख्दछ । दोस्रो, गरीबी निवारणका लागि प्राप्त हुने यत्रो ठूलो धनराशि अब कुन रुपमा गरीब जनतासमक्ष पुग्ने हो ? गरीब जनताका आर्थिक उन्नति हुने खालका कार्यक्रमहरु के के लागु हुन्छन् र सरकारले मितव्ययिता अपनाउन के के कदम चाल्ने हो ? विगतमा जस्तै कामको सट्टा केवल गोष्ठी, सभा र कार्यक्रमका नाउँमा खर्च हुँदैनन् भन्ने के ग्यारेन्टी ? नेपाली जनताप्रति दातृसमुदायको सद्भावना अझै पनि प्रगाढ छ । तर यहाँका शासकवर्गबाट गरीब जनताको नाउँमा आएको ऋण सहयोग यताउति गर्दै आफ्नै खल्ति भर्ने काम भयो भने के होला ?

नेपाल विकास मंचको बैठक सकिएपछि यस्तो लाग्छ कि अहिलेको सरकार र प्रशासनलाई वार्षिक ५० करोड डलर प्राप्त हुने भइहाल्यो । गरीबी निवारण जे सुकै होस्, अब कुन ठाउँबाट कसरी फाइदा लिन सकिन्छ, कहाँ कसरी आफ्नो मान्छे राख्न पाइन्छ, कसरी दातृसमुदायलाई झुक्याउन पाइन्छ, यस्तो प्रकारको सोच शुरु भइसकेको छ । आखिर वार्षिक ५० करोड अमेरिकी डलर पनि नेपालीकै नाउँमा प्राप्त हुने ऋण हो । र, पहिलेजस्तै ३० देखि ४० प्रतिशत रकम जहाँबाट सहयोग आयो, त्यहीं परामर्शदाताको पारिश्रमिक, सुविधा वा अन्य खर्चको रुपमा यो फर्कियो भने यसले नेपाललाई तबाह पारेर छोड्ने त छैन ? यो त गरीबी निवारणका लागि नेपालीको थाप्लोमा बिसाइएको ऋण हो, जुन लामो समयसम्म भए पनि नेपालले चुक्ता गर्नैपर्छ । हालसम्म प्रत्येक नेपालीको टाउकामा रु. १०,०००/- (दश हजार) भन्दा बढीको ऋणको भार छ । यदि दातृसमुदायबाट प्राप्त हुने यस्ता रकम सही ढंगबाट उपयोग नहुने हो भने नेपालले एक त दातृसमुदायको विश्वास सदाको लागि गुमाउने छ, अर्को कुरा, नेपाल अन्ततः ऋणको जालो (debt trap) मा फस्ने छ । देश र देशबासीका लागि योभन्दा ठूलो दूर्भाग्य अर्को हुने छैन ।

नेपाल विकास मंच-२००२ को बैठककै क्रममा विश्व बैंककी दक्षिण एशिया क्षेत्रकी उपाध्यक्ष मेइक निशिमिजूले भन्नुभएजस्तै, 'सुशासनको अभावले देशको अर्थतन्त्र, वित्तीय व्यवस्था र कुनै समयका गौरवशाली संस्थाहरुलाई निष्प्रभावी बनाएको छ । अहिले नेपालले माओवादी समस्या र वित्तीय संकटजस्ता दुईटा चुनौतिहरु सामना गर्नु परिरहेको छ । नेपाल अहिले आफ्नो गन्तव्यको यस्तो दोसाँधमा उभिएको छ, यसलाई बनाउने वा बिगार्ने दुईटै कुरा यस मुलुकका जनताको हातमा रहेको छ ।'

-"नेपालमा एकातिर सम्वृद्धि र प्रतिभाका साथै निरक्षरता तथा घोर गरीबी पनि छ भने अर्कोतिर प्रचूर सुविधा सम्पन्न काठमाण्डौं पनि रहेको छ । १५ कि.मि. टाढामात्र हामी गयौं भने ठूलो भिन्नताबीच हामीले आफूमा पाउने छौं । यसभन्दा पनि पर गयौं भने काठमाण्डौं एउटा ग्रह हो भन्ने भान पर्दछ ।'

-"यहाँ धेरै मानिसहरु निरास छन्, सुशासनको अभावले जकडिएका छन् र तिनका उत्साहहरु शिथिल छन् । भ्रष्टाचार, अनियमितता र यथास्थितिप्रति कतिपय मानिसहरु मौन रहेका छन् भने अर्काथरिले हिंसात्मक बाटो अपनाएका छन् ।"

नेपाल विकास मंचको स्थापना नेपालको विकासमा सहयोग गर्ने विभिन्न दातृसमुदायको प्रयासबाट सन् १९६८ मा पेरिसमा भएको हो । यसमा हाल ३० भन्दा बढी राष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरु संलग्न छन् । फ्रान्स, बेलायत, विश्वबैंक, एसियाली विकास बैंक, नेदरल्याण्ड, डेनमार्क, स्वीडेन, अमेरिकालगायत अन्य मुलुकहरु यस मंचमा सहभागी छन् । ❑


प्रजातन्त्र दिवसको उपलक्ष्यमा
जिल्लावासी तथा सम्पूर्ण
देशवासीहरूमा
**हार्दिक मंगलमय**
**शुभ-कामना**
व्यक्त गर्दछौं ।

डम्बर ब. अर्याल — उप-सभापति
शरेश नेपाल — सभापति
तथा
**सिन्धुपाल्चोक जिल्ला विकास समिति**
परिवार

**सम्पर्क गर्नुहोस् !**


यस संस्थानले नेपाल अधिराज्यको विभिन्न जिल्लाहरूमा रहेका आफ्ना क्षेत्रीय, शाखा तथा डिपो कार्यालयहरूबाट सर्वसाधारण उपभोक्ताहरूलाई सुलभ तरिका र सुपथ मूल्यमा हाल तल उल्लेखित सामान उपलब्ध गराइरहेको छ । आफ्नो आवश्यकताको लागि सम्पर्क गरौं ।

- डि.ए.पि. मल ।
- हाते ट्याक्टर र यसका औजार ।
- बाइसाइकल तथा स्पेयर पार्टस् ।
- सब मिटर तथा अल्टर्नेटर ।
- Blending Mixing and Kneading मेशिन ।
- राइस हलर, पलिसर तथा विभिन्न मिल ।
- विभिन्न अश्वशक्तिको विद्युत मोटर ।
- घरायसी पानी तान्ने पम्प ।
- औद्योगिक तथा सिंचाइमा प्रयोग हुने पम्प ।
- चिनी तथा सिमेण्ट ।
- टेलिभिजन, फ्रिज
- एक्रेलिक ब्लाङकेट तथा लत्ताकपडा आदि ।

सम्पर्क :
**नेशनल ट्रेडिंग लिमिटेड**
*टेकु, फोन : २४४९६२, रामशाहपथ, फोन : २२८८२९*

| बिराटनगर, | वीरगंज, | भैरहवा, | नेपालगंज, | धनगढी, | बनेपा, | पोखरा |
|---|---|---|---|---|---|---|
| २२६३६, | २२२२५, | २०१७८, | २०२४२, | २११७८, | ६३९५५, | २८७९७ |

# भाजपाको युद्धउन्माद र धर्मउन्माद



चार वर्षको छोटो कार्यकालमा आफ्ना जन्मजात शत्रु-पाकिस्तानसँग कारगिल युद्धपछि फेरि एकपटक भ्रूण्डै-भ्रूण्डै भीषण युद्धको उद्घोष गर्नै लागेको भाजपा सरकार अचेल सर्वत्र युद्धरत छ । पाकिस्तानसँगको वाकयुद्ध, उत्तरप्रदेश लगायत चारवटा राज्यहरुको चुनावी युद्ध, अयोध्यामा मन्दिर निर्माण गर्ने सवालमा धार्मिक युद्ध, इतिहासलाई हिन्दूकरण गर्ने मामिलामा शीतयुद्ध र आतंकवादविरोधी युद्ध । यी सबै युद्धहरु लडिरहेको भाजपाको बाजपेयी मन्त्रिमण्डल स्वयं अहिले 'युद्ध मन्त्रीमण्डल' (वार क्याबिनेट)जस्तै परिचालित छ र सबै मन्त्रीहरुचाहिँ रक्षामन्त्री र सैनिक जनरलहरुजस्तै ।

वास्तवमा भाजपा र उसका सबै घटकहरु युद्धविना बाँच्न र क्रियाशील हुनै नसक्ने शक्तिका रुपमा देखिन थालेका छन् । जतिखेर पनि युद्धरत रहने ती शक्तिहरुले पाकिस्तानसँगको युद्धलाई बच्चाहरुको खेलजस्तै बनाइसकेको संकेत देखिएको छ । जब जब आफ्ना पार्टी र सरकारमा राजनीतिक संकट छाउँछ र चुनावको मौसम आउँछ, तब तब तिनीहरुले युद्धोन्माद फैलाउँछन् अनि घोषणा गर्छन्- 'देश संकटमा छ, त्यसको मोचन गर्ने अचुक तरिका हो- पाकिस्तानसँग युद्ध !'

पाकिस्तानसँगको तेस्रो युद्धको रुपमा लडिएको कारगिल युद्धको लगत्तै भ्रूण्डै भ्रूण्डै चौथो भारत-पाक युद्धको स्थिति आई नै सकेको थियो । भाजपा सरकार र हिन्दूवादी मिडियाले प्रचारयुद्धको क्रममा युद्धउन्माद फैलाइसकेका थिए । तर विश्वको महाशक्ति राष्ट्र अमेरिकाले युद्धका लागि 'हरियो बत्ती' नबालेको कारणले भाजपा सरकार नराम्ररी रन्थनियो । अमेरिकालाई यतिखेर अरब राष्ट्रहरुको तेल भण्डारमाथि एकाधिकार कायम राखीछाड्न र अफगानिस्तानमार्फत् मध्य एशियाका तेल र प्राकृतिक ग्याँसका अपार स्रोतहरुमाथि हात लामो पार्न पाकिस्तानको जरुरत छ । त्यस्तै प्राकृतिक र मानवीय स्रोत-साधनयुक्त भारतको विशालबजार पनि उसका लागि अति नै लोभलाग्दो छ । पाकिस्तान र भारतलाई युद्धको स्थितिमा राखिछाड्दा उसलाई आफ्ना प्रमुख प्रतिद्वन्दी चीनसँग टक्कर लिन धेरै गाह्रो हुन्छ । यस्तो स्थितिमा उसले भारत-पाक चौथो युद्धका लागि 'ग्रीन सिग्नल' दिने कुरै भएन ।

आफ्ना परमप्रिय प्रभु अमेरिकाको इजाजतविना पाकिस्तानसँग चौथो युद्ध लड्न नहुने भएकोले भाजपा र उसका घटकहरु निकै खिन्न भइरहेका छन् । युद्ध वा युद्धउन्मादद्वारा भाजपाले प्राप्त गर्न खोजेको भनेको देशको संकटको सही समाधान होइन, अस्थिर भएको सत्ताको कुर्सीको मजबूतीकरण हो । युद्ध र युद्धउन्मादद्वारा भारतीय जनतालाई अन्धराष्ट्रवादको पाठ पढाउन सकिने, अन्धराष्ट्रवादको पक्षमा पंक्तिवद्ध बनाउन सकिने र आफ्ना गल्ती-अपराधहरुलाई देशभक्तिको पर्दाले छोप्न सकिने कुरामा तिनीहरु विश्वस्त छन् । यसको ज्वलन्त उदाहरण हो- कारगिल युद्ध ।

यति लाभदायक हुनसक्ने पाकिस्तानसँगको चौथो युद्ध लड्न नपाएपछि आफ्नो सत्ताको कुर्सीको संकट भन्भन् बढ्ने निश्चित देखिएकोले तिनीहरुले नयाँ फर्मुला प्रयोग गर्न थालेका छन्, त्यो हो- युद्धउन्मादको सट्टा धर्मउन्माद ! युद्धउन्माद र धर्मउन्मादबाट आफ्नो राजनैतिक विजय सुनिश्चित गर्ने खालको आफ्नो पुरानो अचुक फर्मुला प्रयोग गर्न तिनीहरु खप्पीस छन् । कारगिल युद्ध र अयोध्यामा रामको मन्दिर निर्माणको विवाद चर्काएर आफ्नो पार्टीको लोकप्रियता र विजय सुनिश्चित गर्ने काममा पटक पटक सफलता पाइसकेका भाजपा र उसका घटकहरुलाई राम्ररी थाहा छ- अयोध्याका प्रत्येक ईँट र पत्थरबाट आफ्नो सत्ताको महल उँचो हुनसक्छ, पाकिस्तानसँगको युद्धका प्रत्येक गोली, बम र मिसाइलबाट लखनऊदेखि दिल्लीसम्म वर्षौं वर्षसम्म शासन चलाइराख्ने सपना साकार हुनसक्छ ।

कानपुरको एक सभामा अयोध्यामा राम मन्दिर निर्माणका लागि बनाइएको हिन्दूवादीहरुको श्रीराम जन्मभूमि न्यास र श्रीराम जन्मभूमि मन्दिर निर्माण समितिका अध्यक्ष रामचन्द्र दास परमहंसले खसोखास भनेका छन्- 'मन्दिर आन्दोलन नभएको भए न त बाजपेयी प्रधानमन्त्री बन्ने थिए, न आडवाणी गृहमन्त्री र न त राजनाथ मुख्यमन्त्री ।'

युद्धउन्माद र धर्मउन्मादद्वारा जति बेसी मात्रामा रगतको वर्षा हुन्छ, त्यति नै बेसी मात्रामा उन्नत चुनावी बाली काट्न पाइने कुरामा विश्वस्त भाजपा र उसका घटकहरुले अचेल उत्तर प्रदेशलगायत चार राज्यहरुमा भएको चुनावलाई ध्यानमा राखेर नै धर्मउन्माद फैलाइरहेका छन् । राष्ट्रिय स्वयंसेवक संघ (आर.एस.एस.) नामक कट्टर हिन्दूवादी संघ परिवारभित्र भाजपाकै हाराहारीको हैसियत बोकिरहेको अर्को घटक विश्व हिन्दू परिषद्ले धेरै समयअगाडि नै भनेको थियो- यदि भारत-पाक सिमानामा युद्ध चलाइयो भने ऊ अयोध्या प्रकरणलाई केही समयका लागि टार्न तयार छ । रा युद्ध शुरु नहुनासाथ उसले अयोध्याको प्रकरणमा उन्माद बढाउन 'चेतावनी यात्रा' गरेको छ । त्यस्तै श्रीराम जन्मभूमि न्यास र श्रीराम जन्मभूमि मन्दिर निर्माण समितिका अध्यक्ष रामचन्द्र दास परमहंस र विश्व हिन्दू परिषद्का कार्यकारी अध्यक्ष अशोक सिंघलले अयोध्यामा चैत्र २ गतेदेखि भत्काइएको बाबरी मस्जिदको ठाउँमा रामको मन्दिर बनाउन थाल्ने घोषणा गरिसकेका छन् । चेतावनी यात्राको थालनी र मन्दिर निर्माण गर्न थाल्ने दिनको घोषणाले उत्तर प्रदेशमा फेरि पनि भाजपाको सरकार बनेन भने जुनसुकै नयाँ सरकारलाई पनि समस्या नै समस्याको भुमरीमा फसाउने स्पष्ट उद्घोष गरिरहेको प्रतीत हुन्छ ।

आफ्ना अभिन्न सहयोगी संगठनहरुद्वारा शुरु गरिएको यो यात्रा र घोषणा उत्तरप्रदेशलगायत चार राज्यको चुनावी युद्धमा पराजित हुने डरको कारणले चिन्तित र भयभीत भाजपाको दूरगामी रणनीतिको एउटा महत्वपूर्ण कार्यको रुपमा शुरु भएको देखिन्छ । उत्तर प्रदेशजस्तो १६ करोड ६० लाख जनसंख्या भएको राज्यको ४०३ सदस्यीय विधान सभाको चुनाव हार्नु भनेको भाजपाका लागि पक्कै पनि निकै महँगो हार हुनेछ । उत्तरप्रदेशमा चुनावमा हार्दा त्यहाँको भाजपाको राज्य सरकारमात्रै ढल्दैन, दिल्लीको केन्द्रीय सरकार पनि टिकिरहन धेरै गाह्रो हुन्छ ।

६ डिसेम्बर, १९९२ मा उत्तर प्रदेशको अयोध्यास्थित मुसलमानहरुको बाबरी मस्जिद भत्काएर देशभरि साम्प्रदायिक दंगाको आगो लगाउने विश्व हिन्दू परिषद्, भाजपा र सिंगो राष्ट्रिय स्वयंसेवक संघ अचेल त्यही आगोको रापको भरमा उत्तरप्रदेशलगायत केन्द्रीय सरकारमै आसीन छन् । आफ्ना हरेक राजनैतिक संकटहरुको मोचनका लागि र चुनावी युद्धमा सुनिश्चित विजयका लागि भाजपाले कहिले आफ्ना सहयोगी संगठनहरुमार्फत् त कहिले सरकारमार्फत् युद्धउन्माद र धर्मउन्माद फैलाउनु उसको फासीवादी इतिहासमा कदापि नौलो होइन । भारतको फासीवादी शक्तिको रुपमा कुख्यात भाजपा सरकार र राष्ट्रिय स्वयंसेवक संघ परिवारले चलाउने युद्धउन्माद र धर्मउन्माद भनेको सशक्त जन-प्रतिरोध र प्रभावशाली आलोचनात्मक वैचारिक-सांस्कृतिक अभियानविना पराजित हुने संभावना छैन । □





छैठौं महाधिवेशनमा कटुताका कारण दायाँ बायाँ फर्केका यी अनुहारहरू अब सोझो हुने भए

# दश हण्डर खाएर एमाले-मालेबीच एकता भयो !

### सी.पी. मैनाली मालेकै निरन्तरताको पक्षमा

**अन्ततः** ४ वर्षअघि फुट भएर एमाले र मालेका रूपमा विभाजित पार्टी पुनः एक भएका छन् । गत फागुन ३ गते काठमाण्डौको राष्ट्रिय सभागृहमा आयोजित एक खचाखच र भरिभराउ सभामा यो एकताको औपचारिक घोषणा गरिंदा २०५४ साल फागुन २१ गते सोही सभागृहमा आयोजित नेकपा माले गठनको घोषणासभाको टड्कारो सम्झना गर्नेहरू धेरै थिए ।

यी दुई घोषणाहरू बीचको अवधिमा एमाले र माले पार्टीहरूले विविध अनुभवहरू हासिल गरे, दश हण्डर र ठक्करहरू खाए । तिनै हण्डर र ठक्करहरूले यिनीहरूलाई पुनः एक ठाउँमा ल्याएका हुन् । यी पार्टीहरू विभाजित हुँदा धेरै नै अराजनीतिक र आपसी द्वैशमा आधारित भए, तिनले सामान्य राजनीतिक व्यवहार पनि गरेनन् । यो अपसंस्कृति नेपाली जनतालाई प्रदर्शित गरेर 'बासी गुट' र 'सबैभन्दा ठूलो भ्रष्टाचारी वामदेव गौतम'जस्ता प्रचारहरू गर्न नथाक्ने एमालेभित्रका एकताविरोधीहरूले यतिखेर यो एकताको विपक्षमा ठूलै भूमिका खेल्ने कोशिस गरे पनि अन्ततः परिस्थितिले उनीहरूलाई एकता स्वीकार्न बाध्य पारेको छ । यसै गरी विना अधारभूत तयारी क्रान्तिकारी र भिन्न खालको पार्टी बनाउँछु भनी दावी गर्ने माले पक्षका कतिपय नेताहरू पनि यतिखेर पछुतो गर्न बाध्य भएका छन् ।

यसरी विभिन्न किसिमले लड्दैपड्दै नेकपा एमाले र सी.पि. मैनालीलगायत केही अन्य व्यक्तिहरूबाहेकको नेकपा मालेका बीच एकता सम्पन्न भएको छ । केन्द्रीय सदस्यहरू सी.पि. मैनाली, ऋषि कट्टेल, जीतबीर लामा र केन्द्र बाहिर रहेका लव प्रधान 'मित्र' लगायतका व्यक्तिहरूले यो एकतामा सामेल नभई पुनः नेकपा मालेलाई नै अघि बढाउने तयारी गरी फागुन ५ गतेको भेलाले पाँच सदस्सीय एक केन्द्रिय संयन्त्रको निर्माण गरेका छन् । ६ गते काठमाण्डौमा एक सभाका बीच सी.पि. मैनालीले सोको घोषणा गरेका छन् । फागुन ३ गते उनीहरूले 'नेकपा (माले) बचाऊँ अभियान'को नाममा एक अपील जारी गर्दै भनेका छन्- 'नेकपा (माले)को झण्डालाई उच्च उठाऊँ, जागौं, एमालेमा नपसौं र गल्तीहरूलाई सच्याउने साहस गरौं ।'

नेकपा एमाले र नेकपा मालेबीच एकताका निम्ति भएका सहमतिहरूमा छैठौ महाधिवेशनको सर्वोच्चता, निर्णय र कार्यदिशालाई मान्ने टुंगो भएको छ । तर पाँचौ महाधिवेशनबाट पारित जबजको कार्यनीति र कार्यक्रम मान्ने टुंगो पनि एकैसाथ भएको छ । यसको तालमेल कसरी हुने हो भन्नेबारे प्रष्टता देखिन्न । स्मरणीय छ, नेकपा एमालेको पाँचौ महाधिवेशन यसको छैठौं महाधिवेशनभन्दा ज्यादा आमूल परिवर्तनवादी रहेको पाइन्छ ।

अन्य सहमतिअनुसार, अब एमाले-मालेका पार्टी संगठन, जनसंगठन र फ्रयाक्सनहरू पुर्नगठित हुनेछन् र केन्द्रीय समितिमा नपरेका पूर्व माले केन्द्रीय सदस्यहरू स्वतः अब एमालेको राष्ट्रिय पार्षद हुनेछन् । महाकाली सन्धिमा फरक मत रहेको स्वीकार गरिएको र यसलाई जनवादी केन्द्रियताको आधारमा हल गर्ने टुंगो भएको छ । सामान्यतः जनवादी केन्द्रियताको अधारमा हल गर्ने भनेको भिन्न मत राख्ने हक रहने तर त्यसलाई अभिव्यक्त गर्नचाहिँ नपाइने स्थिति कायम हुने हुन्छ । नेकपा मालेका दस्तावेज र अन्य सम्पत्ति एमालेको सम्पत्तिको रूपमा रहने र विगतमा भएको विभाजनलाई दुःखद घटनाको रूपमा लिई समीक्षा गर्ने तर विगतको आधारमा कसैलाई आरोप प्रत्यारोप नगर्ने बाचा पनि दुवै पार्टीले गरेका छन् । एमालेका ३५ पूर्वसदस्य र आठ वैकल्पिक सदस्य भएको केन्द्रीय समितिमा मालेका १४ जना के.स.हरू थपिएका छन् ।

जेहोस्, मोटामोटी रूपमा उस्तै उस्तै मत राख्ने दुई वाम पार्टीहरू मिल्नु स्वागतयोग्य कुरा हो । विगतमा के कारणले फूट भएको थियो र त्यस्तो कारक प्रवृत्तिलाई अब पुनः कसरी दोहोरिन नदिने भन्नेबारे अबको एमाले चनाखो हुनु जरूरी छ । समग्र नेकपा एमाले पंक्तिभित्र विगतमा र अहिले पनि देखापरिरहेको दूरदृष्टिको अभाव र आलोचनात्मक चेतको कमीको समस्या पनि यसका सामु रहेको अर्को चुनौति हो । यो समस्याको हल नहुने हो भने, पार्टी पुनः फुट र भुत्तेपनको दिशातिर अघि बढ्ने खतरा जहिलेसुकै पनि रहनेछ ।

अब विगतका हण्डरहरूबाट पाठ सिक्नुको साटो पार्टी ठूलो भएकोमा 'अहंकार' प्रदर्शन गर्ने र अरूको कुरा नसुन्ने प्रवृत्ति एमाले पंक्तिभित्र बढ्नसक्ने संभावनाका बारेमा पनि यसका इमान्दार नेता-कार्यकर्ताहरू चनाखो हुनुपर्ने देखिन्छ । ❑

## प्वाँख भएको डाइनोसोर फेला पऱ्यो

चीनको लियाओलिङ प्रान्तमा टाउकोदेखि पुच्छरसम्मै प्वाँख भएको डायनासोरको पहिलो पूर्ण जीवावशेष हालै पत्ता लागेको छ । १३ करोड वर्ष पुरानो ठहर गरिएको सिनोरनिथोसौरस नाम दिइएको त्यो जीवावशेष पत्ता लाग्नुले चराहरूको पुर्खा डायनासोर थियो भन्ने सिद्धान्तलाई सही प्रमाणित गर्न ठूलो बल पुगेको छ ।

प्रसिद्ध बेलायती वैज्ञानिक पत्रिका ल्बतगचभ ले सन् २००१ को अप्रिल २६ को अंकमा यससम्बन्धी रिपोर्ट प्रकाशित गरेपछि वैज्ञानिक जगतमा हल्लीखल्ली मच्चिएको छ । ◉

## आवरणकथा त एउटै हुनुपर्ने होइन ?

मूल्यांकनको नियमित पाठक भएकोले यसका गल्ती र कमजोरीहरू औँल्याउनु पनि मेरो कर्तव्य हो । मूल्यांकन अंक ९४ को कभर पेजमा एउटा ट्यांकसहित सेनाको तस्वीर छापिएको रहेछ, र त्यहाँ लेखिएको छ : 'कसरी बढ्दैछ सेना अपरेशनमा ?' तर पत्रिकाभित्र त्यस विषयको एउटैमात्र आवरणकथा नभएर श्याम श्रेष्ठको लेखसहित चारवटा लेखहरू छन् । त्यो अंकको आवरणकथा सुधीर शर्माले मात्र लेखका छन् र त्यहाँ त्यस विषयका अरू लेख-रचनाहरू पनि छन् ।

मेरो धारणाअनुसार, आवरणकथा एउटैमात्र हुनुपर्दछ । यदि म गलत छु भने, कृपया क्षमा चाहन्छु । धन्यवादसहित मूल्यांकनको सम्मुन्नत भविष्यको लागि शुभकामना व्यक्त गर्दछु ।

*- रामबहादुर गुरुङ्*
*बेल्जियम*

## पाठकको जिज्ञासाको उत्तर खोइ ?

के 'मूल्यांकन'मा पाठकहरूद्वारा उठाइएको प्रश्नहरूको जवाफ, दिइएको सुझाव, जान्न चाहेका जिज्ञासाहरूलाई मात्र पत्रिकामा प्रकाशित गरी दिनु पर्याप्त हुन्छ ? त्यसलाई Response गर्नुपर्दैन ? यी कुराहरू मैले अघिल्लो अंकमा प्रकाशित मेरो पत्रमा उठाएका प्रसंगहरूमा गर्दैछु, जसमा मैले डा. चैतन्य मिश्रबाट केही प्रश्नहरूको जवाफ मागेको थिएँ र मूल्यांकनलाई कम्तिमा पाक्षिक प्रकाशनको लागि सुझाव दिएको थिएँ ।

शहीद सूर्यनाथ यादवको स्मृति दिवसको सन्दर्भमा मुक्ता श्रेष्ठद्वारा लिखित 'यसरी बाँचिरहेको छ, एक क्रान्तिकारी नेताको परिवार' अति नै मार्मिक लाग्यो । सामाजिक परिवर्तनमा आस्था राख्ने, आर्ट मुभीमा झुकाव राख्ने चलचित्र निर्माता निर्देशक, संस्कृतिकर्मीहरूले यस्ता विषयमा चलचित्र निर्माण र नाट्यमंचन गर्ने प्रेरणा लिउन् । गोविन्द वर्तमानद्वारा लिखित 'एउटा व्यक्तित्वको कायाकल्प' संस्मरण एउटा जीवन्त र सन्तुलित मूल्यांकन लाग्यो । यसबाट उहांको लेखनमा परिपक्वता झल्किन्छ । डा.डी.बी. सिंह मेरा पनि पुराना वैचारिक मित्र र मानवीय मित्र हुनुहुन्छ । जसरी हिन्दी वाङमयमा महापण्डित राहुल सांकृत्यायनलाई एउटा सिद्धहस्त जीवनी लेखकका रूपमा चिनिन्छ, त्यसरी नै गोविन्द वर्तमानले त्यस दिशातिर पाइला चाले समाजलाई एउटा महत्वपूर्ण योगदान हुने थियो ।

*- मोहन गुरुङ्*
*पोखरा ।*

## मूल्यांकन संग्रहणीय बनोस्

पूर्णाङ्क ९४ समयमै हात पऱ्यो । म यस अंकबारे केही प्रतिक्रिया दिँदैछु :

-मेरो विचारमा भारतको कमजोर मुलुकप्रतिको हेपाहा प्रवृत्ति र पाकिस्तानमा अतिवादी मुस्लिमहरूको धार्मिक अन्धताको अन्त्य नभएसम्म भारत-पाकिस्तान विवाद जारी रहन्छ ।

-दीपक वैद्यले सार्क शिखर सम्मेलनको यथार्थरूपमा चिरफार गर्नुभएकोले बधाइ दिन चाहन्छु । दीपक वैद्यकै विचारसँग सहमत हुँदै के भन्न सकिन्छ भने, ४० करोडको महँगो सार्क शिखर सम्मेलन कसका लागि के कति मात्रामा सफल भयो ? यो साँच्चिकै लेखाजोखाको विषय हो ।

-दीपक वैद्यको लेखमा सार्कका सदस्य राष्ट्रहरूले व्यहोर्ने खर्च त्रुटीपूर्ण छ । यसमा भारतले ३२.८५ प्रतिशत, पाकिस्तानले २३.१ प्रतिशत, नेपाल, श्रीलंका र वंगलादेश प्रत्येकले ११.३५ प्रतिशत र भुटान र माल्दिभ्सले ५-५ प्रतिशत होइन र ? यो गल्ती कसको ? लेखको वा सन्दर्भ स्रोतको । कि मूल्यांकनको ? आगामी अंकमा यस्ता गल्तीहरू नदोहोऱ्याउन् ।

-सुरेश आचार्यको प्रजातन्त्रको चिन्ता वा सत्ताको खेल भन्ने शीर्षकमा नेपालको इतिहासमै सबभन्दा असफल प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको कथित वृहत प्रजातान्त्रिक एकता केवल सत्तालिप्साको खेलमात्रै हो भन्ने लाग्छ ।

-हरिगोविन्द लुईटेलको माले-एमाले एकता कसका लागि ? जनताको लागि ? राजनैतिक स्वार्थको लागि ? वा इतर प्रमुख वामपन्थी शक्तिको रूपमा उदय भएको माओवादी शक्तिलाई निस्तेज पार्नको लागि ? हिजोसम्म पानी बराबरको स्थितिमा पुगेको कथित एकताको गाला चाटचाटको उमेरको हदबन्दी कतिसम्म ? जनता र कार्यकर्तालाई सधैँको जसो भकुण्डो बनाउने खेलको अन्त्य हुन सक्तैन ?

-प्रत्युष वन्तले देख्नुभएको एफ.एम. रेडियोको परिवर्तनको संकेत के हो ? स्वस्थ मनोरंजन, स्वास्थ, शिक्षा, विज्ञान र प्रविधिमुलक कार्यक्रम, सार्थक जनमुखी र जीवनमुखी कार्यक्रमहरूको एफ.एम.मा अझै खडेरी छ । यस्ता कार्यक्रमविनाको पब्लिक संस्कृति भनेको के हो ? यस अर्थमा सगरमाथा एफ.एम. भने केही मात्रामा लागिपरेको छ । अन्यथा, अल्लारे युवा-युवतीको अलाप-सलापको अखडा एफ.एफ.मा अझै नहोला भन्न सकिन्न ।

अन्य स्तम्भ राम्रै छन् ।

मूल्यांकन साप्ताहिक पत्रिकाजस्तो नभै गहन विचार तथा साहित्यिक सामग्री लिएर संग्रहनीय मासिकको रूपमा आएमा राजनैतिक मुखपत्रको आरोपबाट छुट्कारा पाउँथ्यो कि ?

*- सूर्य विनोद कुईकेल*
*नुवाकोट, रामति ।*

## आवरणले झुक्याएजस्तो लाग्यो

'मूल्यांकन' मासिकका प्रायः सबै अंकहरूका आवरण तस्वीर चित्ताकर्षक नै पाइन्छ । पछिल्लो अंक पूर्णाङ्क ९४ पनि कम आकर्षक थिएन । युद्ध तयारीमा रहेका शाही सेनाका शक्तिलाई उजिल्याउन त्यो तस्वीर पूर्णसक्षम थियो । हेर्दैमा 'पाकेको मिठो फल' झै मानी लोभिएर पाठकहरूले 'मूल्यांकन' किनिहाल्छन्, तर विडम्बना, बीस रूपियाँ तिरी आफ्नो बनाएको 'मूल्यांकन'को आवरण पृष्ठबाहेकका भित्री पृष्ठको कागज A ग्रेडको पाइदैन ।

*- केशव क्षितिज*
*चन्द्रनिगाहपुर- १, क्षितिज स्टेशनरी, रौतहट ।*

## संकटकाल लम्ब्याउनु भनेको देशलाई टाट पल्टाउनु हो

पूर्णाङ्क ९४ समयमा नै पढ्न पाइयो । गत अंकमा प्रकाशित वर्तमान परिस्थितिमा नेपाल सरकारले देशमा संकटकाल लगाएपछि कसको कति क्षति र देशमा सेनाको अपरेशन कसरी बढ्दैछ भन्ने विषयहरू अत्यन्तै समय सान्दर्भिक छन् । तर सरकार तथा देशलाई विकासको अग्रगतितर्फ डोऱ्याउने जनआदेश पाएको नेपाली कांग्रेसले यो परिस्थितिमा माओवादीलाई मार्ने वा निशस्त्र पार्ने भन्दैमा संकटकाल लम्ब्याउने हो भने, समस्या समाधान हुनुको साटो झन् विकराल हुनेछ । त्यसैले संकटकाल बढाउनु भनेको देशलाई टाट पल्टाउने दिशातर्फ उन्मुख गराउनु हो ।

*- आर.सि. पौडेल*
*बिनामारे- ५, बाग्लुङ्ग ।*

## प्रगतिशील मिडियाको अभाव छैन

मूल्यांकनको पूर्णाङ्क ९३ को बहस स्तम्भमा मिडिया विश्लेषक एवं इतिहासविद् डा. प्रत्यूष वन्तले 'प्रगतिशील मिडिया खोइ ?' शीर्षकमा केही प्रश्नहरू उठाउनुभएको छ । प्रश्नहरू अत्यन्तै सान्दर्भिक एवं गहन छन् । सोही सन्दर्भमा मलाई पनि केही आफ्नो विचार राख्न मन लागेको हुँदा प्रस्तुत गरेको छु ।

१) प्रगतिशील मिडिया खोइ ? भनेर प्रत्यूष वन्तले कुनै कम्युनिष्ट पार्टी वा विचारधाराको मिडिया भन्नुभएको हो भने पनि कम्युनिष्ट पार्टी र विचारधाराप्रति आस्थावान प्रकाशनहरू नेपालमा प्रशस्त छन् र ती पत्रिकाहरूको 'प्रचार' र 'विज्ञापन' नहुँदा वा कम हुँदा पनि प्रशस्तै बिक्री भएका छन् । केही पत्रिकाहरू नाफा कमाउन नसकेतापनि आत्मनिर्भर छन् । त्यसलाई जापानी व्यवस्थापनको भाषामा भन्ने हो भने ती प्रकाशनहरूमा 'काइजान' ९प्वक्षब्ल० को सिद्धान्त लागु भएको छ । कुरा के भने, ती कतिपय पत्रिकाहरू प्रचारमा आउन र प्रचार गर्न भने जान्दैनन् ।

२) कम्युनिष्ट विचारप्रति आस्था राख्ने मिडिया भन्नासाथ त्यसको बिक्री, स्रोता वा पाठक अत्यन्तै न्यून छन् भन्ने धारणाले गैर कम्युनिष्ट क्षेत्रमा बलियो जग हालेको छ । तर कुरो त्यसो होइन । बजारकै दृष्टिकोणले पनि कम्युनिष्ट समर्थित विचारको नेपालमा राम्रै बजार छ । तर फेरि पनि कम्युनिष्ट विचारधारा लिई निकालिइएका प्रकाशनहरूमा साजसज्जा, प्रचारबाजी र विज्ञापनदाताहरूको आकर्षण भने कम छ वा अझ छँदैछैन ।

३) मैले भन्नुपर्दा 'प्रगतिशील' भनेको सापेक्षित कुरा हो । प्रत्यूष वन्त आफैं प्रगतिशील व्यक्ति हुनुहुन्छ । आम-नेपाली समाजमा समाजको प्रगति चाहने 'प्रजातान्त्रिक' विचारप्रति आस्थावान व्यक्ति पनि प्रगतिशील नै हुन् । यस अर्थमा 'प्रगतिशील मिडिया'को कमी छ, अभाव छैन । प्रगतिशील मिडियाको महत्वपूर्ण दायित्व र समस्या के चाहिं हो भने, त्यो मिडिया सरकारी हुण्डी खाएर संचालन हुन चाहँदैन र बजार छ भन्दैमा उसलाई नपचेको कुरा पस्कन सक्दैन । त्यस्तो काम तपाईंजस्ता उच्च विचार भएका विद्वानहरूले पनि गर्न सक्नुहुन्न ।

*- आर. के. मानन्धर*
*नैकाप, काठमाण्डौं ।*

# DUCKHAMS






अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल









**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

बन्दिपुर, भीमफेदी र पोखराको विकास र विनासको कथा सहित डा. सुदर्शन तिवारी, स्टीफन माइकसेल र टोनी हागनको विश्लेषण ।
थप अनुसन्धान, टिप्पणी र समीक्षा सहित

**नयाँ अंक बजारमा**






**विकास**
सामाजिक विकासमा बहस

विकास पत्रिकाको आफ्नै राजनीतिक दर्शन छ । यो दर्शन पार्टीको निर्देशन अनुसार चल्ने दर्शन पनि होइन र मुनाफा कुम्ल्याउने इच्छाबाट चल्ने दर्शन पनि होइन । यस अर्थमा यसको दर्शन प्रशंसनीय छ ।

मानवशास्त्री मेरी डेशेन

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

हिमाल स्टील

NS - Quality Award - 2001

द्वारा सम्मानित



विगत ४० वर्ष देखिको तपाईंको विश्वासको प्रतिफल स्वरूप
हिमाल स्टीलको उत्पादन, वितरण र बजार व्यवस्थापनमा
हामीले कायम गर्दै आएको उच्च गुणस्तरको लागि
ISO 9002 प्रमाण पत्र प्राप्त गरेपछि अब हाम्रो मार्क अंकित

Deformed Steel Bars for concrete Reinforcement (8 mm to 32 mm)

फलामे डण्डीको गुणस्तरीय उत्पादनका लागि

NS - Quality Award - 2001

प्राप्त गर्न सफल भएका छौं ।

ज्योति
हिमाल आयरन एण्ड स्टील (प्रा) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४